सूर्यगढी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

# शिक्षा, युवा तथा खेलकुद शाखा

नुवाकोट

बागमती प्रदेश

प्रकाशक : सूर्यगढी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

शिक्षा, युवा तथा खेलकुद शाखा

चोकदे, नुवाकोट

© सर्वाधिकार:प्रकाशकमा सुरक्षित

प्रथम पटक प्रकाशन ::२०७९ असार

मुद्रण प्रति :२०० प्रति

**प्रमुख सल्लाहकारहरू**

| | |
|---|---|
| १. श्री सन्त बहादुर घले (तामाङ्) | गाउँपालिका अध्यक्ष |
| २. श्री मन्जु बुढाथोकी (ढकाल) | गाउँपालिका उपाध्यक्ष |
| ३. श्री धनेन्द्र भुजेल | प्रमुख प्रशासकीय अधिकृत |

**लेखन समिति सदस्यहरू**

नवराज पुरीः संयोजक
हितलाल तामाङः सदस्य
जीवन प्याकुरेल सदस्य
जनार्दन अधिकारीः सदस्य
रामकृष्ण खकुरालः सदस्य
बलराम गिरीः सदस्य
चतुसन अधिकारीः सदस्य
मदन के.सी. सदस्य
रमेश गिरीः सदस्य सचिव

**भाषा सम्पादन**
रमेश गिरी

**टाइपिङ**
मदन के.सी.

# दुई शब्द

शिक्षाले मानिसका अन्तर्निहित क्षमतालाई प्रस्फुटन गर्न सहयोग गर्दछ। समाज सुधार गर्न तथा मानिसलाई असल र चरित्रवान् बनाउन शिक्षाको भूमिका महत्वपूर्ण मानिन्छ। शिक्षालाई बदलिँदो परिवेश सुहाउँदो तथा मानवीय इच्छा र आकाङ्क्षालाई आत्मसात गर्न सक्ने हैसियतले विकास गर्नु आजको आवश्यकता हो ।

आधारभूत तह (कक्षा १-८) मा पठनपाठन हुने गरी हाम्रो सूर्यगढी नामक स्थानीय पाठ्यक्रम प्रकाशन गरेको कुराले मलाई साह्रै खुसी बनाएको छ। सूर्यगढी गाउँ शिक्षा समितिको बैठकमा पारित सूर्यगढी सूर्यगढी नामक स्थानीय विषयमा निर्धारण गरिएका आठओटा विषयक्षेत्र (थिम) हरू सूर्यगढी गाउँपालिकाको स्थानीय परिवेश सुहाउँदो र जन चाहनाअनुसारका छन्। सूर्यगढीबासीहरूका चालचलन, रीतिरिवाज, संस्कार, पेशाहरू तथा मौलिक प्रविधिहरूको विकास तथा प्रबर्द्धनमा विद्यार्थीहरूलाई जागरुक तथा उत्साहित गर्ने खालका विषयवस्तुहरू संयोजित छन्। यस पाठ्यक्रममा विद्यार्थीहरूलाई कामको संसारमा रमाउने तथा पढ्दै कमाउँदै कार्यक्रमलाई प्रोत्साहित गरिएको छ। यस पाठ्यक्रमलाई कुशलतापूर्वक प्रयोग गर्नु हरेक शिक्षा सरोकारवालाहरूको जिम्मेवारी हुनेछ। पाठ्यक्रम केवल कक्षाकोठामा मात्रै सीमित नगरी घरपरिवार तथा समुदायमा व्यवहार परिवर्तन गर्न सकिने ध्येयका साथ विकास गरिएको छ ।कार्यदलले पारित गरेको मस्यौदा पाठ्यक्रमलाई सूर्यगढी गाउँपालिका भित्रका शिक्षा सरोकारवाला, विषय विज्ञहरूको व्यापक छलफल तथा विमर्शबाट पुनः परिष्कार, परिमार्जन तथा संशोधन गरी समयानुकुल परिवर्तन गरिनेछ। यो स्थानीय पाठ्यक्रम शैक्षिक सत्र २०७९ देखि सबै सामुदायिक तथा संस्थागत विद्यालयमा अनिवार्य लागु गरिने छ। पाठ्यक्रम कार्यान्वयनका क्रममा पाठ्यक्रमले निर्देश गरेका कुराहरूलाई अनिवार्य अवलम्बन गर्नु पर्नेछ । कार्यान्वयनका क्रममा देखा पर्ने कमी कमजोरीहरूलाई सुधार गर्दै लगिने छ ।

प्रमुख प्रशासकीय अधिकृत धनेन्द्र भुजेल, शिक्षा शाखा अधिकृत नवराज पुरी, प्रा.स. शिक्षा मदन के.सी. र शिक्षा सहजकर्ता, रमेश गिरी लेखन तथा सम्पादनको जिम्मेवारी लिने मस्यौदा समितिका सदस्यहरु, कार्यपालिकाका सदस्यहरू, गाउँ शिक्षा समितिका सदस्यहरू, सम्पूर्ण प्र.अ. ज्यूहरू, कार्यदलका सदस्यहरू, स्थानीय विज्ञहरूलगायत सम्पूर्णअभिभावकहरू तथा यो पाठ्यक्रम निर्माण कार्यमा रचनात्मक सल्लाह, सुझाव दिने सम्पूर्ण महानुभावहरू सबैलाई सूर्यगढी गाउँपालिकाको तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

सन्त बहादुर घले (तामाङ)

अध्यक्ष

# प्राक्कथन

विद्यालय तहको शिक्षामा नेपाल सरकारबाट स्वीकृत गरेको पाठ्यक्रमको आधारमा पठनपाठन गर्नुपर्ने कानुनी र नीतिगत प्रावधान रहेको छ। नेपाल सरकारबाट स्वीकृत विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ अनुसार शैक्षिक सत्र २०७७ देखि कक्षा १ र कक्षा ११ तथा शैक्षिक सत्र २०७८ देखि कक्षा १, कक्षा २, कक्षा ३, कक्षा ६ र कक्षा १२ मा नयाँ पाठ्यक्रम स्वीकृत भई सोअनुसार पठनपाठन भइरहेको छ ।

नेपाल सरकारबाट स्वीकृत भएका पाठ्यक्रम सम्बद्ध प्रावधानहरूमा स्थानीय आवश्यकता, स्थानीय सन्दर्भ, स्थानीय विषयवस्तु, स्थानीय रुचिको आधारमा स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्नुपर्ने हुन्छ। सोहीअनुसार सूर्यगढी गाउँपालिकाको प्रधानाध्यापक बैठकबाट स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयनको लागि २०७८ असोज १ गते स्थानीय पाठ्यक्रम निर्माण समिति गठन भएको थियो । कक्षा ६ देखि ८ मा कम्प्युटर विषय पठनपाठन गर्ने सुझाव अनुसार कम्प्युटर विषय पठनपाठन भएको र कक्षा १ देखि ५ सम्म पनि अंग्रेजी विषय पठनपाठन गर्नको लागि सुझाव आएअनुसार कक्षा १ देखि ५ सम्म अंग्रेजी तथा कक्षा ६ देखि ८ सम्म कम्प्युटर विषयलाई इच्छाधिन विषयको रुपमा पठनपाठन हुँदै आएको थियो ।

सूर्यगढी गाउँपालिकाका विद्यालयहरूको प्र.अ. बैठकबाट २०७८ असोज १ गते ९ सदस्यीय पाठ्यक्रम निर्माण समिति गठन गरियो । ९ सदस्यीय निर्माण समितिको मिति २०७९ जेठ ९ गतेको निर्णयअनुसार मस्यौदा लेखन, छलफल, परिमार्जन, सुधार गरी शिक्षा समिति, वडा अध्यक्षहरु, जनप्रतिनिधि, सरोकारवालाहरुको बिचमा छलफल गरी सूर्यगढी गाउँपालिका, गाउँ कार्यपालिकाबाट शैक्षिक सत्र २०७९ देखि सबै विद्यालयमा लागु गर्ने गरी प्रकाशन गर्ने निर्णयभएअनुसार हाम्रो सूर्यगढी , स्थानीय पाठ्यक्रम (कक्षा १-८) प्रकाशन गरिएको छ ।

शिक्षा प्रणालीको मेरुदण्ड र मार्गदर्शक दस्तावेजको रूपमा पाठ्यक्रम रहेको हुन्छ । विद्यालयका सबै शैक्षिक गतिविधिहरू पाठ्यक्रमले निर्देशन गरेअनुसार हुनुपर्ने हुन्छ । राष्ट्रिय पाठ्यक्रमले तोकेको मापदण्ड र ढाँचाअनुसार स्थानीय पाठ्यक्रम निर्माण गर्नुपर्ने हुन्छ । तोकिएको ढाँचा र पद्धतिअनुसार पाठ्यक्रम निर्माणको लागि सूर्यगढी गाउँपालिकाका विद्यालयमा कार्यरत विज्ञ शिक्षकहरूको सहभागितामा हाम्रो सूर्यगढी नामक स्थानीय पाठ्यक्रम निर्माण भएको हो ।

यो पाठ्यक्रम निर्माण कार्यमा लामो समय शिक्षण पेशामा आबद्ध शिक्षक समुदायकै भूमिका निर्णायक रहेको छ । सूर्यगढी गाउँपालिका अन्तर्गत शिक्षा, युवा तथा खेलकुद शाखाले त्यसको औपचारिक नेतृत्वमात्र गरेको हो । यस पाठ्यक्रम निर्माण कार्यमा नीतिगत रुपमा निर्देशन दिनुहुने गाउँपालिका अध्यक्ष सन्त बहादुर घले (तामाङ), गाउँपालिका उपाध्यक्ष मञ्जु बुढाथोकी (ढकाल), प्रमुख प्रशासकीय अधिकृत धनेन्द्र भुजेल, गाउँ शिक्षा समितिका पदाधिकारीहरू, पाठ्यक्रम निर्माण समितिका सम्पूर्ण सदस्यहरू, प्रधानाध्यापक, जनप्रतिनिधि, सरोकारवालाहरू लगायत सबै सम्बद्ध पक्षहरूमा हार्दिक आभार तथा कृतज्ञता प्रकट गर्दछौं। स्वीकृत पाठ्यक्रमअनुसार आवश्यक पाठ्यपुस्तक लगायत सन्दर्भ सामग्रीहरू निर्माण कार्यमा पनि सूर्यगढी गाउँपालिका, नुवाकोटबाट आगामी दिनमा थप पहल हुने नै छ । हाम्रो सूर्यगढी पाठ्यक्रम शैक्षिक सत्र २०७९ देखि सबै विद्यालयहरूमा पूर्ण कार्यान्वयन हुने अपेक्षा गर्दछौं । पाठ्यक्रमको सान्दर्भिकता यसको प्रयोग पछि मात्र अवगत हुन्छ। यस पहिलो सस्करणमा कतिपय विषयवस्तुमा, भाषिक शुद्धता, क्षेत्र, क्रम लगायतका विषयमा कमिकमजोरी भएको हुन सक्दछ। यसलाई आगामी साल अझ परिष्कृत बनाउन सम्पूर्ण जनप्रतिनिधि, शिक्षक, अभिभावक, विद्यार्थी, स्थानीय विज्ञ आदिबाट महत्वपुर्ण सुझावको अपेक्षा गर्दछौ। साथै यस पाठ्यक्रम कार्यान्वयनको लागि

निर्माण गरिने पाठ्यपुस्तक, शिक्षक निर्देशिका लगायतका सामग्रीको विकासमा पनि यहाँहरुको सहयोग रहने अपेक्षा गर्दछौ। अपेक्षा गरे अनुसार पाठ्यक्रम कार्यान्वयनमा सम्बद्ध सरोकारवालाहरू सबैको सहयोगको लागि हार्दिक अनुरोध गर्दछौं ।

वि.सं. २०७९, असार

सूर्यगढी गाउँपालिकाका
गाउँ कार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा
नुवाकोट

# विषयसूची


| शीर्षक | पेज |
|---|---|
| परिचय | १ |
| विद्यालय शिक्षाको राष्ट्रिय उद्देश्य | २ |
| स्थानीय पाठ्यक्रम निर्माणको औचित्य | ३ |
| सक्षमता / उद्देश्य | ४ |
| विषयक्षेत्र/थिमअनुसारको अनुमानित कार्यघण्टाको समष्टिगत तालिका | ६ |
| कक्षागत सिकाइ उपलब्धि | ७ |
| कक्षागत सिकाइ उपलब्धि कक्षा १-३ | ७ |
| कक्षागत सिकाइ उपलब्धि कक्षा ४-५ | ११ |
| कक्षागत सिकाइ उपलब्धि कक्षा ६-८ | १४ |
| विषयगत क्षेत्र र क्रम | १७ |
| विषयवस्तुको क्षेत्र र क्रम कक्षा १-३ | १७ |
| विषयवस्तुको क्षेत्र र क्रम कक्षा ४-५ | १९ |
| विषयवस्तुको क्षेत्र र क्रम कक्षा ६-८ | २० |
| विषयवस्तु विस्तृतीकरण | २३ |
| कक्षा १ | २३ |
| कक्षा २ | ३१ |
| कक्षा ३ | ४० |
| कक्षा ४ | ५० |
| कक्षा ५ | ५८ |
| कक्षा ६ | ६६ |
| कक्षा ७ | ७३ |
| कक्षा ८ | ७९ |
| सिकाइ सहजीकरण प्रक्रिया | ८६ |
| मूल्याङ्कन प्रक्रिया | ८८ |
| विशिष्टीकरण तालिका | ९६ |
| सन्दर्भ सूची | ९७ |

## १. परिचय

पाठ्यक्रम शैक्षिक कार्यक्रमको व्यापक योजना हो । पाठ्यक्रमले सम्पूर्ण शैक्षिक गतिविधिहरूको नेतृत्व गरेको हुन्छ । मानवीय जीवनमा देखापर्ने विविध प्रकारका समस्या र चुनौतीहरूको समाधान गर्नका लागि मार्ग निर्देशन समेत गर्दछ । राष्ट्रले निर्धारण गरेको शिक्षा प्रणालीलाई उपयुक्त गति दिनुका साथै सान्दर्भिक दिशा निर्देशसमेत गर्नमा पाठ्यक्रमको भूमिका महत्त्वपूर्ण मानिन्छ । यसले देश विकासको आधारशिला तयार गर्दछ ।स्थानीय पाठ्यक्रम स्थानीय स्तरका स्रोत र साधनहरूलाई दृष्टिगत गरी स्थानीय स्तरमा विकास गरिने शिक्षण सिकाइको विस्तृत योजना हो । यसको निर्माण तथा विकास गर्ने क्रममा राष्ट्रिय पाठ्यक्रमले निर्देश गरेका प्रक्रियाहरू पूरा गर्नुपर्दछ । स्थानीय स्तरका आवश्यकता र अपेक्षाहरू राष्ट्रिय पाठ्यक्रमले परिपूर्ति गर्न नसक्ने भएकाले यस किसिमका पाठ्यक्रमको आवश्यकता महसुस भएको हो । स्थानीय स्तरका ज्ञान, सिप र प्रविधिहरूको पहिचान, संरक्षण र सम्बर्द्धन सम्बन्धी समग्र दृष्टिकोण राष्ट्रिय पाठ्यक्रममा समावेश गर्न नसकिने परिस्थितिले समेत यसको महत्त्व बढाएको हो ।

स्थानीय स्तरको विशिष्ट कला, संस्कृति, चाडपर्व, व्यवसाय, मौलिक उद्योग, प्राकृतिक तथा सांस्कृतिक सम्पदाहरूको बोध गराउने र तिनीहरूको संरक्षण तथा सदुपयोगका लागि उचित मार्गचित्र तयार गर्न यसको भूमिका महत्त्वपूर्ण रहेको छ। नेपालको बागमति प्रदेश नुवाकोट जिल्ला अन्तर्गत सूर्यगढी गाउँपालिका अवस्थित छ। यस गाउँपालिकामा विशिष्ट कला, संस्कृति, मौलिक प्रविधि, रीतिरिवाज, भेषभूषा, संस्कार, पेशाहरू विद्यमान रहेका छन्। स्थानीय व्यवसायका रूपमा यहाँका मानिसहरू पशुपालन, तरकारी खेती, स्थानीय उद्योगहरूबाट निर्मित वस्तुहरू बिक्री वितरण गर्दछन्। स्थानीय जडिबुटीहरूको संरक्षण तथा सम्बर्द्धन गर्न सके सूर्यगढी गाउँपालिकाको आम्दानीमा वृद्धि गर्न सकिने सम्भावना पनि रहेको छ। सूर्यगढी गाउँपालिकाको सामाजिक, सांस्कृतिक, धार्मिक, ऐतिहासिक, प्राकृतिक सम्पदाहरूको पहिचान र तिनीहरूको संरक्षणसम्बन्धी विषयवस्तुहरूलाई पनि यस स्थानीय पाठ्यक्रममा समावेश गरिएको छ । गाउँपालिकाभित्र देखिने विभिन्न खाले दुर्व्यसनहरू, विद्यालय छाड्ने कारण र व्यक्तित्व विकासका विषयवस्तुहरूलाई समाविष्ट गरिएको छ ।

## २. विद्यालय शिक्षाको राष्ट्रिय उद्देश्य

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ अनुसार विद्यालय शिक्षाका राष्ट्रिय उद्देश्यहरू निम्नानुसार रहनेछन् :

(क) प्रत्येक व्यक्तिमा अन्तर्निहित प्रतिभा प्रस्फुटन गरी व्यक्तित्व विकास गर्ने,

(ख) सङ्घीय लोकतान्त्रिक गणतन्त्रका मूल्य तथा मान्यताप्रति प्रतिबद्ध राष्ट्र र राष्ट्रियताप्रति बफादार, स्वाभिमानी, सामाजिक तथा सांस्कृतिक विविधतालाई सम्मान गर्ने, चरित्रवान्, नैतिकवान् एवम् जिम्मेवार नागरिक तयार गर्ने,

(ग) श्रमप्रति सम्मान एवम् सकारात्मक सोच भएका, रोजगार तथा स्वरोजगार उन्मुख, उत्पादनशील, उद्यमशील र सिपयुक्त नागरिक तयार गर्ने,

(घ) व्यक्तिको सामाजिकीकरणमा सहयोग गर्दै सामाजिक सद्भाव तथा सहिष्णुता र राष्ट्रिय एकता सुदृढ गर्न सहयोग पुर्‍याउने,

(ङ) प्राकृतिक तथा राष्ट्रिय सम्पदा र पर्यावरणको संरक्षण, संवर्धन र सदुपयोग गर्दै दिगो विकासमा योगदान गर्ने सचेत नागरिक तयार गर्ने,

(च) प्रत्येक व्यक्तिमा शान्ति, मानव अधिकार, समानता, समावेशिता र सामाजिक न्यायका मान्यताअनुरूपको आचरण विकास गरी समतामूलक, समावेशी, न्यायपूर्ण र समाजवादउन्मुख राष्ट्र निर्माणमा मद्दत गर्ने,

(छ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी, आधुनिक सूचना तथा सञ्चार प्रविधि प्रयोग गर्न सक्ने विश्वपरिवेश सुहाउँदो दक्ष जनशक्ति तयार गर्ने,

(ज) वैज्ञानिक अवधारणा, तथ्य, सिप, सिद्धान्त तथा प्रविधिको प्रयोग गर्न सक्ने वैज्ञानिक सुझबुझ भएका र खोज तथा अनुसन्धानमुखी जनशक्ति तयार गर्ने,

(झ) रचनात्मक तथा समालोचनात्मक चिन्तन गर्ने, जीवनोपयोगी सिप भएका, सहिष्णु र भाषिक सक्षमतामा निपूर्ण नागरिक तयार गर्ने,

(ञ) नेपाली मौलिक कला, संस्कृति, सौन्दर्य, आदर्श तथा वैशिष्टयहरूको संरक्षण, सम्बर्द्धन र विस्तारतर्फ अभिप्रेरित भई नेपाली पहिचानप्रति गौरव गर्ने नागरिक तयार गर्ने,

(ट) जलवायु परिवर्तन तथा प्राकृतिक एवम् मानव सिर्जित प्रकोपप्रति सचेत रही सम्भावित जोखिम न्यूनीकरण तथा विपद् व्यवस्थापन गर्न सक्षम नागरिक तयार गर्ने,

(ठ) सामाजिक न्यायमा आधारित समृद्ध राष्ट्र निर्माणका निम्ति आवश्यक मानव संसाधनको विकास गर्ने ।

# ३. स्थानीय पाठ्यक्रम निर्माणको औचित्य

स्थानीय सरकार सन्चालन ऐन, २०७४ को परिच्छेद ३ को गाउँपालिका तथा गाउँपालिकाको काम,कर्तव्य र अधिकारअन्तर्गत दफा ११ (ज) को आधारभूत र माध्यमिक शिक्षासँग सम्बन्धित २३ वटाअधिकारमध्ये१८ औं बुँदाको अधिकारले स्थानीय स्तरको शैक्षिक ज्ञान, सिप र प्रविधिको संरक्षण, प्रवर्द्धन स्तरीकरण गर्ने कुरा उल्लेख गरिएको छ । यसैगरी उक्त ऐनको बुँदा नं. २० मा माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन गर्ने अधिकार निर्धारण गरिएको छ । नेपालको संविधान, २०७२ को धारा५१को राज्यका नीतिहरूअन्तर्गत नागरिकका आधारभूत आवश्यकतासम्बन्धी नीतिमा शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सिपमूलक, रोजगारमूलक एवं जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवं राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने कुरा उल्लेख गरिएको छ । त्यसैगरी उक्त संविधानको अनुसूची ८ मा स्थानीय तहको अधिकारको सूचीमा आधारभूत तथा माध्यमिक शिक्षालाई समेत राखिएको छ । यसलाई व्यवहारतः कार्यान्वयनका लागि स्थानीय पाठ्यक्रममार्फत् समाजमा रहेका स्थानीय पेशा, मौलिक प्रविधि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदालाई जगेर्ना गर्ने प्रकृतिको ज्ञान, सिप र प्रविधि विद्यार्थीलाई दिनु जरुरी छ । आधारभूत शिक्षा (कक्षा १-३) पाठ्यक्रम, २०७६ ले १६० वार्षिक पाठ्यघण्टा, आधारभूत शिक्षा (कक्षा ४-५) पाठ्यक्रम, २०७८ र आधारभूत शिक्षा (६-८) पाठ्यक्रम, २०७७ ले वार्षिक १२८ पाठ्यघण्टा शिक्षणसिकाइ गर्ने गरी स्थानीय विषय पाठ्यक्रमको व्यवस्था गरेको छ । उक्त पाठ्यक्रमहरू स्थानीय विषय अन्तर्गत मातृभाषा, स्थानीय इतिहास तथा संस्कृति, संस्कृत भाषा र स्थानीय ज्ञान, सिप, कला तथा प्रविधिमा आधारित विषयसँग सम्बन्धित क्रियाकलापहरू गराउन सक्ने व्यवस्था गरिएको छ । यसका साथै स्थानीय विषयकोपाठ्यक्रम र पाठ्यसामग्री विद्यालयले स्थानीय तहको सहयोग र समन्वयमा स्थानीय विज्ञ तथा अभिभावकको संलग्नतामा विकास गरी कार्यान्वयनमा ल्याउन सक्ने कुरा स्पष्ट गरिएको छ । पन्ध्रौं योजना (२०७६/०७७-२०७९/०८०) ले स्थानीय पाठ्यक्रम सम्बन्धमा यस्तो व्यवस्था गरेको छ : "सबै तहको शिक्षामा गुणस्तर सुनिश्चित गर्ने रणनीतिलाई विद्यालय शिक्षाको पाठ्यक्रम र पाठ्यपुस्तक समयानुकूल परिमार्जन गर्नुका साथै आधारभूत तहको कक्षा १-३ को एकीकृत पाठ्यक्रम कार्यान्वयन गर्दै आधारभूत तहको शिक्षण सिकाइका लागि आवश्यकताअनुसार माध्यम भाषाको रुपमा मातृभाषा वा स्थानीय भाषा वा नेपाली भाषा प्रयोग गर्ने व्यवस्था मिलाई संघीय तहबाट तोकिएको मापदण्ड बमोजिम विद्यालय तहको स्थानीय पाठ्यक्रम तथा पाठ्य सामग्री स्थानीय तहबाट विकास गर्ने गरी स्थानीय तहको क्षमता विकास गरिने छ ।"

**राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०६३ मा स्थानीय पाठ्यक्रमका सन्दर्भमा यस्तो अवधारणा आएको छ :**

(क) स्थानीय पाठ्यक्रमका सामान्य पथ प्रदर्शनका सिद्धान्त तयार गर्ने र त्यसैका आधारमा थप विषयवस्तु स्थानीय तहमा समावेश गर्ने,

(ख) केन्द्रीय पाठ्यक्रमको संरचनाका आधारमा निश्चित गरिएको पाठ्यभारका लागि विषयवस्तु छनौट देखि सम्पूर्ण प्रक्रिया स्थानीय तहमा नै विकास र व्यवस्थापन गर्ने,

(ग) स्थानीय तहमा नै स्थानीय परिवेश, व्यक्ति, समाज, राष्ट्र र विश्वव्यापी परिवेशलाई सम्बोधन गर्ने पाठ्यक्रमको विकास र व्यवस्थापन गर्ने ।

राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ मा स्थानीय पाठ्यक्रमका लागि कक्षा १ - ३ मा साप्ताहिक ५ पाठ्यघण्टा अर्थात् वार्षिक १६० घण्टा र कक्षा ४-८ मा यसका लागि ४ पाठ्यघण्टा अर्थात् वार्षिक १२८ घण्टा छुट्याइएको छ । उक्त प्रारूपमा स्थानीय पाठ्यक्रम सम्बन्धमा निम्नलिखित कुरा उल्लेख गरिएको छ :

(क) स्थानीय आवश्यकताको पहिचानमा स्थानीय तहमा पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास गरिने छ।

(ख) राष्ट्रिय पाठ्यक्रमको ढाँचाको आधारमा पाठ्यक्रमको स्थानीय तहमा अनुकूलन गरी स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास गरिने छ ।

(ग) स्थानीय पाठ्यक्रममा आवश्यकता अनुसार विषयवस्तुहरू परिमार्जन तथा सिकाइ उपलब्धिको मापन गर्ने कार्य स्थानीय तहबाट गरिने छ ।

(घ) स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रम निर्माण तथा कार्यान्वयन गर्दा बालकेन्द्रित, स्थानीय आवश्यकता मुखी हुने गरी लचकता प्रदान गरिने छ ।

(ङ) राष्ट्रिय पाठ्यक्रमको संरचना भित्र रही स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयनका लागि प्राविधिक तथा व्यवस्थापकीय रुपमा स्थानीय तहलाई सक्षम र जिम्मेवार बनाइने छ ।

(च) स्थानीय पाठ्यक्रम कार्यान्वयन, विद्यालयको वार्षिक कार्यक्रम, कक्षाकोठाको व्यवस्थापन तथा शैक्षणिक विधिका सम्बन्धमा विद्यालयले निर्णय लिने छ ।

(छ) स्थानीय पाठ्यक्रमको स्वीकृति प्रदेश वा स्थानीय तहमा रहने पाठ्यक्रम सम्बद्ध संरचनाबाट हुने छ।

यी सबै आधारहरूको जगलाई समातेर 'हाम्रो सूर्यगढी' विषयक स्थानीय पाठ्यक्रम निर्माण गर्नु आफैमा औचित्यपूर्ण कार्य रहेको छ ।

## ४. सक्षमता / उद्देश्य

**आधारभूत तह (कक्षा १ ३) को अन्त्यमा विद्यार्थीहरूमा निम्न सक्षमताहरू विकास हुनेछन् :**

(क) सूर्यगढी गाउँपालिकाको सामान्य जानकारी,

(ख) स्थानीय परम्परा, पेशा, व्यवसाय र प्रविधिको सामान्य पहिचान,

(ग) सामाजिक शिष्टाचार, व्यक्तिगत सरसफाई सम्बन्धी व्यवहार प्रदर्शन,

(घ) स्थानीय प्रविधि र सडक यातायात सम्बन्धी बोध,

(ङ) स्थानीय पर्यटकीय क्षेत्रहरूको सामान्य चिनारी ।

(च) स्थानीय खेतीपातीको सामान्य चिनारी

**आधारभूत तह (कक्षा ४-५) को अन्त्यमा विद्यार्थीहरूमा निम्न सक्षमताहरू विकास हुनेछन् :**

(क) नुवाकोट जिल्ला ,सूर्यगढी गाउँपालिकाको परिचय, सीमा, क्षेत्रफल सम्बन्धी बोध,
(ख) कृषि तथा पशुपालन सम्बन्धी आधुनिक व्यावसायिक ज्ञान,
(ग) सूर्यगढी गाउँ क्षेत्र भित्रका धार्मिक, सामाजिक, सांस्कृतिक, ऐतिहासिक सम्पदाहरूको पहिचान,
(घ) स्थानीय प्रविधि र सडक यातायात सम्बन्धी बोध,
(ङ) व्यक्तिगत सरसफाई सम्बन्धी चेतना र व्यवहार प्रदर्शन,
(च) शिष्टाचार, अभिवादन सम्बन्धी ज्ञान र प्रयोग,
**(छ)** स्थानीय पर्यटकीय क्षेत्रहरूको पहिचान र अभिव्यक्ति ।

**आधारभूत तह (कक्षा ६-८) को अन्त्यमा विद्यार्थीहरूमा निम्न सक्षमताहरू विकास हुनेछन् :**

(क) सूर्यगढी गाउँपालिकाको परिचय, सीमा, क्षेत्रफल, जनसंख्या तथा वनावट सम्बन्धी बोध तथा अभिव्यक्ति,

(ख) कृषि तथा पशुपालन सम्बन्धी आधुनिक व्यवसायिक ज्ञान तथा व्यवहारमा प्रयोग,

(ग) सूर्यगढी गाउँपालिका क्षेत्रभित्रका धार्मिक, सामाजिक, सांस्कृतिक, ऐतिहासिक सम्पदाहरू सम्बन्धी बोध, संरक्षण तथा सम्बर्द्धन,

(घ) स्थानीय प्रविधि, दुर्व्यसन, सडक यातायात सम्बन्धी नागरिक चेतना,

(ङ) वातावरण संरक्षण, सरसफाई, भूक्षय, वृक्षरोपण सम्बन्धी चेतना तथा व्यवहार प्रदर्शन,

(च) सदाचार, सद्व्यवहार, सहअस्तित्व, शिष्टाचारयुक्त व्यक्तित्व विकास तथा व्यवहार प्रदर्शन,

(छ) स्थानीय पर्यटकीय क्षेत्रहरूको पहिचान र अभिव्यक्ति ।

(ज) आधारभूत शिक्षाको आवश्यकता र औचित्य

## ५. विषयक्षेत्र / थिमअनुसारको अनुमानित कार्यघण्टाको समष्टिगत तालिका

| सि.नं. | क्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | सूर्यगढीको परिचय | २० | २० | २० | १६ | १६ | १६ | १६ | १६ |
| २ | स्थानीय पेशा व्यवसाय | ३० | ३० | ३० | २७ | २७ | २७ | २७ | २७ |
| ३ | पर्यटन विकास | १५ | १५ | १५ | ११ | ११ | ११ | ११ | ११ |
| ४ | नागरीक चेतना | २२ | २२ | २२ | १७ | १७ | १७ | १७ | १७ |
| ५ | हाम्रो वातावरण | १८ | १८ | १८ | १० | १० | १० | १० | १० |
| ६ | व्यक्तित्व विकास | १७ | १७ | १७ | १२ | १२ | १४ | १४ | १४ |
| ७ | मौलिक प्रविधि | १८ | १८ | १८ | १५ | १५ | १३ | १३ | १३ |
| ८ | हाम्रो संस्कृति | २० | २० | २० | २० | २० | २० | २० | २० |
| | जम्मा | १६० | १६० | १६० | १२८ | १२८ | १२८ | १२८ | १२८ |

## ६. कक्षागत सिकाई उपलब्धि

### ६.१ कक्षागत सिकाई उपलब्धि कक्षाः१-३

| क्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ |
|---|---|---|---|
| १. सूर्यगढीको परिचय | क. आफ्नो परिवार तथा आफू बसेको गाउँटोलको नाम भन्न,<br>ख)आफ्नो गाउँपालिका र आफू बस्ने वडाको नाम बताउन,<br>ग)आफ्नो स्थायी ठेगाना बताउन,<br>घ)आफ्ना वरपर रहेका गाउँ, नदि,खोला र बाटाको नाम बताउन,<br>ङ)आफु पढ्ने विद्यालयको नाम बताउन,<br>च) आफ्नो नजिक रहेको बजारको नाम बताउन, | क) आफ्नो गाउँपालिका र आफु बस्ने वडा र त्यस अन्तर्गत पर्ने टोलहरुको नाम बताउन,<br>ख)आफ्नो स्थायी ठेगाना बताउन,<br>ग) नुवाकोट जिल्लाको मानचित्रमा सूर्यगढी गाउँपालिका छुट्याउन,<br>घ) आफु बस्ने टोलमा सरकारी कार्यालय र विद्यालयको नाम भन्न,<br>ङ) आफु बस्ने टोलको सिमा बताउन,<br>च) आफु बस्ने गाउँ टोल अन्तर्गतका नदि, ताल , झरना र बाटाहरुको अवस्थीति बताउन, | क) सूर्यगढी गाउँपालिकाको भौगोलिक अवस्थाको सामान्य जानकारी दिन,<br>ख) आफ्नो स्थायी ठेगाना बताउन,<br>ग) नुवाकोट जिल्लाको नक्सामा सूर्यगढी गाउँपालिका छुट्याउन,<br>घ)आफ्नो वडामा रहेको सरकारी कार्यालय, विद्यालय तथा अन्य संघ संस्थाहरुको नाम बताउन,<br>ङ) आफु बसेको वडाको सिमा र क्षेत्रफल भन्न,<br>च) नुवाकोट जिल्ला र आफु बसेको गाउँपालिका र वडाको जनसंख्या बताउन,<br>छ) आफु बसेको टोलको डाँडाहरु, बनहरु, खोलाहरु र बेसीहरुको नाम भन्न,<br>ज) आफ्नो टोलको नामाकरण बारे भन्न, |
| २.स्थानीय पेशा व्यवसाय | क) आफ्नो आमाबुवा तथा अभिभाकले गर्ने काम बताउन,<br>ख) आफु बसेको टोलमा उत्पादन हुने खाद्य बालीहरुको नाम बताउन,<br>ग) गोबरमलको सामान्य चिनारी दिन,<br>घ) आफु बसेको टोलमा पालिने पशुहरुको नाम भन्न,<br>ङ) गाई भैसीहरुबाट प्राप्त हुने चिजहरुको नाम भन्न, | क)आफ्ना परिवारका सदस्यहरुले गर्ने काम बताउन,<br>ख)आफु बसेको टोलमा उत्पादन हुने खाद्यबाली र नगदेबालीको नाम भन्न,<br>ग) खाद्यबाली र नगदेबालीको उत्पादन हुने समय भन्न,<br>घ) जैविक खेतीको सामान्य परिचय दिन,<br>ङ) गोबरमलको सामान्य परिचय दिन,<br>च)गाई भैसी बाखा कुखुराहरुबाट उत्पादन हने चिजहरु बताउन,<br>छ) स्थानीय जडिबुटीहरुको नाम भन्न, | क) आफ्ना छिमेकीहरुले गर्ने कामहरु बताउन,<br>ख) आफु बसेको टोलमा उत्पादन हुने खाद्य बाली, नगदेबाली र फलफुलहरुको नाम बताउन,<br>ग) खाद्यबाली र नगदेबाली उत्पादन हुने समय भन्न,<br>घ) जैविक खेतिको सामान्य परिचय दिन र त्यसको फाइदा भन्न,<br>ङ) गोबरमलको सामान्य परिचय दिन र यसका फाइदा चर्चा गर्न,<br>च) गाई भैसी बाखा कुखुराहरुबाट उत्पादन हने चिजहरु बताउन<br>छ) स्थानीय जडिबुटिहरुबाट हुने फाइदाहरु बताउन,<br>ज) व्यापारको सामान्य परिचय दिन |
| ३.पर्यटन विकास | क) आफ्नो टोलमा रहेको धार्मिक स्थलहरुको नाम | क) आफ्नो टोल तथा छिमेकी टोलमा रहेको धार्मिक स्थलहरुको नाम भन्न, | क) आफ्ना वडामा रहेका धार्मिक , पर्यटकीय स्थलहरुको नाम बताउन, |

| क्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ |
|---|---|---|---|
| | भन्न,<br>ख) आफ्नो टोलभित्रका खोला , ताल, पहाड, थुम्काहरुको नाम भन्न,<br>ग) आफ्नो गाउँठाउँमा घुम्न लायक स्थलहरुको नाम भन्न, | ख) धार्मिक स्थलहरुमा पुजापाठहुने तिथीमिति भन्न,<br>ग) आफ्नो टोलभित्र घुम्न आउने व्यक्तिहरुको पहिचान गर्न,<br>घ) ऐतिहासिक सूर्यगढी क्षेत्रको अवस्थिति भन्न, | ख) आफ्नो वडाभित्रको धार्मिक स्थलहरुमा पुजापाठहुने तिथि मिति भन्न,<br>ग) पुजाआजामा प्रयोगहुने सामग्रीहरूको नाम भन्न,<br>घ) ऐतिहासिक सूर्यगढी क्षेत्रको सामान्य परिचय दिन, |
| ४.नागरीक चेतना | क) धुम्रपान र मध्यपान वस्तु चिन्न,<br>ख)चोरी र झैझगडाबारे बताउन,<br>ग) घरेलु हिंसाको बारेमा भन्न,<br>घ) बाल अपहरणको बारेमा भन्न,<br>ङ)सडक पार गर्दा पालना गर्नुपर्नेन नियमहरु पालन गर्न,<br>च)घर विद्यालय र समुदायमा घट्ने दुर्घटना र प्रकोप प्रति सचेत रहन,<br>छ) बालबिहाहको बारेमा भन्न, | क) धुम्रमान र मध्यपान वस्तुको नाम भन्न,<br>ख) धुम्रमान र मध्यपानले स्वास्थ्यमा पार्ने हानी नोक्सानी भन्न,<br>ग) चोरी हत्या र हिंसाको बारेमा सामान्य परिचय दिन,<br>घ) बाल अपहरण को परिचय दिन र यसबाट बच्ने उपायाहरु बताउन,<br>ङ) ट्राफिक नियमको परिचय दिन र यसका नियमहरु पालना गर्न,<br>च) घर विद्यालय र समुदायमा घट्ने दुर्घटना र प्रकोप प्रति सचेत रहन, | क) धुम्रपान मध्यपान र लागुपदार्थजन्य पदार्थको नाम बताउन,<br>ख) धुम्रमान , मध्यपान र लागुपदार्थजन्य पदार्थले स्वास्थ्यमा पार्ने हानी नोक्सानी भन्न,<br>ग) चोरी ,डकैती हत्या , हिंसाको बारेमा बताउन,<br>घ)लैङ्गिक हिंसाको परिचय दिन र यसबाट बच्ने उपायाहरु बताउन,<br>ङ) बाल अपहरण को परिचय दिन र यसबाट बच्ने उपायाहरु बताउन,<br>च)) ट्राफिक नियमको परिचय र फाइदा बताउन, एवंम यसको पालन गर्न,<br>छ) घर विद्यालय र समुदायमा घट्ने दुर्घटना र प्रकोप प्रति सचेत रहन, |
| ५.हाम्रो वातावरण | क)व्यक्तिगत तथा वरपरको वातावरण सरसफाई गर्न,<br>ख) फोहरमैलाको परिचय दिन,<br>ग)शुद्धपानी पिउने बानी बसाल्न,<br>घ) दूषित पानीबाट सर्ने रोगहरुको नाम बताउन,<br>ङ) घर र विद्यालयमा उपयुक्त तरीकाले सौचालय प्रयोग गर्न,<br>च) घर तथा विद्यालयमा गरिने फुलबारी निर्माण कार्यमा सहयोग गर्न, | क)व्यक्तिगत तथा वरपरको वातावरण सरसफाई गर्न,<br>ख) फोहरमैलाको परिचय दिन र प्रकार (कुहिने र नकुहिने ) भन्न,<br>ग) शुद्ध पानी पिउने बानी बसाल्न,<br>घ)दूषित पानीबाट सर्ने रोगहरु बताउन,<br>ङ) घर र विद्यालयमा सौचालय सरसफाई गर्न,<br>च) घर तथा विद्यालयमा गरिने फुलबारी निर्माण कार्यमा सहयोग गर्न, | क)व्यक्तिगत तथा विद्यालय हाताको सरसफाई गर्न,<br>ख) फोहरमैला व्यवस्थापनको परिचय दिन तथा बिद्यालयमा फोहरमैलाको बर्गीकरण र व्यवस्थापन (कुहिने, नकुहिने र तरल) मा सहयोग गर्ने,<br>ग) पानी शुद्ध गर्ने तरीकाको प्रयोग गरी पानी शुद्ध गर्ने,<br>घ) दूषित पानीबाट सर्ने रोगहरुको नाम भन्न र बच्ने उपायाहरु बताउन<br>ङ) घर र विद्यालयमा सौचालय सरसफाई गर्ने तरिका बताउन,<br>च)घर र विद्यालयमा गरिने वृक्षारोपणमा सहयोग गर्ने, |

| क्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ |
| --- | --- | --- | --- |
| | | | च) घर र विद्यालयमा बाल बगैचाको निर्माणमा सहयोग र हेरचाह गर्न, |
| ६.व्यक्तित्व विकास | क) घर र विद्यालयमा अनुसाशित रहन,<br>ख)साथी तथा शिक्षकसँग नम्र तरीकाले बोल्न,<br>ग) मान्यजन प्रती शिष्ट व्यवहार देखाउन,<br>घ) नमस्कार तथा ढोक गर्ने तरीका प्रदशन गर्न,<br>ङ)अरुका कुरा ध्यान दिएर सुन्न तथा बोल्दा पालो पर्खन,<br>च) स्थानीय खेलहरु( डन्डिबियो, गट्टा, चुङ्गी , लक्कुढाल )नियमपूर्वक खेल्न,<br>छ) घर र चराको चित्र बनाउन, | क) घर , विद्यालयमा तथा परिवारमा अनुसाशित रहन,<br>ख) साथी ,शिक्षक तथा मान्यजनसँग नम्र तरीकाले बोल्न,<br>ग) नम्र बोली र रुखो बोली बिच फरक छुट्याउन,<br>घ) मान्यजन प्रति शिष्टाचार तथा सम्मान भाव प्रस्तुत गर्न  तथा नाताअनुसार सम्वोधन गर्न,<br>ङ)उचित तरिकाले नमस्कार ,ढोक तथा हात मिलाउन,<br>च) ) स्थानीय खेलहरु( डन्डिबियो, गट्टा, चुङ्गी , लक्कुढाल लुकामारी)नियमपूर्वक खेल्न,<br>छ)घर चरा तथा विदयालयको चित्र बनाउन,<br>ज) कागजको चरा बनाउन,<br>झ) शुक्ष्म व्यायाम(औला,हात,आँखा,खुट्टा,कम्मर)तथा उमेर अनुसार आसन र ध्यान गर्न, | क) घर परिवार ,विद्यालय र समुदायमा अनुसाशित रहन,<br>ख) अनुशासनको महत्व र आवश्यक्ता बताउन,<br>ग) साथी शिक्षक तथा मान्यजनसँग नम्र तरीकाले बोल्न,<br>घ) नम्र बोली र रुखो बोली बिच फरक छुट्याउन तथा नम्र व्यवहार प्रदशन गर्न,<br>ङ) मान्यजन प्रति शिष्टाचार तथा सम्मान भाव प्रस्तुत गर्न<br>च)  उचित तरीकाले नमस्कार ,ढोक तथा हात मिलाउन,<br>छ) असल व्यक्तिहरुको अनुकरण गर्न,<br>ज) ) स्थानीय खेलहरु( डन्डिबियो, गट्टा, चुङ्गी , लक्कुढाल लुकामारी, बाघचाल,)नियमपूर्वक खेल्न,<br>झ) कागजको चरा र फुल बनाउन,<br>ञ) ) शुक्ष्म व्यायाम(औला,हात,आँखा,खुट्टा,कम्मर)तथा उमेर अनुसार आसन र ध्यान गर्न, |
| ७.मौलिक प्रविधि | क) आफ्नो घर तथा छिमेकीहरुमा प्रयोग हुने स्थानीय प्रविधिहरु चिन्न,<br>ख)स्थानीय प्रविधिहरुबाट निर्मित घरेलु साम्रगी चिन्न तथा प्रयोग गर्न,<br>ग) जाँतो, ढिकी, ठेकी, मदानी आदिको पहिचान गर्न,<br>घ) चकटी, गुन्द्री पहिचान गर्न,<br>ङ) विद्यालय वा घरमा बनाउने खानाको बारेमा बताउन,<br>च) स्थानीय खानाको | क) स्थानीय वस्तु( माटो,बाँस,पराल,बाबियो,तथा काठ) बाट स्थानीयस्तरमा निर्मित साम्रगीको नाम र काम बताउन,<br>ख)स्थानीय रैथाने सिपसँग परिचित हुनु,<br>ग) जाँतो,ढीकी, ठेकी, मदानी, डोको ,डालो, मान्द्रो आदिको पहिचान र प्रयोग गर्न,<br>घ)स्थानीय मौलिक प्रविधिको संरक्षण गर्न,<br>ङ)कोल र पानी घट्टको पहिचान गर्न,<br>च) विद्यालयमा खाजा बनाउने तरिका बताउन,<br>छ) स्थानीय खानाको परिकार बनाउने सामान्य तरिका बताउन, | क)स्थानीय स्रोत साधन  प्रविधिको र सिपको प्रयोगबाट निर्माण गर्न सकिने सामग्रीको पहिचान गर्न,<br>ख)रैथाने प्रविधिबाट निर्मित घरेलु सामग्रीहरुको आवश्यक्ता र महत्व बुझ्न,<br>ग) रैथाने सिप र प्रविधिको उपयोग गर्न,<br>घ)जाँतो,ढीकी, ठेकी, मदानी, डोको,डालो,मान्द्रो आदीको पहिचान र प्रयोग गर्न,<br>ङ) पानी घट्ट र कोलको उपयोगिता बताउन,<br>च) स्थानीय मौलिक प्रविधिको संरक्षण र उपयोग गर्न,<br>छ) चाडपर्ब अनुसारको खानपानको बारेमा भन्न, |

| क्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ |
| --- | --- | --- | --- |
| | परिकारहरुको नाम बताउन, | | |
| ८. हाम्रो संस्कृति | क) आफ्नो गाउँ टोलमा बसोबास गर्ने जातजातिका बारेमा परिचित हुन,<br>ख)आफ्ना वरपरका जातजातिसँग मिलेर बस्न,<br>ग) स्थानीय चालचलनसँग परिचित हुन,<br>घ)चाडपर्वमा खाने परिकार प्रति परिचित हुन,<br>ङ)स्थानीय लोकबाजा (मादल,डम्फू,झ्ुर्मा,दमाहा) आदी प्रति परिचित हुन,<br>च)स्थानीय लोक गित गाउन नाच्न,<br>ज)आफ्ना गाउँटोलमा मनाइने चाडपर्वको नाम भन्न | क) आफ्नो गाउँ टोलमा बसोबास गर्ने जातजातिका बारेमा परिचित हुन,<br>ख) समाजमा सबै जातजाती,धर्म, भाषाभाषिका मानिसहरुसँग मिलेर बस्न,<br>ग)आफ्ना वडाका मानिसहरुले लगाउने पोषाक तथा गहनाको नाम भन्न,<br>घ)स्थानीय चालचलनसँग परिचित हुन र व्यवहार गर्न,<br>ङ)स्थानीय चाडपर्वमा खाइने परिकार तयार पार्ने तरीका बताउन,<br>च)स्थानीय लोक बाजाको प्रयोग गर्न,<br>छ) स्थानीय लोक गित र गाउन नाच्न<br>ज)आफ्ना गाउँटोलमा हुने मेला , उत्सवहरुको नाम भन्न, | क) आफ्नो वडा र छिमेकी वडाहरुमा बसोबास गर्ने जातजातीका बारेमा परिचित हुन,<br>ख) समाजमा सबै जातजाती धर्म भाषाभाषीका मानिसहरुसँग मिलनसार व्यवहार गर्न,<br>ग) स्थानीय चालचलनसँग परिचित हुन र व्यवहार गर्न,<br>घ) आफ्नो वडा र  छिमेकी वडाका मानिसहरुले लगाउने मौसम अनुसारका पोसाक तथा गहनाहरुको नाम भन्न,<br>ङ) महिला र पुरुषको पहिरहनको फरक छुट्याउन,<br>च) स्थानीय लोक बाजाको प्रयोग सन्दर्भ बताउन,<br>छ) स्थानीय लोक गित गाउन र  नाच्न<br>ज) आफ्नो वडा र छिमेकी वडामा हुने मेला, उत्सवहरु, लाग्ने स्थान र समय बताउन,<br>झ) आफ्ना गाउँटोलमा मनाइने चाडपर्वको नाम भन्न, |

## ६.२ कक्षागत सिकाई उपलब्धि कक्षाः ४-५

| क्षेत्र | कक्षा ४ | कक्षा ५ |
|---|---|---|
| १.सूर्यगढीको परिचय | क) सूर्यगढीको भौगोलिक अवस्था( सिमाना, क्षेत्रफल) भन्न<br>ख) गाउँपालिका भित्रका वडाहरुको सङ्ख्या, वडा कार्यालयको ठेगाना भन्न<br>ग) गाउँपालिका भित्रका महिला र पुरुषको जनसङ्ख्या भन्न,<br>घ)गाउँपालिका भित्र हुने आर्थिक क्रियाकलापको सूची तयार गर्न,<br>ङ)गाउँपालिका भित्र मुख्य र सहायक बाटाहरु पहिचान गर्न<br>च)आफ्नो वडा र छिमेकी वडाहरुभित्रका उत्पादनशिल भूमी र बनजङ्गलहरुको नाम भन्न। | क) गाउँपालिकाको नामकरणको जानकारी दिन,<br>ख) आफू बस्ने वडाको नक्सामा मुख्य मुख्य स्थान देखाउन,<br>ग)गाउँपालिका भित्र महिला र पुरुषको जनसङ्ख्या भन्न<br>घ) गाउँपालिका भित्रका वडा अनुसारको जनसङ्ख्या ( महिला र पुरुष) भन्न,<br>ङ) गाउँपालिका बासीहरुको आयस्रोत पहिचान गर्न,<br>च) सूर्यगढी गाउँपालिका भित्रका उत्पादनशील भूमि, वनजङ्गल तथा खोलाहरुको नाम बताउन,<br>छ) आफू बस्ने वडाको नक्सा कोर्न र नक्सामा मुख्य मुख्य स्थान देखाउन, |
| २. स्थानीय पेशा व्यवसाय | क) जैविक खेतीहरुको परिचय दिन,<br>ख) खाद्यबाली र नगदेबालीहरुको उत्पादन समय बताउन,<br>ग) आफ्नो वडाभित्र मुख्य खाद्यबाली (मकै, गहुँ, धान , कोदो) को उत्पादन हुने क्षेत्रहरुको नाम भन्न,<br>घ) आफ्नो वडाभित्र नगदेबाली (उखु, अलैची, बेसार, अदुवा ,टिमुर) को उत्पादन हुने क्षेत्रहरुको नाम भन्न,<br>ङ) घर तथा स्थानीय समुदायमा उत्पादन हुने कृषिजन्य उत्पादनको क्षेत्र पहिचान गर्न,<br>च) तरकारी( गोलभेडा, केराउ, आलु,प्याज,काउली,बन्दागोपी,रायो,मुला,आदी) खेती गर्ने कार्यमा सहभागी हुन,<br>छ) प्राङगारिक मल बनाउने तरिका बताउन,<br>ज) पशुपन्छी ( गाई,भैंसी, बाख्रा, बङ्गुर, कुखुरा, हाँस आदी) पालनको परिचय दिन,<br>झ) स्थानीय जडिबुटीहरुको पहिचान गरी त्यसको उपयोगिता बताउन, | क)जैविक खेतीको परिचय दिन र व्यवहार प्रदशन गर्न,<br>ख) खाद्यबाली र नगतेबालीहरुको उत्पादन समय र भण्डारण गर्ने तरीका बताउन,<br>ग) आफ्नो वडाभित्र नगदेबाली( उखु, अलैचीँ, अदुवा, तोरी, आलु) को उत्पादन समय र उपयोग बताउन,<br>घ)मौसमी र बेमौसमी तराकारी खेतीको परिचय दिन तथा खेती गर्ने कार्यमा सहभागी हुन,<br>ङ)गाउँपालिका भित्र ब्यापारीक केन्द्रहरुको नाम बताउन,<br>च) प्राङगारीक मल बनाउने कार्यमा सहभागी हुन,<br>छ)रासायनिक मल र प्राङगारिक मलबिच भिन्नता छुट्याउन,<br>ज) पशुपन्छी पालनको परिचय दिन<br>झ) स्थानीय जडिबुटीहरुको पहिचान गरी त्यसको संरक्षण गर्ने उपायहरुको खोजी गर्न, |
| ३.पर्यटकिय विकास | क) वडाभित्रका पर्यटकिय स्थलहरुको सामान्य परिचय दिन,<br>ख) गाउँपालिकाभित्रका ऐतिहासिक तथा प्राकृतिक स्थलहरुको परिचय दिन र भ्रमण गर्न,<br>ग)पर्यटक र पर्यटनको परिचय दिन, | क)सूर्यगढी गाउँपालिकाभित्रका पर्यटकीय स्थलहरुको नाम र स्थल बताउन,<br>ख) गाउँपालिका भित्रका ऐतिहाँसिक तथा प्राकृतिक स्थलहरुको परिचय दिन र भ्रमण गर्न,<br>ग) पर्यटक र पर्यटनको परिचय दिन,<br>घ) पर्यटन व्यवसायबाट हुने फाइदाहरु र पर्यटन |

| क्षेत्र | कक्षा ४ | कक्षा ५ |
|---|---|---|
| | घ) पर्यटन व्यवसाय विकासका पूर्वाधारहरु बताउन, | व्यवसायका पूर्वाधारहरु बताउन, |
| ४.नागरीक चेतना | क)दुर्व्यसनका बारेमा परिचित हुन,<br>ख) धुम्रपान, मद्यपान र लागु पदार्थ सेवनका समस्याहरुप्रति सचेत रहन,<br>ग)लैङ्गिक हिंसा सम्बन्धि गतिविधिहरुको सूची निर्माण गर्न<br>घ)अपहरणजन्य क्रियाकलापहरू प्रति पूर्ण सजग रहन,<br>ङ) ट्राफिक चिन्हको पहिचान गर्न तथा व्यवहार प्रदर्शन गर्न,<br>च)समाजमा आइपर्ने हरेक खाले दुर्घटना र प्रकोप प्रति सजग र सचेत रहन, | क)दुर्व्यसनयुक्त क्रियाकलापहरुको नाम भन्न,<br>ख) धुम्रपान, मद्यपान र लागु पदार्थ सेवनका समस्याहरुप्रति सचेत रहन,<br>ग) लैङ्गिक हिंसा न्यूनिकरणका लागि सहयोग गर्न,<br>घ)अपहरणजन्य क्रियाकापहरू प्रति पूर्ण सजग गर्न,<br>ङ) ट्राफिक चिन्हको पहिचान गर्न तथा व्यवहार प्रदर्शन गर्न,<br>च) समाजमा आइपर्ने हरेक खाले दुर्घटना र प्रकोप प्रति सजग र सचेत रहन, |
| ५.हाम्रो वातावरण | क) व्यक्तिगत तथा सामुदायिक सरसफाईमा व्यवहार प्रदर्शन गर्न,<br>ख)कुहिने तथा नकुहिने धातुजन्य फोरहमैला व्यवस्थापन गर्न,<br>ग)पानी शुद्ध गर्ने विधिहरुको प्रयोग गर्न<br>घ) शौचालयको उपयुक्त तरिकाले प्रयोग गर्न,<br>ङ)गाउँ टोलमा वृक्षारोपण गर्ने र क्रियाकलापमा सरिक रहन,<br>च) दूषित पानी र हावाबाट सर्ने रोगहरुको नाम भन्न,<br>छ)हावापानी परिवर्तनका असरहरुप्रति सचेत रहन, | क) व्यक्तिगत तथा वरपरको वातावरणको सरसफाइको परिचय दिन, र व्यवहारमा प्रदर्शन गर्न,<br>ख) कुहिने, नकुहिने र धातुजन्य फोरहमैला व्यवस्थापन गर्न,<br>ग) पानी शुद्ध गर्ने विधिहरुको प्रयोग गर्न<br>घ) शौचालयको उपयुक्त तरिकाले प्रयोग गर्न,<br>ङ) गाउँ टोलमा वृक्षारोपण गर्ने र क्रियाकलापमा सरिक रहन,<br>च) दूषित पानी र हावाबाट सर्ने रोगहरुको नाम भन्न र रोगबाट बच्ने उपायाहरु भन्न,<br>छ) हावापानी परिवर्तनका असरहरुप्रति सचेत रहन, |
| ६.व्यक्तित्व विकास | क)घर विद्यालय र समाजमा अनुशासन प्रदर्शन गर्न,<br>ख)विद्यालय आचारसंहिताको पालना गर्ने,<br>ग)समुहमा तर्कपूर्ण अभिव्यक्ति दिन,<br>घ) अर्काको विचारमा तर्कपूर्ण खण्डन गर्न,<br>ङ)सामुहिक नेतृत्व गर्न,<br>च) बाघचाल,चेस, लुडो, चुङ्गि जस्ता खेलहरु खेल्न,<br>छ) अरुका समस्यालाई बोध गरी आवश्यक सहयोग गर्न,<br>ज)सूक्ष्म व्यायाम योगिक तथा उमेरअनुसारको आसन र ध्यान गर्न, | क) घर विद्यालय र समाजमा अनुशासन प्रदर्शन गर्न,<br>ख) आपसी सहयोग र मेलमिलापपूर्ण व्यवहार प्रदर्शन गर्न,<br>ग) समुह तथा समुदायमा छलफलमा भाग लिई तर्कपूर्ण विचार राख्न,<br>घ) व्यक्तिगतरुपमा आइपर्ने सामान्य खाले समस्या निराकरण गर्न,<br>ङ) सामुहिक नेतृत्व गर्न,<br>च)चेस, लुडो, बघचाल जस्ता खेलहरु खेल्न,<br>छ) अरुका समस्याहरु बोध गरी आवश्यक सहयोग गर्न,<br>ज) सूक्ष्म व्यायम योगिक तथा उमेर अनुसारको आसन र ध्यान गर्न, |

| क्षेत्र | कक्षा ४ | कक्षा ५ |
| --- | --- | --- |
| ७.मौलिक प्रविधि | क) समाजमा प्रयोगहुने मौलिक प्रविधिहरुको संरक्षण र सम्बर्द्धन  गर्न,<br>ख)रैथाने प्रविधिबाट निर्मित वस्तुहरुको प्रयोग गर्न,<br>ग)स्थानीय प्रविधिहरु (कोल, ढिकी,जाँतो, घट्ट, आदि) को उपयोगिता बताउन,<br>घ) मदानी, ठेकी, नेती लगायतका दही मथ्ने सामग्रीहरुको आवश्यक्ता देखाउन, | क) समाजमा प्रयोगमा हुने मौलिक प्रविधिहरुको उपयोगिता भइन र तिनिहरुको संरक्षण गर्न,<br>ख) रैथाने प्रविधिबाट निर्मित वस्तुहरुको प्रयोग गर्न,<br>ग) स्थानीय प्रविधिहरु (कोल, ढिकी,जाँतो, घट्ट, आदि) को नाम र काम बताउन,<br>घ) दहि, मोही ,नौनी, घिउ बनाउने तरीका बताउन,<br>ङ) डोको , डालो, मान्द्रो, गुन्द्रि , चकटी बनाउने तरिका बताउन तथा सहयोग गर्न, |
| ८. हाम्रो संस्कृती | क) सूर्यगढी गाउँपालिका भित्रका जातजातीहरुको सूची तयार पार्न,<br>ख)चाडपर्व मनाउने मानिसहरुले देखाउने असल र खराब व्यवहारहरु छुटयाउन,<br>ग)मादल, डम्फू, बाँसुरी, डयाङ्ग्रो, घण्ट, शंख आदी बजाउन,<br>घ) स्थानीय लोक गित गाउन र नाच्न<br>ङ) स्थानीय मेला(हरिबोधनी एकादशी, गाई जात्रा, लाखे जात्रा) तथा उत्सवहरुका बारेमा बर्णण गर्न,<br>च) आ-आफ्नो समुदायको जन्म मृत्यु, विवाहको सस्कार वताउन। | क) सूर्यगढी गाउँपालिका भित्रका जातजातीहरूको चाडपर्व, भेषभुषा, रीति, संस्कारको बारेमा परिचित हुन,<br>ख) चाडपर्व मनाउँदा स्वास्थ्य र समाजमा पर्ने नकारात्मक असरप्रति सचेत रहन,<br>ग) मादल, डम्फू, बाँसुरी, डयाङ्ग्रो, घण्ट, शंख आदी बजाउन<br>घ) स्थानीय लोक गित( बालन, खैचडी भजन, सेलो, दुवा गित) गाउन र नाच्न<br>ङ) स्थानीय मेला तथा उत्सवहरुमा देखापर्ने राम्रा र नराम्रा पक्ष छुटयाउन,<br>च) फेसनमा देखासिखी र भड्किला  पक्षहरुलाई निरुत्साहित गर्न,<br>छ) संस्कृतीलाई अन्धविश्वास र रुढीबादीबाट अलग गर्न,<br>ज) आ-आफ्नो समुदायको जन्म, मृत्यु, विवाहको संस्कार बताउन, |

## ६.३ कक्षागत सिकाई उपलब्धि कक्षाः ६-८

| क्षेत्र | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|
| १.सूर्यगढीको परिचय | क) सूर्यगढी गाउँपालिकाका छिमेकी पालिकाहरुको नाम भन्न,<br>ख) सूर्यगढी गाउँपालिको धरातलिय स्वरुप बताउन,<br>ग)सूर्यगढी गाउँपालिकाको पाँच ओटा वडाहरुको भौगोलिक अवस्था बताउन,<br>घ) सूर्यगढी गाउँपालिकाका सरकारी कार्यालयहरु र विद्यालयहरुको नाम र अवस्थीति बताउन, | क) सूर्यगढी गाउँपालिकाको भौगोलिक र राजनैतिक नक्सा तयार पार्न,<br>ख)सूर्यगढी गाउँपालिकाको आर्थिक स्रोतहरु बताउन,<br>ग)सूर्यगढी गाउँपालिकाको मुख्य सडक, सहायक सडक र गोरेटो बाटो बताउन,<br>घ)सूर्यगढी गाउँपालिकाका सरकारी तथा गैरसरकारी कार्यलयहरु, विद्यालयहरु, बैंक तथा वित्तिय संस्थाहरुको सूची बनाउन,<br>ङ) गाउँ कार्यपालिकाको गठन विधि र तथा प्रक्रिया बताउन, | क) सूर्यगढी गाउँपालिकाको विगत र बर्तमान अवस्था जानकारी राख्न,<br>ख) सूर्यगढी गाउँपालिकाको आर्थिक स्रोतहरुको सम्भावना र चुनौतीहरु बताउन,<br>ग) सूर्यगढी गाउँपालिकाको ऐन, नियममावली बताउन,<br>घ)गाउँ कार्यापालिका, व्यवस्थापिका तथा न्यायीक समितिको काम कर्तब्य र अधिकारको जानकारी लिन,<br>ङ) गाउँ सभाको बैठक बस्ने तरीका र काम, कर्तब्य र अधिकार भन्न, |
| २. स्थानीय पेशा व्यवसाय | क) स्थानीय बीउ बिजन भण्डारणका परम्परागत शैलीको पहिचान र अबलम्बन गर्न,<br>ख)तरकारीका विरूवा उमार्ने, सार्ने, गोड्ने, र तरकारी टिप्ने, तरीका बताउन,<br>ग)गाउँपालिका भित्रका व्यापारीक महत्वका स्थलहरुको सूची तयार गर्न,<br>घ) जैविक खेती र रासायनिक खेती विचको भिन्नता छुट्याउन,<br>ङ) गाई भैंसी बाख्रा भेडा बङ्गुर, कुखुरा पालनबाट बताउन,<br>च) आफ्नो वडाभित्रका नगदेबाली ( उखु,अलैची, बेसार, अदुवा,) को उत्पादन प्रक्रियाको बारेमा भन्न, | क) स्थानीय कृषि उत्पादन ( बाली प्रशोधन उद्योग ,मसला खेती, कृषि उपकरण,) विधि जान्न र व्यवहार देखाउन,<br>ख) तरकारीमा लाग्ने रोग तथा किराहरु सामान्य नियन्त्रण गर्न,<br>ग) पशुपन्छीपालन( भैसी,गाई, बाख्रा, भेडा, बङ्गुर,कुखुरा , हाँस) माछापालन, मौरीपालनका बारेमा उल्लेख गर्न, | क) स्थानीय कृषि उत्पादन ( बाली प्रशोधन उद्योग ,मसला खेती, कृषि उपकरण,) विधि जान्न र व्यवहार देखाउन,<br>ख) स्थानीय जडिबुटीहरुको खेती गरी उत्पादन प्रक्रिया सुरुवात गर्न,<br>ग) स्थानीय बजारमा हुने मुल्य निर्धारण प्रक्रियाको बारेमा जानकारी लिन,<br>घ) सूर्यगढी गाउँपालिकामा कृषि आधुनिकिकरणका सम्भाबनाहरुको खोजी गर्न,<br>ङ) पशुपन्छीपालन( भैंसी, गाई, बाख्रा, भेडा, बङ्गुर, कुखुरा, हाँस,) माछापालन,मौरीपालनका बारेमा उल्लेख गर्न, |
| ३.पर्यटन विकास | क) आन्तरिक पर्यटनका सम्भावना र चुनौतीहरु प्रति सचेत रहन,<br>ख) ऐतिहाँसिक तथा प्राकृतिक पर्यटकिय स्थलहरुको परिचय दिन, | क) आन्तरिक पर्यटनका सम्भावना र चुनौतिहरु प्रती सचेत रहन,<br>ख) ऐतिहाँसिक तथा प्राकृतिक पर्यटकिय स्थलहरुको परिचय दिन, | क) पर्यटन व्यवसायका सम्भावना र चुनौतिहरु प्रति सचेत रहन,<br>ख)गाउँस्तरमा प्रकोप व्यवस्थापनका लागि गरिएका अभ्यासको जानकारी हाँसिल |

| क्षेत्र | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|
| | ग) सूर्यगढी डाँडाको ऐतिहाँसिक महत्व बताउन, | ग) सूर्यगढी डाँडाको ऐतिहाँसिक महत्व बताउन,<br>घ) पर्यटन विकासका सम्भावनाहरु पहिचान गर्न, | गर्न र सहभागी हुन,<br>ग) सूर्यगढी, बागेश्वरी, कालिका मन्दिर चमेरे गुफा को परिचय दिन, |
| ४. नागरीक चेतना | क) घरायसी जोखिमहरुबाट जोगिने उपायहरूको सूचि बनाउन,( आगोले पोल्ने, हतियारले काट्ने,करेन्ट लाग्ने,आगजनी, ग्यास बिस्फोट,घरपालुवा जनावरबाट खतरा)<br>ख) वडास्तरमा विपद् व्यवस्थापनका लागि गरिएका प्रयास भन्न र सहभागी हुन,<br>ग) ट्राफिक नियमको आवश्यकता र महत्व बताउन,<br>घ) स्थानीय सरकारको गठन प्रक्रियाबारे परिचय दिन,<br>ङ) सामाजिक समस्याकारुपमा देखियका प्रथाहरुप्रति सचेत रही यसको उल्मुलनमा सहयोगी भूमिका खेल्न,<br>च) सूर्यगढी गाउँपालिकाको ऐतिहाँसिक महत्व बताउन, | क) स्थानीयस्तरमा हुने विपद् जोखिम न्यूनिकरणका उपायहरू भन्न,<br>ख) ट्राफिक संकेतको सूचि बनाई तिनिहरुको परिचय दिन,<br>ग) गाउँसभाको काम कर्तव्य र अधिकारको बारेमा परिचय दिन,<br>घ) सामाजिक समस्याका रुपमा देखियका प्रथाहरुप्रति सचेत रही यसको उल्मुलनमा सहयोगी भूमिका खेल्न,<br>ङ) सूर्यगढी गाउँपालिकाको ऐतिहाँसिक महत्व बताउन, | क) स्थानिय बिपद् जोखिम व्यवस्थापन गर्न भूमिका प्रदशन गर्न,<br>ख) प्राकृतिक प्रकोप र मानव निर्मित प्रकोप न्यूनिकरणका उपायहरू बताउन,<br>ग) विभिन्न प्रकारका ट्राफिक नियमहरुको व्याख्या गर्न,<br>घ) गाउँ सभा र गाउँ परिषद बिच भिन्नता छुट्याउन,<br>ङ) लैङ्गिक हिँसाले निम्त्याएका समस्या र समाधानका लागि स्थानीय तहले गरेका गतिविधिहरुबारे जानकारी लिन,<br>च) सूर्यगढी गाउँपालिकाको सामान्य इतिहास बताउन, |
| ५. हाम्रो वातावरण | क) वडाभित्रका सामुदायिक वनको परिचय, महत्च, फाइदा भन्न,<br>ख) गाउँपालिका क्षेत्रमा खानेपानीको स्रोत , विवरण र पानी शुद्धिकरणका स्थानीय उपाय पहिचान गरी अभ्यास गर्न,<br>ग) घर विद्यालय र स्थानीय क्षेत्रमा हुनसक्ने फोहर तथा प्रदूषण न्यूनिकरणका उपाय पहिचान र अवलम्बन गर्न, | क) घर र विद्यालयमा करेसाबारी र पुष्प बगैचाको निर्माण तथा उत्पादन गर्न,<br>ख) फोहरमैला निस्कने स्रोतहरु पहिचान गरी त्यसलाई व्यवस्थापन गर्ने सीप प्रदशन गर्न,<br>ग) आफ्नो वडाभित्रका प्रमुख जलस्रोत तथा वनजङ्गल, जीवजन्तुको संरक्षणमा भूमिका खेल्न, | क) हरित विद्यालय निर्माण कार्यमा सहयोग गर्न,<br>ख) खाली जग्गा बन क्षेत्र घर र विद्यालयमा वृक्षारोपण गर्ने,<br>ग) गाउँपालिका क्षेत्रमा वातावरण प्रदूषणको न्यूनिकरण र फोहरमैला व्यवस्थापनमा स्थानीय समुदाय, सङ्घसंस्थाहरु र गाउँपालिकाको भूमिका बताउन, |
| ६. व्यक्तित्व विकास | क)परिवार र समाजको जिम्मेवार सदस्य हुनका लागी आवश्यक पर्ने आचरणको पहिचान र अभ्यास गर्न,<br>ख) आफूसँग भएका प्रतिभा र | क) घर/विद्यालयमा हुने सामान्य विवाद र झगडामा मध्यस्तता गर्ने सिपको विकास गर्न,<br>ख) समाजमा नैतिक मुल्य | क) जीवनमा असल र सफल बन्ने उपायहरुको खोजी गर्न,<br>ख) आत्मविश्वास र निर्णय लिनसक्ने क्षमताको विकास गर्न, |

| क्षेत्र | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|
| | क्षमताको स्वमुल्याङकन गर्न,<br>ग) योग शिक्षाको सामान्य परिचय र महत्व बोध गर्न,<br>घ) सकारात्मक सोच, उत्तरदायित्व वहन तथा समुन्नत समाज निर्माणमा भूमिका खेल्न, | तथा मान्यताहरुको विकास तथा प्रयोगको अवस्था पहिचान गर्न,<br>ग) योग तथा प्रणायामको परिचय, महत्व बताउँदै यिनको दैनिक अभ्यास गर्न, | ग) असल स्वभावको प्रयोग गर्दै खुसी र सुखी हुने बानीको अभ्यास गर्न,<br>घ) योग, ध्यान र व्यायमलाई सहज तरिकाले दैनिक रुपमा प्रयोग गर्न, |
| ७.मौलिक प्रविधि | क) स्थानीय परम्परागत हस्तकलाका सामग्री निर्माण गर्न ( टपरी, दुना, बत्ती, नाम्लो, दाम्लो, पेटारो, कुचो आदि)<br>ख)घरेलु उद्योगको परिचय दिन,<br>ग) दही, मोही, नौनी, घिउ तयार गर्ने विधिहरु भन्न, | क) स्थानीय परम्परागत हस्तकलाका सामग्री निर्माण गर्न ( चकटी, मान्द्रो, गुन्द्री, नाङ्लो, आदी,)<br>ख) सूर्यगढी गाउँपालिकामा घरेलु उद्योगको सम्भावना खोजी गर्न,<br>ग) दही, मोही, नौनी, घिउ तयार गर्ने विधिहरु भन्न, | क)स्थानीय परम्परागत हस्तकलाका सामग्री निर्माण गर्न( गमला, घैंटा,, मादल)<br>ख) आरन र कलको परिचय दिन तथा कार्यप्रक्रिया भन्न<br>ग) घरेलु उद्योगका फाइदा र उपयोगिता बताउन,<br>घ) मदानी र नेतीबिचको सम्बन्ध देखाउन, |
| ८.हाम्रो संस्कृती | क) धार्मिक स्थलहरुको परिचय दिन( बागेश्वरी मन्दिर, कालिका मन्दिर, मंगलादेवी मन्दिर, गणेश मन्दिर, जाल्पादेवी मन्दिर, चमेरे गुफा)<br>ख) सामाजिक कुरीति र कुसंस्कार विरुद्ध सचेत हुन,<br>ग) गाउँपालिकाभित्र बसोबास गर्ने मुख्य जातजातीका बारेमा जानकारी राख्न,<br>घ) गाउँपालिकाभित्र स्थानीय मेला तथा उत्सवहरुमा देखा पर्ने खराव प्रवृतिलाई न्यूनिकरण गर्न सहयोगी बन्न | क)परम्परादेखी चलिआएका समाजिक समस्या र समाधानका उपाया( छुवाछुत प्रथा, बोक्सी प्रथा, बालविबाह)<br>ख) गाउँपालिकाभित्रका जातजातीगत संस्कृतिहरू प्रति परिचित हुन,<br>ग)गाउँपालिकाभित्र स्थानीय मेला तथा उत्सवहरुमा देखापर्ने खराव प्रवृतिलाई न्यूनिकरण गर्न सहयोगी बन्न,<br>घ)सूर्यगढी गाउँपालिकाभित्र प्रचलित लोकगीत , लोक नृत्य र लोक बाजाहरुको खोजी गरी संरक्षणमा सहयोग गर्न, | क) हाम्रा सामाजिक समस्या र समाधानको उपायाहरु( छुवाछुत प्रथा, बोक्सी प्रथा, बालविबाह)<br>ख) गाउँपालिकाभित्र जातजाती र तिनका सामाजिक संस्कारहरू प्रति परिचित भई कुसंस्कारहरु न्यूनिकरणमा सहयोगी भूमिका खेल्न,<br>ग) सूर्यगढी गाउँपालिकाभित्र प्रचलित लोकगीत, लोक नृत्य र लोक बाजाहरुको खोजी गरी संरक्षणमा सहयोग गर्न, |

# ७. वियषवस्तुको क्षेत्र र क्रम

## ७.१ वियषवस्तुको क्षेत्र र क्रम कक्षा १-३

| क्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ |
|---|---|---|---|
| १. सूर्यगढीको परिचय | - मेरो परिवार<br>- मेरो गाउँ<br>-मेरो गाउँपालिका<br>-मेरो ठेगाना<br>-मेरो टोलका सरकारी कार्यालयहरु<br>-मेरो नदी, मेरो खोला, मुख्य बाटोहरु<br>- मेरो बिद्यालय<br>- हाम्रो स्थानीय बजारहरु | -मेरो गाउँपालिका र मेरो वडा<br>-मेरो गाउँ र सिमाना<br>-मेरो ठेगाना<br>-मेरो टोलका सरकारी कार्यालयहरु<br>-मेरो टोलको नदी, खोला, मुख्य बाटोहरु<br>-स्थानीय बजारहरु | -मेरो गाउँपालिका (भौगोलिक अवस्था र नक्सा)<br>-मेरो टोलको नामाकरण<br>-मेरो वडा (सिमा र क्षेत्रफल)<br>- मेरो ठेगाना<br>- मेरो वडाका सरकारी कार्यालयहरु, विद्यालहरु र अन्य संघसंस्थाहरु<br>- मेरो टोलका डाँडा र बेसीहरु<br>-मेरो वडाका सडकहरु |
| २.स्थानीय पेशा | -मेरा आमाबाबा तथा अभिभावकका कामहरु ,<br>-मेरा टोलका खाद्यबालीहरू,<br>-गोबर मल,<br>-मेरा टोलका पशुहरु,<br>-गाई र भैंसीबाट प्राप्त हुने चिजहरु। | -मेरा परीवारका सदस्यहरुले गर्ने काम,<br>-मेरा टोलका खाद्यबाली र नगदे बाली,<br>-गोबरमल,<br>-जैविक खेती,<br>-पशुपालन,<br>-स्थानीय जडीबुटी।<br>-स्थानीय ब्यापार | -मेरा छिमेकका मानिसहरुले गर्ने काम,<br>-मेरा टोलका खाद्यबाली, नगदेबाली र फलफुल खेती।<br>-गोबरमल,<br>-जैविक खेती,<br>-पशुपन्छी पालन,<br>-स्थानीय जडिबुटी,<br>-स्थानीय व्यापार।<br>-स्थानीय घरेलु उद्योग |
| पर्यटन विकास | -मेरा टोलका धार्मिक स्थल,<br>-मेरा प्राकृतिक सम्पदा,<br>मेरा पर्यटकीय स्थलहरु। | -मेरो तथा मेरा छिमेकी टोलका धार्मिक स्थलहरु ,<br>-आन्तरिक र बाह्य पर्यटक,<br>-मेरा प्राकृतिक सम्पदा ,<br>-सूर्यगढी डाँडाको अवस्थिति | -मेरा वडाका धार्मिक स्थल र पूजाआजा गर्ने तिथिमिति<br>-पुजाआजामा प्रयोग गरिने सामग्रीहरु<br>-मेरो प्राकृतिक सम्पदा<br>-सूर्यगढी डाँडाको सामान्य परिचय |
| नागरीक चेतना | -धुम्रपान र मद्यपान<br>-मानविय अपराधहरु जस्तैःचोरी ,डकैती, झैझगडा आदी,<br>-बाल अपरहरणको अर्थ<br>- घरेलु हिँसा<br>-सडक पार गर्ने नियमको पालना<br>-दुर्घटना र प्राकृतिक प्रकोपप्रति सचेतना<br>- सूर्यगढीको ऐतिहाँसिक परिचय | - धुम्रपान र मद्यपान र यसले स्वास्थ्यमा पुर्याउने हानिनोक्सानीहरु<br>-मानविय अपराधहरु जस्तैः हत्या ,चोरी ,डकैती, झैझगडा आदी<br>- बाल अपहरणको अर्थ र यसबाट बच्ने उपायहरू,<br>-ट्राफिक नियमको अर्थ र यसको पालना,<br>-दुर्घटना र प्राकृतिक प्रकोपबाट बच्न उपायहरु<br>- सूर्यगढीको ऐतिहाँसिक | -धुम्रपान, मद्यपान र लागुपदार्थहरुले स्वास्थ्यमा पार्ने असरहरु,<br>-मानविय अपराधहरु जस्तैः हत्या ,चोरी ,डकैती, झैझगडा आदी<br>- बाल अपहरणको अर्थ र यसबाट बच्ने उपायाहरु,<br>-ट्राफिक नियमको पालना र फाइदा,<br>- दुर्घटना र प्राकृतिक प्रकोपबाट बच्न उपायहरू<br>- सूर्यगढीको ऐतिहाँसिक परिचय |

| क्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ |
|---|---|---|---|
| | | परिचय | |
| हाम्रो वातावरण | -व्यक्तिगत र वातावरणीय सरसफाई<br>-फोहरमैला पहिचान,<br>-पानी शुद्धपार्ने विधिहरु,<br>-दुषित पानीबाट सर्ने रोगहरु,<br>-शौचालयको प्रयोग,<br>-फूलबारी | -व्यक्तिगत र वातावरणीय सरसफाई<br>-फोहरमैला ब्यवस्थापन,<br>-पानी शुद्धपार्ने विधिहरु,<br>-दूषित पानीबाट सर्ने रोगहरु,<br>-फूलबारी | -व्यक्तिगत र वातावरणीय सरसफाई<br>-फोहरमैला ब्यवस्थापन,<br>-पानी शुद्धपार्ने विधिहरु,<br>-दूषित पानीबाट सर्ने रोगहरु<br>-वृक्षारोपण र बगैंचा निर्माण |
| व्यक्तित्व विकास | -म र मेरो अनुशासन<br>-मेरो नम्र बोली<br>-मेरो शिष्टाचार<br>-नमस्कार र सेवा ढोग<br>-पालो पर्खेर बोलाई<br>-स्थानीय खेलहरु<br>-घर र चराको चित्र | -म र मेरो अनुशासन<br>-मेरो नम्र बोली<br>-मेरो शिष्टाचार<br>-नमस्कार ढोग र हात मिलाउने<br>-पालो पर्खेर बोलाई<br>-स्थानीय खेलहरु<br>-घर चरा र विद्यालयको चित्र<br>-कागजको चरा र फूल<br>-योग | -म र मेरो अनुशासन<br>-मेरो नम्र बोली<br>-मेरो शिष्टाचार<br>-नमस्कार ढोग र हात मिलाउने<br>-पालो पर्खेर बोलाई<br>-स्थानीय खेलहरु<br>-घर चरा र विद्यालयको चित्र<br>-कागजको चरा र फूल<br>-योग |
| मौलिक प्रविधि | -हाम्रो छरछिमेकाका स्थानीय प्रविधिहरु,<br>-स्थानीय प्रविधिबाट निर्मित घरेलु सामग्रीहरु,<br>-स्थानीय प्रविधिहरु( ढिकि, जाँतो,ठेकी, मदानी आदी)<br>-चकटी, सुकुल र गुन्द्री | - स्थानिय तह र स्थानिय बस्तु(माटो , बाँस, पराल, खर , काँस, बाबीयो)<br>-स्थानीय प्रविधिहरु( ढिकि, जाँतो,ठेकी, मदानी आदी)<br>-मौलिक प्रविधि र यसको संरक्षण<br>-कोल र पानी घट्टको परिचय<br>- थुन्चे , मान्द्रो र डोको | -स्थानीय स्रोतबाट निर्मित बस्तुहरु,<br>-रैथाने प्रविधिबाट निर्मित घरेलु साम्रगीहरु,<br>-रैथाने सिप र यसको उपयोग<br>स्थानीय प्रविधिहरु( ढिकि, जाँतो,ठेकी, मदानी आदी)को पहिचान<br>-पानी घट्ट र कोलको उपयोगिता |
| हाम्रो संस्कृति | -मेरा टोलका जातजातीहरु,<br>-हाम्रो चालचलन<br>-मेरो चाडपर्व र पकाइने परिकारहरु<br>-मेरो लोक बाजाहरु,<br>-मेरो लोक गीतहरु, | -मेरा वडाका जातजातीहरु,<br>- हाम्रो चालचलन<br>-मेरो वडाका मानिसका पहिरणहरु<br>-मेरो लोकबाजाहरु,<br>-मेरो लोकगीतहरु,<br>-मेरो चाडपर्वहरु,<br>-मेरो वडाका मेला तथा उत्सवहरु, | मेरा वडाका जातजातीहरु,<br>- हाम्रो चालचलन<br>-मेरो वडाका मानिसका पहिरणहरु<br>-मेरो लोकबाजाहरु,<br>-मेरो लोकगीतहरु,<br>-मेरो चाडपर्वहरु,<br>-मेरो वडाका मेला तथा उत्सवहरु, |

## ७.२ विषयवस्तुको क्षेत्र र क्रम कक्षा ४-५

| क्षेत्र | कक्षा ४ | कक्षा ५ |
|---|---|---|
| सूर्यगढीको परिचय | -सूर्यगढी गाउँपालिकाको भौगोलिक अवस्था,<br>- सूर्यगढी गाउँपालिका अन्तर्गतका वडाहरु(वडा संख्या र जनसंख्या)<br>- गाउँपालिकाभित्रका मुख्य बाटाहरू<br>-हाम्रो वडा र छिमेकी वडाका उत्पादनशील भूमि र जङ्गलहरु, | -सूर्यगढीको ऐतिहाँसिकता<br>- हाम्रो वडाको मानचित्र र वडाभित्रका मुख्य मुख्य स्थानहरू<br>- सूर्यगढी गाँपालाको जनसंङ्ख्या ( महिला र पुरुष)<br>- सूर्यगढी गाउँपालिका बासिन्दाहरुको मुख्य पेशा, आयस्रोतहरु<br>-सूर्यगढी गाउँपालिकाभित्रका उत्पादनशील भूमिहरु, बनजङ्गल तथा खोलाहरु, |
| स्थानीय पेशा व्यवसाय | -जैविक खेतीको परिचय दिन,<br>-खाद्यबाली र नगदेबालीको उत्पादन समय,<br>-हाम्रो वडाका मुख्य खाद्यबालीहरु ( मकै, धान, गहुँ, कोदो)<br>-हाम्रो वडाको मुख्य नगदेबालीहरू,( उखु, अलैची, अदुवा, बेसार)<br>- करेसाबारी र तरकारी खेती( आलु, प्याज,काउली,बन्दा गोभी, रायो,मुला आदी)<br>-प्राङ्गारीक मलको परिचय , उपयोगिता र प्रयोग)<br>-पशुपन्छी पालन( गाई,भैसी, बाखा, बङ्गुर, कुखुरा, हाँस आदी)<br>-स्थानीय जडिबुटीको परिचय, उपयोगिता र संरक्षणका उपायहरू)<br>-ब्यापार ब्यवसाय उद्योग | -जैविक खेतीको परिचय र अभ्यास,<br>-खाद्यबाली र नगदेबालीको उत्पादन र भण्डारण गर्ने तरीका,<br>-हाम्रो वडाका मुख्य खाद्यबालीहरुको उत्पादन समय र उत्पादनको अवस्था र उपयोग ( मकै, धान, गहुँ, कोदो)<br>हाम्रो वडाको मुख्य नगदेबालीहरुको उत्पादन तथा उपयोग,( उखु, अलैची, अदुवा, बेसार)<br>-मौसमी र बेमौसमी तरकारीको परिचय र प्रयोग,<br>-करेसाबारी र जैविक तरकारी खेती( आलु, प्याज, काउली, रायो, बन्दागोभी, मुला, गाँजर, लसुन)<br>-प्राङ्गारीक र रासायनीक मल बिच तुलना , प्राङ्गारीक मलको प्रयोग,<br>- पशुपन्छी पालन( गाई,भैसी, बाखा, बङ्गुर, कुखुरा, हाँस आदी) को महत्व र आवश्यकता<br>- स्थानीय जडिबुटीको परिचय, उपयोगिता र संरक्षणका उपायहरू)<br>-काठमिल, पसल र होटल |
| | सकिने सामग्रीहरुको पहिचान गर्न,<br>-रैथाने प्रविधिबाट निर्मित घरेलु सामग्रीहरुको आवश्यकता र महत्व बझ्न,<br>-रैथाने सीप र प्रविधिको उपयोग गर्न,<br>-जाँतो, ढीकी, ठेगी, मदानी, डोको, डालो , मान्द्रो आदिको पहिचान र प्रयोग गर्न,<br>- जाँतो, ढीकी, ठेगी, मदानी, डोको, डालो , मान्द्रो, कोल, गुन्द्री, सुकुल, चकटी, मान्द्रो आदिको आवश्यक्ता बताउन,<br>-पानी घट्ट र कोलको उपयोगिता बताउन,<br>-स्थानीय मौलिक प्रविधिको संरक्षण र उपयोग गर्न, | गरी निर्माण गर्न सकिने सामग्रीहरुको नाम सम्झन र अभिव्यक्त गर्न लगाउने,<br>-रैथाने प्रविधिबाट निर्मित घरेलु सामग्रीहरुको नाम र काम भन्न लगाउने,<br>-रैथाने प्रविधिबाट निर्मित घरेलु सामग्रीहरुको महत्व र आवश्यकता बताइदिने,<br>-जाँतो ,ढिकी, ठेकी, मदानी , डोको, डालो, कोल, गुन्द्री, सुकुल, चकटी,मान्द्रोको प्रयोग पृष्ठभूमी बताइदिने,<br>-स्थानीय भ्रमण गराई यी साधनहरुको उपयोग गर्न अभ्यास गराउने तथा उपयोगिता भन्न लगाउने,<br>-पानी घट्ट र कोलको उपयोगिता बताउने ।<br>-पानी घट्ट र कोल बनाउने विधि र त्यसको प्रयोग गर्ने विधिका बारेमा बताउने,<br>- पानी घट्ट र कोल बनाउने विधि र त्यसको प्रयोग गर्ने विधिका बारेमा छलफल गराउने,<br>-पानी घट्ट र कोलको संरक्षण र सम्बर्द्धन गर्ने उपायहरु भनिदिने,<br>-स्थानिय भ्रमणको आयोजना गरी कोलमा उखु, तोरी पेल्ने ठाउँ देखाउने,<br>-स्थानीय प्रविधि सम्बन्धि लोकगीतहरु सुनाईदिने र | भिडियोहरु र पोस्टरहरु | भन्न।<br>-जाँतो, ढिकि, ठेकि,मदानि,डोको,डालो, मान्द्रोको प्रयोग किन गरिन्छ।<br>-ठेकि र मदानिको प्रयोग गरी दहि मथेर देखाउन,<br>-कोलको प्रयोग गरेर देखाउन।<br>-कोल र पानीघट्टको चित्र देखाउन,। |

| क्षेत्र | सिकाइ उपलब्धि | सिकाइ सहजीकरण प्रक्रिया | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया |
|---|---|---|---|---|
| | | गाउन गाउन तथा नाच्न लगाउने।<br>-कोल र पानीघट्टको चित्र बनाउन लगाउने | | |
| हाम्रो संस्कृती | -आफ्नो वडा र छिमेकी वडाहरूमा बसोबास गर्ने जातजातीका बारेमा परिचित हुन,<br>-समाजमा सबै जातजाती, धर्म, भाषाभाषीका मानिसहरुसँग मिलनसार व्यवहार गर्न,<br>-स्थानीय चालचलनसँग परिचित हुन र व्यवहार गर्न,<br>-आफ्नो वडाभित्र र छिमेकी वडाका मानिसहरुले लगाउने मौसमअनुसारका पोसाक तथा गहनाहरूको नाम भन्न ,<br>-महिला र पुरुषको पहिरहनको फरक छुट्याउन,<br>-स्थानीय लोकबाजाको प्रयोग गर्न,<br>-स्थानीय लोकगीत गाउन र नाच्न,<br>-आफ्नो वडा र छिमेकी वडामा लाग्ने मेला तथा उत्सवहरुको समय बताउन,<br>-आफ्नो वडाभित्रमा लाग्ने मेला तथा उत्सवहरुको नाम भन्न, | -आफ्नो वडा र छिमेकी वडाहरुमा बसोबास गर्ने जातजातीहरुका नाम भन्न लगाउने , शिक्षकले सहजिकरण गर्ने,<br>-समुह बिभाजन गरी समाजमा बसोवास गर्ने विभिन्न जातजातीको अभिनय गर्न लगाई सामुहिक मिलनसारीताको नमुना देखाउन लगाउने,<br>-वडामा बसोबास गर्ने विभिन्न धर्मालम्बीहरुका बारेमा बताइदिने ,<br>-धार्मीक सहिष्णुता र आपसी मित्रताको बारेमा उल्लेख गर्ने,<br>-वडाभित्रका मानिसहरुका मौसमअनुसारका खाना र पोसाकहरुका नाम भन्न,<br>-महिलाहरुले लगाउने गहनाको नामहरु भन्न लगाउने,<br>-महिला र पुरुषले लगाउने पोसाकबिच फरक छुट्याउन लगाउने,<br>-स्थानीय लोक बाजाहरुको नाम भन्न,<br>-स्थानीय लोक गीत र लोकनृत्यका बारेमा छलफल गराउने,<br>-आफ्नो वडाभित्रलाग्ने स्थानीय मेलाहरुको नाम | चित्रहरु,भिडियोहरु,पोस्टरहरु स्थानीय बिज्ञ | -तिम्रो वडा र छिमेकी वडाहरुमा कुन कुन जातिका मानिसहरु बस्दछन् ?<br>-तिम्रो वडा र छिमेकी वडाहरुमा कुन कुन धर्म मान्ने मानिसहरु बस्दछन ?<br>-तिम्रो समाजमा मानिसहरूको दैनिकी खाना र पहिरहनको नाम भन ।<br>-स्थानीय लोकबाजाहरु र लोक गीतको कामहरु बताऊ ।<br>-तिम्रो समाजमा लाग्ने महत्वपूर्ण मेलाहरुको नाम भन । |

| क्षेत्र | सिकाइ उपलब्धि | सिकाइ सहजीकरण प्रक्रिया | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया |
|---|---|---|---|---|
| | | ,मेला लाग्ने समय र स्थानहरुबारे बताइदिने , -स्थानीय मेला र उत्सवहरुमा गरिने रमाइला पक्षहरुको बारेमा चर्चा गर्ने | | |

कक्षाः ४

| क्षेत्र | सिकाइ उपलब्धि | सिकाइ सहजीकरण | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया |
|---|---|---|---|---|
| सूर्यगढीको परिचय | -सूर्यगढीको भौगोलिक अवस्था (सिमाना ,क्षेत्रफल) भन्न , -गाउँपालिका भित्र का वडाहरुको सङ्ख्या र वडा कार्यालयको ठेगाना भन्न, -गाउँपालिकाभित्रका महिला र पुरुषको जनसङ्ख्या भन्न, -गाउँपालिकाभित्रका मुख्य बाटाघाटाहरु भन्न, -गाउँपालिकाभित्र हुने आर्थिक क्रियाकलापको सूची तयार गर्न, -आफ्नो वडा र छिमेकी वडाभित्रका उत्पादनशील भूमी र बनजङ्गलको नाम भन्न, | -सूर्यगढी गाउँपालिकाको नक्सा देखाई गाउँपालिककाको क्षेत्रफल, सिमाना र जनसङ्ख्या ( महिला र पुरुष) बताइदिने, -सूर्यगढी गाउँपालिकाको नक्सा देखाई गाउँपालिकाको धरातलिय स्वरुप बताइदिने, -सूर्यगढी गाउँपालिकाको नक्सा देखाई गाउँपालिकाभित्र रहेका वडाको संङ्ख्या बताइदिने, -सूर्यगढी गाउँपालिकाभित्र रहेका वडा कार्यालयहरुको ठेगाना भन्न लगाउने, -क्षेत्र भ्रमण गराई गाउँपालिकाभित्रका मुख्य बाटोघाटोहरुको पहिचान गराउने, -सूर्यगढी गाउँपालिकाको नक्सा देखाई आफ्नो वडा र छिमेकी वडाभित्रका उत्पादनशील भूमि, नाङ्गो डाँडा , पाखा र बनजङ्गलहरुको नाम भन्न लगाउने, | नक्सा , भिडियो, चित्रहरू, पोस्टरहरु र स्थानीय विज्ञ | -सूर्यगढी गाउँपालिकाको क्षेत्रफल, जनसङ्ख्या र वडा संख्या कति छन?<br>-सूर्यगढी गाउँपालिकाको छिमेकी पालिकाहरु के के हुन?<br>-सूर्यगढी गाउँपालिकाका मुख्य मुख्य बाटाहरु कुन कुन हुन्?<br>-सूर्यगढी गाउँपालिकाका बिभिन्न वडा कार्यालयहरु कुन कुन स्थानमा राखिएका छन् ?<br>-सूर्यगढी गाउँपालिकाका मुख्य आर्थिक स्रोतहरु के के हुन? |
| स्थानीय पेशा व्यवसाय | -जैविक खेतीको परिचय दिन, -खाद्यबाली र नगदे बालीहरुको उत्पादन समय बताउन, -आफ्नो वडाभित्र खाद्यबाली ( मकै, गहुँ,धान , कोदो) को | -शिक्षकले जैविक खेतीका बारेमा सामान्य परिचय त्यसको महत्व र आवश्यक्ता बताइदिने, -खाद्यबाली र नगदेबालीको परिचय,महत्व र आवश्यक्ता बताइदिने, | चित्रहरु, भिडियोहरु, तालिकाहरु | -जैविक खेतिको आवश्यकता र महत्व बताउ ।<br>-खाद्यबाली र नगदेबाली बिच के फरक रहेको छ?<br>-तिम्रो समाजमा उत्पादन हुने खाद्यबाली र नगदेबालीहरुका नामहरु र तिनीहरुको उत्पादन हुने समय भन । |

| क्षेत्र | सिकाइ उपलब्धि | सिकाइ सहजीकरण | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया |
|---|---|---|---|---|
| | उत्पादन हुने क्षेत्रहरुको नाम भन्न ,<br>-आफ्नो वडाभित्र नगदेबाली( उखु,अलैची,बेसार,अदुवा) को उत्पादन हुने क्षेत्रहरुको नाम भन्न,<br>-घर तथा स्थानीय समुदायमा उत्पादन हुने कृषिजन्य उत्पादनको पहिचान गर्न,<br>-तरकारी (आलु,प्याज,काउली, बन्दा गोभी, रायो, मुला, आदि) खेती गर्ने कार्यमा सहभागी हुन,<br>-प्राङगारीक मल बनाउने तरीका बताउन,<br>-पशुपन्छी ( गाई, भैसी, बाख्रा, बङ्गुर, सुँगुर,कुखुरा, हाँस आदि) पालनको परिचय दिन,<br>-स्थानीय जडिबुटीहरुको पहिचान गरी त्यसको उपयोगिता बताउन, | -खाद्यबाली र नगदेबालीको सूची बनाई ती बालीहरु उत्पादन हुने समय बताउन लगाउने र शिक्षकले सहजीकरण गर्ने,<br>-मकै, गहुँ , धान कोदो उत्पादन हुने क्षेत्रहरुको भ्रमण गराउने र उत्पादन प्रक्रियालाई टिपोट गर्न लगाउने,<br>-आफ्नो वडाभित्र उत्पादन हुने नगदेबालीहरुको नाम भन्न लगाउने,<br>-उखु , अलैची, बेसार, अदुवा, उत्पादन हुने क्षेत्र भ्रमण गराई यसको उत्पादन प्रक्रियाबारे बताइदिने<br>-समुह बिभाजन गरी घर तथा स्थानीय समुदायमा उत्पादन हुने कृषिजन्य उत्पादनहरुको पहिचान गर्न लगाउने र शिक्षकले आवश्यक सहजीकरण गर्ने,<br>-समुह बिभाजन गरी समुहगतरुपमा बालबालिकाहरुलाई विद्यालय र नजिकको जमिनमा आलु , प्याज, काउली, बन्दा गोभी, रायो, मुला, आदिको उत्पादन प्रक्रियाम सहभागी गराउने,<br>-प्राङगारीक मलको परिचय दिने, र यसलाई तयार गर्ने तरिकाका बारमा बताइदिने,<br>-विद्यालयमा प्राङगारीक | | -मकै, कोदो, गहुँ, धान उत्पादन कसरी गरिन्छ?<br>-तिम्रो वडाभित्र कुन कुन क्षेत्रमा उखु, अलैची, बेसार, र अदुवा उत्पादन गर्न सकिन्छ?<br>-विद्यालय वा नजिकको जमिनमा आलु , प्याज, काउली, बन्दा गोभी, रायो, मुला रोपेर देखाउ ।<br>-प्राङगारीक मल भनेको के हो?<br>-स्थानीय जडिबुटिहरुको नाम भन । |

| क्षेत्र | सिकाइ उपलब्धि | सिकाइ सहजीकरण | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया |
|---|---|---|---|---|
| | | मल बनाउनको लागी अभ्यास गराउने,<br>-प्राङगारीक मलको फाइदाहरु बताइदिने,<br>-गाइ, भैंसी, बाखा, बङ्गुर , सुँगुर ,कुखुरा हाँस आदि पालनसम्बन्धी सामुहिक छलफल गराउने र पशुपालनको उपयोगिता बारे बताइदिने,<br>-चित्र देखाइ स्थानीय जडिबुटीहरुको नाम संकलन गर्न लगाउने,<br>-स्थानीय जडिबुटीहरुको फाइदा र उपयोगिताको बारेमा छलफल गराउने,<br>-जडिबुटी संरक्षण सम्बन्धी  बालगित सुनाइदिने र विद्यार्थीहरुलाई गाउन लगाउने, | | |
| पर्यटन विकास | -वडाभित्रका पर्यटकीय स्थलहरुको सामान्य परिचय दिन,<br>-गाउँपालिका भित्र ऐतिहाँसिक तथा प्राकृतिक स्थलहरुको परिचय दिन र भ्रमण गर्न,<br>-पर्यटक र पर्यटनको परिचय दिन,<br>-पर्यटन व्यवसाय विकासका पूर्वाधारहरु बताउन, | -आफ्नो वडाभित्र पर्यटकीय क्षेत्रहरुको नाम टिपोट गर्न लगाउने, शिक्षकले सहजिकरण गर्ने,<br>-ती पर्यटकीय स्थलहरुको पर्यटकीय महत्वबारेमा छलफल गराउने,<br>-सूर्यगढी गाउँपालिकाभित्रका ऐतिहाँसिक  तथा प्राकृतिक स्थलहरुको क्षेत्र भ्रमण गराई तिनिहरुको बारेमा  चर्चा गरिदिने,<br>-आन्तरिक र बाह्य पर्यटकहरुका बारेमा बताइदिने,<br>-पर्यटन ब्यवसायबाट हुने फाइदाहरुका बारेमा | -चित्रहरु, भिडियोहरु, तस्बिहरु | -सूर्यगढी गाउँपालिकाभित्रका ऐतिहाँसिक र प्राकृतिक पर्यटकिय स्थलहरुको नाम भन ।<br>-आन्तरिक र  बाह्य पर्यटक बिच के फरक छ?<br>- पर्यटन व्यवसायबाट हुने कुनै पाँच ओटा फाइदाहरु लेख ।<br>-पर्यटकहरुप्रति कस्तो व्यवहार गर्नुपर्छ?<br>-पर्यटन विकासका लागि कुनै पाँच पूर्वाधारहरुको नाम भन ।<br>-होमस्टे कलाई भनिन्छ? |

| क्षेत्र | सिकाइ उपलब्धि | सिकाइ सहजीकरण | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया |
|---|---|---|---|---|
| | | बताइदिने,<br>-पर्यटकहरुलाई हामीले गर्नुपर्ने व्यवहारहरुका बारेमा सामुहिक छलफल गराउने र निष्कर्ष तयार गर्न लगाउने,<br>-पर्यटन विकासका लागि आवश्यक पूर्वाधारहरु भनिदिने,<br>-होमस्टेको सामान्य परिचय दिने,<br>-होमस्टे विकासका लागि सम्भावना बारे सामुहिक छलफल गराउने, | | |
| नागरीक चेतना | - दुर्व्यसनका बारेमा परिचित हुन,<br>-धुम्रपान मद्यपान र लागूपदार्थ सेवनका समस्याहरुप्रति सचेत रहन,<br>-लैङ्गिक हिंसा सम्बन्धी गतिविधिहरुको सूचि निर्माण गर्न,<br>-अपहरणजन्य क्रियाकलापहरुप्रति पूर्ण सजग रहन,<br>-ट्राफिक चिन्हको पहिचान गर्न तथा व्यवहार प्रदशन गर्न,<br>-समाजमा आइपर्ने हरेक खाले दुर्घटना र प्रकोपप्रति सजग र सचेत रहन, | -दुर्व्यसनका बारेमा सविस्तार व्याख्या गरिदिने,<br>-धुम्रपान , मद्यपान र लागूपदार्थ सेवनका समस्याहरु बताइदिने,<br>-धुम्रपान, मद्यपान र लागूपदार्थजन्य बस्तुहरुको नाम भन्न लगाउने,<br>-धुम्रपान मद्यपान र लागूपदार्थ सेवन सम्बन्धी लघु नाटक प्रदर्शन गर्न लगाउने,<br>-लैङ्गिक हिंसाका कारणहरु खोजी गर्न लगाउने र यसको न्यूनिकरणमा छलफल गराउने,<br>-लैङ्गिक हिंसासम्बन्धी गतिविधिहरुको सूची तयार पार्न लगाउने,<br>-अपहरणजन्य क्रियाकलापसम्बन्धी छोटो भिडियो प्रदर्शन गराइ सचेत रहन अभ्यास गराउने, | चित्रहरु, भिडियोहरु, पोस्टरहरु | -दुर्व्यसन केलाई भनिन्छ?<br>-धुम्रपान, मद्यपान र लागूपदार्थजन्य बस्तुहरुको सेवनबाट हाम्रो स्वास्थ्यमा पर्ने असर के के हुन ?<br>-लैङ्गिक हिंसा कसरी हुन्छ?<br>-अपहरणबाट कसरी सचेत रहन सकिन्छ?<br>-दुर्घटनाबाट बच्ने कुनै पाँच उपायहरु भन ।<br>-बाढी , पहिरो, चटयाङ र भूकम्पबाट कसरी बच्न सकिन्छ? |

| क्षेत्र | सिकाइ उपलब्धि | सिकाइ सहजीकरण | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया |
|---|---|---|---|---|
| | | -भिडियो देखाई ट्राफिक चिन्हहरु टिप्न लगाउने, ट्राफिक नियम पालनासम्बन्धी लघूनाटक प्रदशन गर्न लगाउने, -दुर्घटना र प्रकोपका बारेमा परिचय दिने, -दुर्घटनाबाट बच्ने उपायाहरु बताइदिने, -बाढी , पहिरो, चट्याङ, भूकम्पबाट बच्न अपनाउनुपर्ने सचेतताका बारेमा भिडियो देखाउँदै सामुहिक अभ्यास गराउने, | | |
| हाम्रो वातावरण | -व्यक्तिगत तथा सामुहिक सरसफाइ व्यवहार प्रदर्शन गर्न, -कुहिने , नकुहिने र धातुजन्य फोहरमैला व्यवस्थापन गर्न, -पानी शुद्ध गर्ने विधिहरुको प्रयोग गर्न, -शौचालय उपयुक्त तरिकाले प्रयोग गर्न, -गाउँ टोलमा वृक्षारोपण गर्ने क्रियाकलापमा सरिक हुन, -दूषित पानी र हावाबाट सर्ने रोगहरुको नाम भन्न, -हावापानी परिवर्तनका असरहरुप्रति सचेत रहन, | -बालबालीकाहरुलाई नङ काट्न , कपाल कोर्न,हात धुन, नुहाउन बारम्बार अभ्यास गराउने, -कुहिने , नकुहिने र धातुजन्य फोहरहरुको नाम टिपोट गर्न लगाउने, - कुहिने , नकुहिने र धातुजन्य फोहरहरुको व्यवस्थापन गर्ने तरिकाबारे छलफल गराउने, -पानी शुद्ध गर्ने विधिका बारेमा बताइदिने, -पानी उमाल्ने अभ्यास गराउने, -उपयुक्त तरिकाले शौचालयको प्रयोग गर्न अभ्यास गराउने, -वृक्षारोपणको परिचय दिने, यसको महत्व र आवश्यक्ताको बारेमा व्याख्या गरिदिने, -विद्यालय वृक्षारोपण क्रियाकलापमा सरिक बनाउने, | पोस्टरहरु, भिडियोहरु र वास्तविक वस्तु प्रदशन | -नङ काटेर, कपाल कोरेर , हातमुख धोएर देखाऊ । -कुहिने , नकुहिने र धातुजन्य फोहरहरुका नाम भन । - कुहिने , नकुहिने र धातुजन्य फोहरहरु व्यवस्थापनका कुनै पाँच तरिकाहरु भन। -पानी शुद्ध गर्ने कुनै तीन बिधिहरु बताउ । -उपयुक्त तरिकाले शौचालय सफा गरेर देखाउ । -वृक्षारोपण कुन आवश्यक छ? -दूषित पानी र हावाबाट सर्ने रोगहरुका नाम भन । -हावापानी परिवर्तनका असरहरू बताऊ । |

| क्षेत्र | सिकाइ उपलब्धि | सिकाइ सहजीकरण | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया |
|---|---|---|---|---|
| | | -दूषित पानी र हावाबाट सर्ने रोगहरुका नाम र यसबाट बच्ने उपायाहरुका बारेमा भनिदिने,<br>-हावापानी परिवर्तनको परिचय दिई यसका प्रभावहरुका बारेमा सामुहिक छलफल गराउने,<br>-हावापानी परिवर्तन सम्बन्धी विषयवस्तु सिर्जना गरी सामुहिक संवाद कार्यक्रम सञ्चालन गर्ने, | | |
| व्यक्तित्व विकास | -घर, विद्यालय र समाजमा अनुशासन प्रदशन गर्न,<br>-विद्यालय आचारसंहिताको पालना गर्न,<br>-समुहमा तर्कपूर्ण अभिव्यक्ति दिन,<br>-अर्काको विचारको तर्कपूर्ण खण्डन गर्न,<br>-सामुहिक नेतृत्व गर्न,<br>-बाघचाल, चेस, लुडो, , कबड्डी जस्ता खेलहरु खेल्न,<br>-अरुका समस्यालाई बोध गरी आवश्यक सहयोग गर्न,<br>-सूक्ष्म ब्यायम र ढाडको कसरत तथा उमेरअनुसार आसन र ध्यान गर्न, | -विद्यार्थीलाई सामुहिक रुपमा कक्षाकोठा तथा विद्यालयका आचारसंहिताहरु निर्माण गर्न लगाउने,<br>-कक्षागतरुपमा कुनै विषयबस्तु तोकेर वक्तृत्वकला तथा बादविबाद प्रतियोगिता सञ्चालन गर्ने र शिक्षकले सहजीकरण गर्ने,<br>-समुह बिभाजन गरी पालैपालो समुह नेता छान्ने, उसको नेतृत्वमा कार्य सम्मादन गराउने र नेतृत्ब गर्ने तरिका सिकाइदिने,<br>-सबैलाई पालैपालो नेतृत्व गर्न अवसर प्रदान गरिदिने,<br>-अरुका कुरा सुन्ने र सोहिअनुसार व्यवहार गर्न अभ्यास गराउने,<br>-काँध, गर्धन, र ढाडको | भिडियोहरु, पोस्टर,चित्रहरु | -कक्षाकोठाभित्र पालना गर्नुपर्ने आचारसंहिताहरु निर्माण गर ।<br>-बाघचाल , चेस, र लुडो कसरी खेलिन्छ ? बताऊ ।<br>-अरुको कुरा सुन र त्यसको जवाफ देऊ ।<br>-काँध , गर्धन र ढाडको कसरत गरेर देखाऊ । |

| क्षेत्र | सिकाइ उपलब्धि | सिकाइ सहजीकरण | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया |
|---|---|---|---|---|
| | | कसरत गर्न लगाउने,<br>-यौगिक व्यायमको अभ्यास गराउने,<br>-उमेरअनुसारको आसन र ध्यान गर्न अभ्यास गराउने, | | |
| मौलिक प्रविधि | -समाजमा प्रयोग हुने मौलिक प्रविधिहरुको संरक्षण र सम्वर्द्धन गर्न,<br>-रैथाने प्रविधिबाट निर्मित वस्तुहरुको प्रयोग गर्ने,<br>-स्थानीय प्रविधिहरु( कोल, ढिकी, जाँतो, घट्ट आदि) को उपयोगिता बताउन,<br>-मदानी, ठेकि, नेती लगाउएतका दही मथ्ने सामग्रीहरुको आवश्यक्ता देखाउन, | -आफ्नो समाजमा उपयुक्त मौलिक प्रविधिहरुको नाम सङ्कलन गर्न लगाउने,<br>-रैथाने प्रविधिबाट निर्मित वस्तुहरुको नाम र तिनिहरुको काम बताउन,<br>-कोल , ढिकी, जाँतो , घट्टको उपयोगिता बताइदिने,<br>-कोल, ढिकि,जाँतो र घट्ट भएको स्थानहरुमा विद्यार्थीहरुलाई भ्रमण गराई सामान्य टिपोट गर्न लगाउने,<br>-मदानी, ठेकी, नेती लगाएतका दही मथ्ने सामग्रीहरुको सामान्य परिचय दिने र यिनीहरुको आवश्यकता बताइदिने,<br>- मदानी, ठेकी, नेती लगाएतका दही मथ्ने सामग्रीहरुको प्रयोग गर्न लगाउने,<br>-स्थानीय र अभिवावक किसानहरुलाई बोलाएर मदानी, ठेकी र नेतोको प्रयोग गर्ने तरिकाबारेमा अभ्यास गराउन सहयोग गर्ने । | -भिडियोहरु, चित्रहरु र वास्ताविक वस्तु प्रदशन | -तिम्रो समाजमा मौलिक प्रविधिहरुको नाम भन ।<br>-रैथाने प्रविधिबाट निर्मित वस्तुहरुको नाम बताऊ ।<br>-तिमिले कोल, घट्ट, ढिकि, र जाँतो देखेका छौ?<br>-कोल, ढिकि, जाँतो र घट्टको उपयोगिता बताऊ ।<br>-मदानी, ठेकी, नेती के कामका लागि प्रयोग गरिन्छ?<br>-मदानी , ठेकी, नेतीको उपयोगिता बताऊ । |
| हाम्रो संस्कृति | -सूर्यगढी गाउँपालिका भित्रका जातजातीहरुको सूची तयार गर्न,<br>-चाडपर्व मनाउने मानिसहरुले देखाउने | -सूर्यगढी गाउपालिकाभित्र बसोबास गर्ने जातजातिहरुको नाम सङ्कलन गर्न लगाउने,<br>-ती जातजातिहरुका | -भिडियो, विज्ञ व्यक्तिहरुको , चित्र | -सूर्यगढि गाउपालिकाभित्र बस्ने जातजातिहरुको नाम र तीनिहरुको कुनै पाँच संस्कारहरु भन,<br>-तिम्रो समाजमा मनाईने |

| क्षेत्र | सिकाइ उपलब्धि | सिकाइ सहजीकरण | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया |
|---|---|---|---|---|
| | असल र खराव व्यवहारहरु छुटयाउन,<br>-मादल , डम्फू, बाँसुरी, ढ्याङ्ग्रो र शंख आदि बजाउन,<br>-स्थानीय लोक गीत (भजन, बालन, दोहोरी, दुवा, झ्याउरे, तामाङ सेलो आदि) गाउन तथा नाच्न,<br>-स्थानिय मेला तथा उत्सवहरुका बारेमा वर्णन गर्न। | लवाईखुवाइ, भेषभुषा , संस्कार , चालचलनका बारेमा छलफल गर्न लगाउने,<br>-समूहगत रुपमा चाडपर्व मनाउँदा मानिसहरुको प्रदर्शन गर्ने असल र खराब प्रवृतिहरु बारेमा भन्न लगाउने,<br>-चाडपर्व मनाउँदा अवलम्बन हुँदै आएका खराब प्रवृतिलाई निराकरण गर्ने उपायहरुको खोजी गर्ने,<br>-लोकबाजाहरुको नाम, तिनिहरुको काम र उपयोगिताहरु बताईदिने ,<br>-स्थानिय विज्ञ अभिभावक वाद्यवादकको सहयोग लिई मादल ,डम्फू, र झ्यालि बजाउन अभ्यास गराउने,<br>-स्थानीय मेला तथा उत्सवहरुका बारेमा बताउन लगाउने , | | चाडपर्वको नाम भन,<br>-चाडपर्व मनाउदा के के कुरामा ख्याल पुर्याउनु पर्छ?<br>-तिम्रो समाजमा बजाईने लोकबाजाहरुको नाम र तिनिहरुको काम बताउ।<br>-तिम्रो समाजमा गाईने स्थानीय लोकगीतहरुको नाम भन र तीनिहरुलाई गाएर देखाउ। |

कक्षाः ५

| क्षेत्र | सिकाइ उपलब्धि | सिकाइ सहजिकरण प्रक्रिया | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया |
|---|---|---|---|---|
| सूर्यगढीको परिचय | -गाउँपालिकाको नामकरण बारे जानकारी दिन,<br>-आफू बस्ने वडाको नक्सा कोर्न र नक्सामा मुख्य मुख्य स्थान देखाउन,<br>-गाउँपालिकाभित्र वडाअनुसारको घरधुरी सङ्ख्या र मुख्य मुख्य पेशाहरु बताउन,<br>-गाउँपालिकाभित्रका वडाअनुसारको जनसङ्ख्या ( महिला र पुरूष) भन्न,<br>-गाउपालीकाभित्रका मानिसहरुको आयस्रोत पहिचान गर्न,<br>-सूर्यगढी गाउँपालिकाभित्रका उत्पादनशील भुमी, बनजङ्गल तथा खोलाहरुको नाम बताउन, | -शिक्षकले सूर्यगढी गाउँपालिकाको नामकरण सम्बन्धमा व्याख्या गरिदिने<br>– विद्यार्थीहरुलाई पालैपालो सूर्यगढी गाउँपालिकाको नामकरणको बारेमा भन्न लगाउने,<br>-सूर्यगढी गाउँपालिकाको नक्सा देखाई यसअन्तर्गतका बिभिन्न वडाहरु छुट्याएर देखाइदिने,<br>-वडाको नक्सामा वडाभित्रका मुख्य मुख्य स्थानहरु देखाउन प्रेरित गर्ने,<br>-सूर्यगढी गाउँपालिकाभित्र बसोबास गर्ने महिला र पुरुषको जनसङ्ख्या बताइदिने र विद्यार्थीहरुलाई स्मरण गर्नन लगाउने,<br>-सूर्यगढी गाउँपालिकाभित्रका घरधुरी सङ्ख्या र यहाँ बसोबास गर्ने मानीसहरुको मुख्य पेसाहरु बताइदिने र विद्यार्थीहरुलाई पालैपालो गरी बताउन लगाउने,<br>-सूर्यगढी गाउँपालिका बासीहरुको आयस्रोत बताउन लगाउने, र शिक्षकले सहजिकरण गर्ने,<br>-सूर्यगढी गाउँपालिकाको भौगोलिक नक्सा देखाई सूर्यगढी गाउँपालिकाभित्रका उत्पादनशील भूमि, वनजङ्गल तथा खोलाहरुक नाम उल्लेख गरिदिने,<br>-समुह बिभाजन गरी सूर्यगढी गाउँपालिकाभित्रका मुख्य सडक, खोला, वनजङ्गल, ताल, उत्पादनशील जमिन छुट्याउन लगाउने , | -सूर्यगढी गाउँपालिकाको नक्सा , तालिका , चित्रहरु | -सूर्यगढी गाउँपालिकाको नामकरण कसरी भयो?<br>-सूर्यगढी गाउँपालिकाबाट यसअन्तर्गतका सबै वडाहरु छुट्याएर देखाउ ।<br>-तिम्रो वडाको नक्सा बनाऊ र मुख्य मुख्य स्थानहरु छुट्याउ ।<br>- सूर्यगढी गाउँपालिकाको जनसङ्ख्या र घरधुरी सङ्ख्या कती छ?<br>-सूर्यगढी गाउँपालिकाबासीहरुको मुख्य आयस्रोतहरु के के हुन?<br>-सूर्यगढी गाउँपालिकाको नक्सामा मुख्य मुख्य उत्पादनशील जमिन, खोला, सडक, ताल, वनजङ्गल छुट्याएर देखाऊ। |

| क्षेत्र | सिकाइ उपलब्धि | सिकाइ सहजिकरण प्रक्रिया | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया |
|---|---|---|---|---|
| स्थानीय पेशा व्यवसाय | -जैविक खेतीको परिचय दिन र व्यवहार प्रदशन गर्न,<br>-खाद्यबाली र नगदे बालीहरुको उत्पादन समय र भण्डारण गर्ने तरिका बताउन,<br>-आफ्नो वडाभित्र खाद्यबाली (मकै, गहुँ, धान , कोदो) को उत्पादन हुने समय र उपयोग बताउन,<br>-आफ्नो वडाभित्र नगदेबाली ( उखु, अलैंची, अदुवा, तोरी, टिमुर) को उत्पादन समय  उपयोग बताउन,<br>-मौसमी र बेमौसमी तरकारी खेतीको परिचय दिन तथा खेती गर्ने कार्यमा सहभागी हुन,<br>-तरकारी ( आलु, प्याज, काउली, बन्दा गोभी, रायो, मुला आदि) खेती गर्ने कार्यमा सहभागी हुन,<br>-गाउँपालिकाभित्रका व्यापारीक केन्द्रको नाम बताउन,<br>-प्राङ्गारीक मल बनाउने कार्यमा सहभागी हुन,<br>-रासायनिक मल र प्राङ्गारीक मल बिच फरक छुट्याउन,<br>-पशुपन्छी ( गाइ, भैसी, बाख्रा, बङ्गुर, कुखुरा, हाँस) पालनको | -जैविक खेतीको परिचय दिने<br>-विद्यालयको खाली जमिनमा जैविक खेती गर्न लगाउने,<br>-मकै, गहुँ, जौ, कोदो, फापरको उत्पादन समय र उत्पादित अनाजलाई भण्डारण गर्ने तरिका बताइदिने,<br>-आलु, प्याज, लसुन, काउली, रायो, , बन्दागोपी, टमाटरको उत्पादन समय र उत्पादित तरकारीको भण्डारण गर्ने तरिका बताइदिने,<br>-समुह बिभाजन गरी विद्यालयभित्र वा बाहिर आलु, प्याज, लसुन, काउली, रायो, बन्दा गोभी, मुलाको उत्पादन प्रक्रियामा सहभागी बनाउने,<br>-उखु, अलैची, अदुवा, बेसार, तोरी, टिमुरको उत्पादन समय र उपयोगका  सम्बन्धमा सामुहिक छलफल गराउने र शिक्षकले सहजीकरण गर्ने,<br>-मौसमी र बेमौसमी तरकारी खेतीको परिचय दिने,<br>- मौसमी र बेमौसमी तरकारी खेतीको सामुहिक अभ्यास गराउने,<br>-गाउँपालिकाभित्रको मुख्य व्यापारीक केन्द्रहरुको नाम भनिदिने,<br>-प्राङ्गारीक मलको परिचय दिने,<br>-प्राङ्गारीक मल बनाउने कार्यमा सहभागी गराउने,<br>-रासायनिक मल र प्राङ्गारीक मल बिच रहेका भिन्नता बताइदिने,<br>-गाइ, भैसी, बाख्रा, बङ्गुर,कुखुरा,हाँस, पालनका फाइदाहरु बताउन, | चित्रहरु, भिडियोहरु र प्रत्यक्षबस्तु | -जैविक खेती केलाई भनिन्छ?<br>-तिम्रो घरमा उत्पादित खाद्य बाली तथा तरकारीलाई कसरी भण्डारण गर्ने गरिन्छ?<br>-उखु, अलैंची, अदवा, बेसार र तोरीको उत्पादन समय बताऊ ।<br>-मौसमी र बेमौसमी तरकारीबिच के फरक छ?<br>-गाउँपालिकाभित्रका मुख्य व्यापारिक केन्द्रहरुको नाम भन।<br>-प्राङ्गारीक मल कसरी तयार गरिन्छ?<br>-गाई,भैंसी, बाख्रा, बङ्गर,कुखुरा, हाँस, पालनबाट हुने कुनै पाँच फाइदाहरु बताऊ ।<br>-स्थानीय कुनै पाँच जडिबुटीहरुको नाम बताऊ । |

| क्षेत्र | सिकाइ उपलब्धि | सिकाइ सहजिकरण प्रक्रिया | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया |
|---|---|---|---|---|
| | परिचय दिन र सो कार्यमा सहभागी हुन,<br>-जडिबुटीहरुको पहिचान गरी त्यसको संरक्षण गर्ने उपायहरूको खोजी गर्ने, | -घरमा गाई भैसी, बाख्रा, बङ्गुर, कुखुरा, हाँस पालनमा आफ्नो सहभागिताबारे भन्न लगाउने,<br>-स्थानीय महत्वपूर्ण जडिबुटिहरूको नाम र तिनीहरूको काम बताइदिने,<br>-समुह बिभाजन गरी स्थानीय स्तरमा पाइने जडिबुटीहरुको नाम संकलन गर्न लगाउने,<br>-स्थानीय जडिबुटीहरुलाई संरक्षण गर्ने उपायहरूको बारेमा छलफल गराउने र निष्कर्ष तयार गर्न लगाउने, | | |
| पर्यटन विकास | -सूर्यगढी गाउँपालिकाभित्रका पर्यटकिय स्थलहरुको नाम र स्थान बताउन,<br>-गाउँपालिकाभित्रका ऐतिहाँसिक तथा प्राकृतिक स्थलहरुको परिचय दिन,<br>-पर्यटक र पर्यटनको परिचय दिन,<br>-पर्यटन व्यवसायबाट हुने फाइदाहरु र पर्यटन व्यवसायका पूर्वाधार बताउन, | -सूर्यगढी गाउँपालिकाभित्रका महत्वपूर्ण पर्यटकिय स्थलहरुको नाम भनिदिने,<br>-गाउँपालिकाभित्रका ऐतिहाँसिक तथा प्राकृतिक स्थलहरुको नाम भनिदिने, सबैलाई स्मरण गर्न लगाउने,<br>-गाउँपालिकाभित्रको कुनै एउटा महत्वपूर्ण ऐतिहाँसिक वा प्राकृतिक स्थलहरुको भ्रमण गराउने, त्यसको महत्वका बारेमा सोधखोज गर्न प्रेरित गर्ने,<br>-विद्यार्थीहरुलाई सामुहिक रुपमा पर्यटक देखे नदेखेको सोध्ने, यदि कसैले देखेको भए पर्यटकका बारेमा भन्न लगाउने र अन्य विद्यार्थीहरुलाई सुन्न लगाउने,<br>-पर्यटन व्यवसाय र यसको महत्वको बारेमा चर्चा गरिदिने,<br>-पर्यटन व्यवसायका पूर्वाधारहरुको सूची तयार पार्न लगाउने, | -चित्रहरु,<br>भिडियोहरु,<br>र प्रत्यक्षवस्तुहरु | -सूर्यगढी गाउँपालिकाभित्रका महत्वपूर्ण पर्यटकिय स्थलहरुको नाम बताउने,<br>-तिमिले पर्यटक देखेका छौ?<br>-पर्यटन व्यवसायबाट हुने फाइदाहरु बताऊ ।<br>-पर्यटन भन्नाले के बुझेका छौ?<br>-पर्यटन विकासका लागि आवश्यक हुने पाँच पूर्वाधारहरुको नाम बताऊ । |
| नागरीक चेतना | -दुर्व्यसनयुक्त क्रियाकलापहरुको नाम भन्न, | -दुर्व्यसनयुक्त क्रियाकलापहरुको सूची प्रस्तुत गरी ब्याख्या गर,<br>-धुम्रपान, मद्यपान र | चित्रहरु, भिडियोहरु र प्रत्यक्ष वस्तु | -दुर्व्यसनयुक्त क्रियाकलापहरु कुन कुन हुन?<br>-धुम्रपान, मद्यपान र लागू |

| क्षेत्र | सिकाइ उपलब्धि | सिकाइ सहजिकरण प्रक्रिया | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया |
|---|---|---|---|---|
| | -धुम्रपान, मद्यपान र लागूपदार्थको सेवनका समस्याहरुप्रति सचेत रहन,<br>-लैङ्गिक हिँसा न्यूनिकरणका लागि सहयोग गर्न,<br>-अपहरणजन्य क्रियाकलापहरुप्रति पूर्ण सजग रहन,<br>-ट्राफिक चिन्हको पहिचान र संकेतको अर्थ बताउन,<br>-समाजमा आइपर्ने हरेक खालका दुर्घटना र | लागूपदार्थजन्य वस्तुहरुको नाम भन्न,<br>- धुम्रपान, मद्यपान र लागूपदार्थजन्य वस्तुहरुको सेवनबाट स्वास्थ्यमा पर्ने असरहरु भनिदिने,<br>-समुह बिभाजन गरी धुम्रपान, मद्यपान र लागूपदार्थजन्य बस्तुहरुको सेवनसम्बन्धी चेतनामुलक अभिनय प्रस्तत गर्न निर्देशन दिने र शिक्षकले सहजिकरण गर्ने,<br>-लैङ्गिक हिँसा र यसका नकारात्मक पक्षहरुको बारेमा व्याख्या गरिदिने,<br>-पालैपालो समाजमा हुने गरेका लैङ्गिक हिँसाको बारेमा बताउन लगाउने, शिक्षकले टिपोट गर्दै जाने र अन्तिममा निष्कर्ष तयार गर्न लगाउने,<br>-अपहरणजन्य क्रियाकलाप र यसबाट बच्ने उपायाहरुका सन्दर्भमा सामुहिक छलफल गराउने,<br>-ट्राफिक चिन्ह र तिनिहरुको आसय बताइदिने,<br>-विभिन्न ट्राफिक सङ्केतहरुको चित्र बनाउन लगाउने र तिनिहरुको उपयोगसम्बन्धी छलफल गराउने,<br>-समाजमा आइपर्ने हरेक खाले दुर्घटना तथा प्रकोपहरुको नाम भन्न लगाउने,<br>-समुह बिभाजन गरी भूकम्प, बाढी, पहिरो र चटयाङबाट बच्न अपनाउनुपर्ने क्रियाकलापसम्बन्धी भूमिका प्रदशन गर्न लगाउने र शिक्षकले सहजिकरण गर्ने, | | पदार्थजन्य वस्तुहरुको नाम र तिनिहरुबाट हुने खतराहरु लेख ।<br>- लैङ्गिक हिँसाका नकारात्मक पक्षहरु बताऊ ।<br>-अपहरणबाट बच्न हामीले के के उपायाहरु अवलम्बन गर्न सक्छौं?<br>-प्राकृतिक प्रकोप केलाई भनिन्छ? यसबाट बच्ने कुनै पाँच उपायाहरु बताऊ । |

| क्षेत्र | सिकाइ उपलब्धि | सिकाइ सहजिकरण प्रक्रिया | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया |
|---|---|---|---|---|
| | | | | |
| हाम्रो वातावरण | -व्यक्तिगत तथा वरपरको वातावरण सरसफाइको परिचय दिन र व्यवहरामा प्रदर्शन गर्न,<br>-पानी शुद्ध गर्ने विधिहरु प्रयोग गर्न,<br>-कुहिने, नकुहिने र धातुजन्य फोहरमैला व्यवस्थापन गर्न,<br>-शौचालयको उपयुक्त तरिकाले प्रयोग गर्न,<br>-गाउँटोलमा वृक्षारोपण गर्ने क्रियाकलापमा सरिक हुन,<br>-दूषित पानी र हावाबाट सर्ने रोगहरुको नाम भन्न,<br>-हावापानी परिवर्तनका असरहरूप्रति सचेत रहन,<br>- | -नङ काट्ने , हातमुख धुन, कपाल कोर्न सिकाउने,<br>-हात धुने नियमसम्बन्धी तालिका देखाई अभ्यास गराउने,<br>-पालैपालो व्यक्तिगत सरसफाइको अवलोकन गर्ने-विद्यालय वरपरको वातावरण सरसफाई गर्न निर्देशन दिने,<br>-कुहिने , नकुहिने र धातुजन्य फोहरमैलालाई छुट्टाछुट्टै व्यवस्थापन गर्न लगाउने,<br>-फोहरमैला व्यवस्थापनको महत्व बताउन लगाउने,<br>-बजारमा सामान किन्न जाँदा आफ्नै झोलाको प्रयोग गर्दा हुने फाइदाहरुका बारेमा बताइदिने,<br>-दूषित हावा र दूषित पानीका कारण सर्ने रोगहरुको नाम भन्न लगाउने र शिक्षकले सहजिकरण गर्ने,<br>-पानी शुद्धिकरण तरिकाहरु भनिदिने, विभिन्न तरिकाको अवलम्बन गरी पानी शुद्धिकरण गर्न लगाउने,<br>-शौचालयको सही प्रयोगका सन्दर्भमा सिकाइदिने,<br>-वृक्षारोपणको महत्व बताइदिने, विभिन्न वृक्षहरुको नाम भन्न लगाउने र छुटेका वृक्षहरुको नाम थप गरिदिने,<br>-विद्यालय वृक्षारोपण तथा फूलबारी निर्माण कार्यमा सरिक बनाउने,<br>-हावापानी परिवर्तनका कारण र समस्याहरु बताइदिने, | चित्रहरु, भिडियोहरु र प्रत्यक्ष बस्तुहरु | -नङ काटेर, हातमुख धोएर र कपाल कोरेर देखाऊ ।<br>-सबै चरणहरुको पालना गरी हात धोएर देखाऊ ।<br>-कुहिने, नकुहिने र धातुजन्य फोहरमैलालाई छुट्टाछुट्टै व्यवस्थापन गरेर देखाऊ ।<br>-दूषित हावा र दूषित पानीका कारण सर्ने कुनै पाँच पाँच रोगहरुको नाम बताऊ ।<br>-पानी शुद्धिकरण गर्ने कुनै तीन विधिहरुका नाम भन ।<br>-शौचालय सफा गर्ने तरिका बताउ ।<br>-वृक्षारोपणको महत्व बताऊ । |
| व्यक्तित्व विकास | -घर विद्यालय र समाजमा अनुशासन प्रदर्शन गर्न,<br>-आपसी सरसहयोग | -अनुशासनको महत्व र आवश्यक्ता बताइदिने,<br>-शिष्टाचार र बफादारिताका सम्बन्धमा कुनै पौराणिक कथा | -तालिका, चित्र, पौराणिक कथा रोचक प्रसङ्गहरु | -अनुशासन किन आवश्यक छ?<br>-तिमि शिक्षक तथा मान्यजनप्रति कस्तो व्यवहार |

| क्षेत्र | सिकाइ उपलब्धि | सिकाइ सहजिकरण प्रक्रिया | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया |
|---|---|---|---|---|
| | तथा मेलमिलापपूर्ण व्यवहार प्रदशन गर्न,<br>-समुह तथा समुदायमा छलफलमा भाग लिई तर्कपूर्ण विचार राख्न ,<br>-व्यक्तिगत रुपमा आइपर्ने सामान्य खाले समस्या निराकरण गर्न,<br>-सामुहिक नेतृत्व गर्न,<br>-चेस,लुडो, बाघचाल, डोरी तान्ने जस्ता खेलहरु खेल्न,<br>-अरुका समस्यालाई बोध गरी आवश्यक सहयोग गर्न,<br>-सुक्ष्म व्यायाम ( काँध, गर्धन, र ढाडको कसरत) यौगिक व्यायाम तथा उमेरअनुसारको आसन र ध्यान गर्न | सुनाइदिने,<br>-साथी, शिक्षक तथा मान्यजनहरुलाई गर्नुपर्ने दैनिक व्यवहारका बारेमा अभ्यास गराउने,<br>-आपसी झैझगडा र बैमनस्यले ल्याउने समस्याका बारेमा भन्न लगाउने, शिक्षकले सहजीकरण गर्ने,<br>-आपसी सरसहयोग तथा मेलमिलापपूर्ण व्यवहारका फाइदाहरु भन्न लगाउने र शिक्षकले सहजीकरण गर्ने,<br>-विद्यार्थीलाई समुह विभाजन गरी आपसी र विवादको अभिनय गर्न लगाउने र पालैपालो मध्यस्तता गर्ने अवसर दिने तथा द्वन्द्व व्यवस्थापन गर्न सिकाउने,<br>-सामुहिक नेतृत्व गर्ने अवसर दिने र कुशल नेतृत्वका बारेमा छलफल गराउने,<br>-चेस, लुडो, बाघचाल, डोरी तान्ने जस्ता खेलहरु खेल्न लगाउने,<br>-गोलाप्रथाबाट दुई दुई जना विद्यार्थीहरुक जोडी बनाई साथीहरुका समस्याहरु भन्न लगाउने तथा समस्या समाधानका लागि आफ्नो सहयोग के रहन्छ? भन्न लगाउने,<br>-काँध, गर्धन र ढाडको कसरत गर्न अभ्यास गराउने,<br>-यौगिक व्यायामको अभ्यास गराउने,<br>-योगाभ्यासका लागि आसन र ध्यान गर्न अभ्यास गराउने, | | गर्छौ? अभिनय गरी देखाऊ ।<br>-आपसी झैझगडा र बैमनस्यले ल्याउने कुनै पाँच समस्याहरु बताऊ ।<br>-चेस लुडो बाघचाल र डोरी तान्ने खेल नियमपूर्वक खेलेर देखाऊ ।<br>-तिमिले साथीलाई के के कुरामा सहयोग गर्ने गरेका छौ? भन ।<br>-काँध, गर्धन र ढाडको कसरत गरेर देखाऊ ।<br>-योगका लागि आसन र ध्यान कसरी गर्न सकिन्छ? |
| मौलिक प्रविधि | -समाजमा प्रयोग हुने मौलिक प्रविधिहरुको | -मौलिक प्रविधिको उपयोगिता बताइदिने, | वास्तविक वस्तु, चित्र, स्थानीय विज्ञ | -मौलिक प्रविधिको उपयोगका फाइदाहरु भन । |

| क्षेत्र | सिकाइ उपलब्धि | सिकाइ सहजिकरण प्रक्रिया | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया |
| --- | --- | --- | --- | --- |
| | उपयोगिता बुझ्न र तीनिहरुको संरक्षण गर्न,<br>-स्थानीय प्रविधिहरु( जाँतो कोल ढीकी घट्ट) का उपकरणहरुको नाम र काम बताउन,<br>-दही, मोही, नौनी, घिउ बनाउने तरिका बताउन,<br>-डोको, डालो, मान्द्रो,गुन्द्री, चकटी बनाउने तरिका बताउन तथा सहयोग गर्न, | -स्थानीय रैथाने प्रविधिको संरक्षण गर्ने तरीकाका बारेमा छलफल गराउने,<br>-विद्यालयमा निर्मित प्राङ्गारीक मल डोको नाम्लो प्रयोग गरी बारीमा ओसार्न लगाउने,<br>-डालोको प्रयोग गरी फूल तथा विद्यालयमा उत्पादित वस्तुहरु सङ्कलन गर्न लगाउने,<br>-कोल जाँतो घट्टको उपयोगिता सम्बन्धमा सामुहिक छलफल गर्न लगाउने,<br>-तोरी पेल्ने कोल र अमिला पेल्ने कोलका विचका भिन्नता बताइदिने,<br>-कोलमा तोरी पेल्दा कुन कुन चरणहरु पार गर्नुपर्छ? शिक्षकले सविस्तार बताइदिने,<br>-चुक तथा उखुको खुँदो पकाउने र भण्डारण गर्ने तरीका बताइदिने,<br>-समुह बिभाजन गरी दहि, मोहि, नौनी, घिऊ तयार पार्ने विधिका बारेमा छलफल गराई निष्कर्ष तयार गर्न लगाउने,<br>-समुह बिभाजन गरी डोको, डालो, मान्द्रो, गुन्द्री, चकटी बनाउन आवश्यक सामग्रीहरु भन्न लगाउने,<br>-आमन्त्रित स्थानीय विज्ञ अभिभावकको सहयोगमा विद्यार्थीहरुलाई डोको र डालो बनाउन अभ्यास गराउने, | अभिभावक | -डोको, नाम्लो , डालो आदिको प्रयोग किन गरिन्छ?<br>-कोल, जाँतो, घट्टको काम बताऊ ।<br>-तोरी पेल्ने कोल र चुक पेल्ने कोलबिचका कुनै तिन भिन्नताहरु देखाऊ ।<br>-डोको डालो, मान्द्रो, गुन्द्री चकटी बताउन आवश्यक कच्चा सामग्रीहरुको नाम भन । |
| हाम्रो संस्कृति | -सूर्यगढी गाउँपालिकाभित्रका जातजातीहरुका चाडपर्व, भेषभुषा, रिती, संस्कारको बारेमा परिचित हुन,<br>-चाडपर्व मनाउँदा | -तालिका प्रस्तुत गरी सूर्यगढी गाउँपालिकाभित्रमा बसोबास गर्ने थरहरु बताइदिने,<br>-पालैपालो सूर्यगढी गाउँपालिकाबासीहरुले मनाउने चाडपर्वहरुको नाम भन्न लगाउने, छुटेका चाडपर्वहरु | -स्थानीय विज्ञ , तालिकाहरु, चित्रहरु, भिडियोहरु | -सूर्यगढी गाउँपालिकाभित्र कुन कुन थरका मानिसहरु बस्दछन् ?<br>-सूर्यगढी गाउँपालिकाबासीहरुले मनाउने मुख्य चाडहरु के के हुन, ? |

| क्षेत्र | सिकाइ उपलब्धि | सिकाइ सहजिकरण प्रक्रिया | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया |
|---|---|---|---|---|
| | स्वास्थ्यमा र समाजमा पर्ने नकारात्मक असरप्रति सचेत रहन,<br>-मादल, डम्फू, झुर्मा, मुरली आदि बजाउन,<br>-स्थानीय लोकगीत दुवा, झ्याउरे, सेलो, दोहोरी, भजन, तिज गित) गाउन र नाच्न,<br>-स्थानीय मेला तथा उत्सवहरुमा देखापर्ने राम्रा र नराम्रा पक्ष छुट्याउन,<br>-फेसनमा देखासिकी र भड्किला पक्षलाई निरुत्साहित गर्न,<br>-संस्कृतिलाई अन्धबिस्वास र रुढीबाद बाट अलग गर्न, | शिक्षकले समेटिदिने,<br>-सूर्यगढी गाउँपालिकाबासीहरुका भेषभुषा, रीति, संस्कारहरुका बारेमा सामुहिक छलफल गराउने,<br>-पालैपालो चाडपर्व मनाउँदा स्वास्थ्य र समाजमा पर्ने नकारात्मक असरहरु भन्न लगाउने र शिक्षकले आवश्यक सहजिकरण गर्ने,<br>-स्थानीय विज्ञ अभिभावकको सहयोग लिई मादल , डम्फू, झुर्मा र मुरली बजाउन अभ्यास गराउने,<br>-स्थानीय बिज्ञ अभिभावकको सहयोग लिई स्थानीय नाचहरु तथा गीतहरु नाच्न र गाउँन अभ्यास गराउने,<br>-स्थानीय मेला तथा उत्सवहरुका नाम र मेला तथा उत्सवमा लाग्ने समयावधि बताउन लगाउने,<br>-भड्किला तथा सामाजिक रुपमा अपाच्य फेसनका बारेमा छलफल गराउने,<br>-संस्कृतिलाई अन्धविस्वास र रूढीबादीबाट जोगाउने उपायहरुको खोजी गर्न लगाउने, शिक्षकले सहजीकरण गर्ने, | | -चाडपर्व मनाउँदा गर्न हुने र गर्न नहुने कुनै पाँच पाँच कुराहरु भन ।<br>-मादल, झुर्मा, डम्फू र मुरली बजाएर देखाउ ।<br>-कुनै स्थानीय गीत गाएर देखाऊ । |

कक्षाः६

| क्षेत्र | सिकाइ उपलब्धि | सिकाइ सहजिकरण | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया |
|---|---|---|---|---|
| सूर्यगढीको परिचय | -सूर्यगढी गाउँपालिकाका छिमेकी पालिकाहरुको नाम भन्न,<br>-सूर्यगढी गाउँपालिकाको धरातलिय स्वरुप बताउन,<br>-सूर्यगढी गाउँपालिकाका पाँच ओटा वडाहरुको भौगोलिक अवस्था बताउन,<br>-सूर्यगढी गाउँपालिकाका सरकारी कार्यालयहरु विद्यालयहरुको नाम र अवस्थिति बताउन, | -सूर्यगढी गाउँपलिकाको विशिष्ट पहिचान बताइदिने,<br>-नुवाकोट जिल्लाको नक्सा देखाउँदै सूर्यगढी गाउँपालिकाका छिमेकी पालिकाहरुको नाम बताइदिने,<br>-सूर्यगढी गाउँपालिकाको भौगोलिक सिमाना बताइदिने,<br>-सूर्यगढी गाउँपलिकासँग अन्य छिमेकी पालिकाहरुको सम्बन्ध बताइदिने,<br>-सूर्यगढी गाउँपलिकाको धरातलिय स्वरुपको सम्बन्धमा छलफल गराउने र निष्कर्ष प्रस्तुत गर्न लगाउने,<br>-सूर्यगढी गाउँपालिकाको नक्सा देखाई यस अन्तर्गतका पाँच ओटा वडाहरुको अवस्थिति देखाइदिने,<br>-सूर्यगढी गाउँपालिकाको नक्सा देखाई पाँच ओटा वडाहरु छुट्याउन लगाउने,<br>-सूर्यगढी गाउँपालिकाको नक्साबाट डाँडा, पहाड, ताल , नदि , मुख्य सडक छुट्याउन लगाउने,<br>-सूर्यगढी गाउँपालिकाकाभित्रका सरकारी कार्यालयहरु र विद्यालयहरुको नाम संकलन गर्न लगाउने र शिक्षकले सहजिकरण गर्ने, | सान्दर्भिक चित्रहरु, नक्सा, सुचना प्रविधि, मुद्रित सामग्री, | -सूर्यगढी गाउँपालिकाका सिमानामा पर्ने छिमेकी पालिकाहरुको नाम भन्नोस्<br>-सूर्यगढी गाउँपालिकाको अन्य पालिकासँग के कस्तो सम्बन्ध छ? लेख्नुहोस् ।<br>-सूर्यगढी गाउँपलिकाभित्र पर्ने बेंसी, टार, डाँडा , पहाड, नदी र मुख्य सडकहरुको सुची बनाउ ।<br>-नुवाकोट जिल्लाको नक्सा बनाई यसअन्तर्गतका पाँच ओटा वडाहरु छुट्याउनुहोस् ।<br>-सूर्यगढी गाउँपालिकाभित्रका सरकारी कार्यालयहरु र विद्यालहरुको नामको तालिका तयार गर्नहोस् । |
| स्थानीय पेशा व्यवसाय | -स्थानिय बीउ बिजन भण्डारणका परम्परागत शौलिको पहिचान र अवलम्बन गर्न,<br>-तरकारीका विरुवा उमार्ने, सार्ने, गोड्ने र | -स्थानीय जातका खाद्यबाली र दलहरुको बिऊ भण्डारण गर्ने विधिका सम्बन्धमा विद्यार्थीहरुको अनुभब सुनाउन लगाउने,<br>-स्थानीय बीऊ बिजन भण्डारण | -प्रत्यक्ष वस्तु , चित्रहरु , तालिकाहरु | -स्थानीय बिऊ बिजन भण्डारण गर्ने परम्परागत विधिका बारेमा भन्नुहोस् ।<br>-बिऊ नष्ट गर्ने किराहरुको नाम भन्नुहोस् ।<br>-तरकारीका विरुवा उमार्ने |

| क्षेत्र | सिकाइ उपलब्धि | सिकाइ सहजिकरण | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया |
|---|---|---|---|---|
| | तरकारी टिप्ने तरिका बताउन,<br>-गाउभित्रका व्यापारिक महत्वका स्थलहरुको सूचि तयार गर्न,<br>-गाई , भैंसी, बाख्रा, भेडा, बङ्गुर, कुखुरा पालनबाट प्राप्त हुने चीजहरुका नाम बताउन,<br>-आफ्ना वडाभित्रका नगदेबाली( उखु, अलैची, बेसार, अदुवा) को उत्पादन प्रकियाको बारेमा भन्न, | गर्ने परम्परागत शैलिका बारेमा स्पष्ट पारिदिने।<br>-बिऊ भण्डारण गर्दा बिऊ नष्ट गर्ने किराहरु मार्नका लागि जैविक विधिहरुको प्रयोग गर्ने तरिका सिकाईदिने ,<br>-तरकारीका विरुवा उमार्ने, सार्ने, गोड्ने र तरकारी टिप्ने तरीकाका बारेमा छलफल गराउने तथा प्रयोगात्मक अभ्यास गराउने,<br>-मौसमी तरकारी र बेमौसमी तरकारी खेतीका भिन्नताहरु बताईदिने तथा बेमौसमी तरकारीका नामहरु भन्न लगाउने,<br>-जैविक खेती र रासायनिक खेतीका बिचमा भिन्नता छुट्याउन लगाउने,<br>-गाई भैसी बाख्रा भेडा, बङ्गुर कुखुरा पालनबाट प्राप्त हुने चिजहरुका बारेमा बताइदिने,<br>-आफ्नो वडाभित्र उत्पादन हुने उखु , अलैची, बेसार,अदुवा र टिमुर जस्ता नगदे बालीहरुको उत्पादन प्रक्रियाका बारेमा छलफल गराउने,<br>-सूर्यगढी गाँपालिकाका मुख्य व्यापारिक महत्वका स्थलहरुको सूची तयार पार्न लगाउने र शिक्षकले सहजिकरण गर्ने । | | ,सार्ने, गोड्ने र तरकारी टिप्ने काम गरेर देखाउनुहोस्<br>-मौसमी र बेमौसमी बिचको भिन्नता बताउनुहोस्<br>-गाई, भैंसी ,बाख्रा , भेडा बङ्गुर, कुखरापालनबाट प्राप्त हुने चिजहरुको सूची तयार पार्नुहोस् ।<br>-उखु, अलैची, बेसार , अदुवाको उत्पादन प्रक्रियाका बारेमा छोटकरीमा भन्नुहोस् । |
| पर्यटन विकास | -ऐतिहाँसिक तथा प्राकृतिक पर्यटकिय स्थलहरुको परिचय दिन,<br>-सूर्यगढी डाँडाको ऐतिहासिक महत्व बताउन,<br>-आन्तरिक पर्यटनका | -पर्यटनको परिचय तथा महत्वका बारेमा छलफल गर्न लगाउने,<br>-सूर्यगढी गाउँपालिकाको नक्सा देखाई यस अन्तर्गतका ऐतिहाँसिक र प्राकृतिक सम्पदाहरुको नाम सुनाइदिने,<br>-कुनै पर्यटकिय स्थल भ्रमण | प्रत्यक्ष वस्तु चित्रहरु, तालिकाहरु | -पर्यटन भन्नाले के बुझिन्छ?<br>-आन्तरिक पर्यटन र बाह्य पर्यटन बिच के फरक छ?<br>-सूर्यगढी गाउँपालिकाअन्तर्गत पर्ने ऐतिहाँसिक र प्राकृतिक सम्पदाहरुको नाम भन्नुहोस् ।<br>-सूर्यगढी डाँडाको ऐतिहाँसिक |

| क्षेत्र | सिकाइ उपलब्धि | सिकाइ सहजिकरण | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया |
|---|---|---|---|---|
| | सम्भावना र चुनौतीहरुप्रति सचेत रहन, | गराई छोटो प्रतिवेदन तयार पार्न लगाउने,<br>-सूर्यगढी डाँडाको ऐतिहाँसिक महत्व बताइदिने,<br>-आन्तरिक पर्यटन र बाह्य पर्यटनबिच भिन्नता बताइदिने,<br>-आन्तरिक पर्यटनका सम्भावना र चुनौतीहरुका बारेमा बताइदिने, | | महत्व बताउनुहोस्। |
| नागरीक चेतना | -घरायसी जोखीमहरुबाट जोगिने उपायाहरुको सूची बनाउन,<br>-वडास्तरमा विपद् व्यवस्थापनका लागि गरिएका प्रयासहरु भन्न,<br>-ट्राफिक नियमको आवश्यकता र महत्व बताउन,<br>-स्थानीय सरकारको गठन प्रक्रिया बारे परिचय दिन,<br>-सामाजिक समस्याका रुपमा देखिएका प्रथाहरूप्रति सचेत रही यसको उल्मुलनमा सहयोगी भूमिका खेल्न,<br>-सूर्यगढी सामान्य ऐतिहाँसीकता बताउन | -घरायसी जोखिमको सूची बनाउन लगाउने,<br>-घरायसी जोखिमबाट बच्न उपायहरुको खोजी गर्न लगाउने,<br>-सम्पूर्ण कक्षालाई छ समुहमा विभाजन गरी प्रत्येक समूहलाई क्रमशः आगोले पोल्ने, हतियारले काट्ने, करेन्ट लाग्ने, आगजनी, ग्यास बिस्पोट र घरपालुवा जनावरको हिँसाबाट हने खतराहरुको सूचि तयार पार्न लगाउने,<br>-बिपदको परिचय दिई र यसबाट बच्ने उपायाहरुका बारेमा छलफल गराउने,<br>-आफू बस्ने वडा कार्यालयमा लिने र सो वडामा विपद् व्यवस्थापनका लागि भए गरेका प्रयासहरु टिपोट गर्न लगाउने,<br>-विपद् व्यवस्थापनका लागि गरिने आपतकालिन क्रियाकलापहरुको अभ्यास गराउने,<br>-ट्राफिक नियमको आवश्यकता र महत्वका बारेमा बताइदिने,<br>-ट्राफिक नियमसम्बन्धी लघुनाटक प्रदर्शन गर्न लगाउने, | -प्रत्यक्ष वस्तु चित्रहरु, तालिकाहरु | -घरेलु जोखिम भनेको के हो? यसबाट बच्ने उपायहरू भन्नुहोस् ।<br>-आगोले पोल्नबाट बच्ने उपायहरू के के हुन?<br>-घरपालुवा जनावरले गर्ने हिंसाबाट बच्न के गर्नुपर्छ?<br>-विपद् व्यवस्थापनका लागि गरिने आपतकालिन क्रियाकलापहरु के के हुन ?<br>-ट्राफिक नियमको आवश्यक्ता र महत्व बताउनुहोस् । |

| क्षेत्र | सिकाइ उपलब्धि | सिकाइ सहजिकरण | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया |
|---|---|---|---|---|
| | | -सामाजिक समस्याकारुपमा देखिएका कुप्रथाहरुलाई निराकरण गर्ने उपायहरु खोज्न लगाउने,<br>-सूर्यगढीको सामान्य ऐतिहासिकता बताइदिने, | | |
| हाम्रो वातावरण | -वडाभित्रका सामुदायिक वनको परिचय, महत्व,फाइदा भन्न,<br>-गाउँपालिका क्षेत्रमा खानेपानीका स्रोत, विवरण र पानी शुद्धिकरणका स्थानीय उपायहरु पहिचान गरी अभ्यास गर्न,<br>-घर, विद्यालय र स्थानीय क्षेत्रमा हुनसक्ने फोहोर तथा प्रदूषण न्यूनिकरणका उपायाहरु पहिचान र अवलम्बन गर्न, | -आफु बसेको वडाभित्रका सामुदायिक वनहरुको नाम भन्न लगाउने,<br>-कक्षालाई पाँच समुहमा बिभाजन गरी सो सामुदायिक वनमा पाइने वन्यपैदावरहरुको सूची तयार पार्ने लगाउने,<br>-सामुदायिक बनको महत्व र आवश्यकता सम्बन्धमा सामुहिक छलफल गराउने र निष्कर्ष निकाल्न लगाउने,<br>-गाउँपालिकाभित्रका मुख्य खानेपानीका स्रोतहरु र तिनको वितरणको अवस्था भनिदिने,<br>-पानी शुद्धिकरणका स्थानीय तरिकाहरुका बारेमा पालैपालो भन्न लगाउने, शिक्षकले पानी शुद्धिकरणका वैज्ञानिक विधिहरु बताइदिने,<br>-विभिन्न विधिको प्रयोग समुहगतरुपमा पानी शुद्धिकरण गर्न अभ्यास गराउने,<br>-घर विद्यालय र स्थानीय क्षेत्रमा निस्कने सम्भाब्य फोहरहरुको सूची बनाउन लगाउने,<br>-फोहर व्यवस्थापनका प्रयोगात्मक अभ्यास गराउने,<br>-जल र हावा प्रदूषणका कारणले सर्ने रोगहरुको नाम बताउन,<br>-प्रदूषण न्यूनिकरणका उपायहरु खोजी गर्न लगाउने | -प्रत्यक्ष वस्तु, चित्रहरु,तालिकाहरु, भिडियोहरु | -तपाइको वडाभित्रका मुख्य वनहरुको नाम भन र ती वनहरुमा पाइने मुख्य मुख्य वन्यपैदावरहरुको सूची तयार पारी देखाउनुहोस् ।<br>-सामुदायिक बनबाट हामी के के फाइदा लिन सक्छौं ?<br>-सूर्यगढी गाउँपालिकाका मुख्य खानेपानीका स्रोतहरु कुन कुन हुन?<br>-पानी शुद्धिकरण गर्ने बैज्ञानिक विधिहरुको नाम भन ।<br>-फोहर ब्यवस्थापन कसरी गर्न सकिन्छ? उपायहरु भन्नुहोस् । |
| व्यक्तित्व विकास | -परिवार र समाजको | -मानिसमा हुनपर्ने गुणहरुका | भिडियोहरु, प्रत्यक्ष | -मानिसहरुमा के कस्ता |

| क्षेत्र | सिकाइ उपलब्धि | सिकाइ सहजिकरण | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया |
|---|---|---|---|---|
| | जिम्मेवारी सदस्य हुनका लागि आवश्यक पर्ने आचरणको पहिचान र अभ्यास गर्न,<br>- आफूसँग भएका प्रतिभा र क्षमताको स्वमुल्याङ्कन गर्न,<br>-योग शिक्षाको सामान्य परिचय र महत्व बोध गर्न,<br>-सकारात्मक सोच, उत्तरदायित्व बहन तथा समुन्नत समाज निर्माणमा भूमिका खेल्न | बारेमा छलफल गराउने,<br>-आफ्नो विचार राख्दा ध्यान पुर्याउनुपर्ने कुराहरु पालैपालो भन्न लगाउने, शिक्षकले सहजिकरण गर्ने,<br>-परिवार र समाजमा आफूले गरेका जिम्मेवारीपूर्ण कामहरु के कस्ता छन ? स्मरण गरी टिपोट गर्न लगाउने,<br>-परिवार र समाजको जिम्मेवार सदस्यहुन  अपनाउनुपर्ने भुमिकाका बारेमा सामुहिक छलफल गराउने र शिक्षकले निष्कर्ष सुनाइदिने,<br>-राष्ट्रको कुनै अनुकरणिय व्यक्तित्वले समाजमा गरेका योगदानहरुको चर्चा गरिदिने,<br>-विद्यार्थीहरुलाई आफूसँग भएका प्रतिभा र क्षमताको आत्ममुल्याङ्कन गरी टिपोट गर्न लगाउने र कक्षामा प्रस्तुत गर्न लगाउने,<br>-विद्यार्थीहरुलाई समाज र देशका लागि आफूले गर्न सक्ने योगदानका सम्बन्धमा भावी योजाना बनाउन लगाउने र भन्न लगाउने,<br>-योग शिक्षाको महत्व र आवश्यकता सम्बन्धमा व्याख्या गरिदिने,<br>-पद्मासन, भुजङ्गासन , हलासन आदिको अभ्यास गराउने,<br>-सकारात्मक सोच र नकारात्मक सोच बिच रहेका भिन्नताहरु भन्न लगाउने,<br>-कक्षाकोठामा एक व्यक्ति एक जिम्मेवारी तोकिदिने र उत्तरदायीत्वपूर्ण व्यवहार निर्माणको अभ्यास गराउने, | मानवीय क्रियाकलाप | गुणहरु हुनुपर्दछ?<br>-परिवार र समाजमा तपाइले गरेको जिम्मेवारीपूर्ण कामको बारेमा भन्नुहोस्।<br>-तपाईसँग कस्तो प्रतिभा र क्षमता छन?<br>-योग शिक्षाको कुनै पाँचओटा फाइदाहरु लेख्नुहोस् ।<br>-सकारात्मक सोच र नकारात्मक सोचबिच रहेका मुख्य मुख्य भिन्नताहरु बताउनुहोस् । |

| क्षेत्र | सिकाइ उपलब्धि | सिकाइ सहजिकरण | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया |
|---|---|---|---|---|
| | | | | |
| मौलिक प्रविधि | -स्थानीय परम्परागत हस्तकलाका सामग्री निर्माण गर्न,<br>-घरेलु उद्योगको परिचय दिन,<br>-दहि,मोहि, नौनि, घिउ तयार गर्ने विधिहरू भन्न | -परम्परागत प्रविधिहरू र आधुनिक प्रविधिहरुको बिचमा तुलना गर्न लगाउने,<br>-टपरी, दुना, बोहोता, बत्तीको महत्व बताउन लगाउने,<br>-घरेलु उद्योगबाट निर्मित वस्तुहरुको नाम भन्न लगाउने,<br>-नाम्लो, दाम्लो, पेटारो, कुचो बनाउन उपयोग सम्बन्धमा व्याख्या गर्ने,<br>--नाम्लो, दाम्लो, जाबो, पेटारो,कुचो बनाउन प्रयोग हुने सामग्रीहरुको सूची बनाउन लगाउने,<br>-घरेलु उद्योगको परिचय दिइ यसको महत्वका सम्बन्धमा व्याख्या गरिदिने,<br>-दुधबाट बन्ने परिकारहरुको नाम भन्न लगाउने,<br>-दहि, मोहि,नौनी, घिउ बनाउने अभ्यास गराउने, | भिडियोहरु, प्रत्यक्ष मानविय क्रियाकलापहरु | -परम्परागत प्रविधिहरु के के हुन ? भन ।<br>- घरेलु उद्योग भनेको के हो? यसको महत्व के हो?<br>-कुचो ,दाम्लो , नाम्लो बनाउँदा के के सामग्रीहरुको आवश्यक्ता पर्दछ?<br>-दहिबाट नौनी बनाउने तरीका भन । |
| हाम्रो संस्कृती | -धार्मिक स्थलहरुको परिचय दिन<br>-सामाजिक कुरीति र कुसंस्कार विरुद्व सचेत हुन,<br>-गाउँपालिकाभीत्र बसोबास गर्ने मुख्य जातजातीका बारेमा जानकारी राख्न<br>-गाउँपालिकाभित्रका स्थानीय मेला तथा उत्सवहरुमा देखापर्ने खराव प्रवृतीलाई न्यूनिकरण गर्न सहयोगी बन्न, | -धार्मिक स्थलहरुको परिचय दिई यसको महत्वका बारेमा छलफल गराउने,<br>-सूर्यगढी गाउँपालिकाका सामाजिक मुल्य मान्यताहरुको सूची बनाई यसले समाजमा पारेका प्रभावहरुका बारेमा छलफल गराउने,<br>-सामाजिक कुरीति र कुसंस्कारबाट बच्न अपनाउनुपर्ने व्यवहारका सम्बन्धमा बताइदिने,<br>-समाजमा ब्याप्त कुरीति र कुसंस्कारको सूचि तयार पार्न लगाउने,<br>-सूर्यगढी गाउँपालिकाभित्र | -भिडियोहरु, प्रत्यक्ष मानविय क्रियाकलाप | -धार्मिक स्थल केलाई भनिन्छ?<br>-सूर्यगढी गाउँपालिका बासीहरुले प्रयोग गर्ने पोसाकहरु के के हुन?<br>-सामाजिक कुरीती भनेको के हो?<br>-सामाजिक कुसंस्कारलाई कसरी हटाउन सकिन्छ?<br>-स्थानिय मेला पर्वहरुका नाम हरु भन । |

| क्षेत्र | सिकाइ उपलब्धि | सिकाइ सहजिकरण | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया |
|---|---|---|---|---|
| | | रहेका धार्मीक स्थलहरुको सूचि बनाउन लगाउने,<br>-सूर्यगढी गाउँपालिकाभित्रका मानिसहरुको भेषभुषाहरुको बारेमा छलफल गराउने,<br>-पालिकाभित्र मनाइने मुख्य मुख्य मेलापर्व र उत्सवहरुको सूचि  देखाउने | | |

कक्षाः ७

| क्षेत्र | सिकाइ उपलब्धि | सिकाइ सहजिकरण | शिक्षण सामग्री | मुल्याङ्कन प्रक्रिया |
|---|---|---|---|---|
| सूर्यगढीको परिचय | -सूर्यगढी गाउँपालिकाको भौगोलिक र राजनैतिक नक्सा तयार गर्न,<br>-सूर्यगढी गाउँपालिकाको आर्थिक स्रोतहरु बताउन,<br>-सूर्यगढी गाउँपालिकाका मुख्य सडक , गोरेटो बाटाहरु पहिचान गर्न,<br>-सूर्यगढी गाउँपालिकाका सरकारी तथा गैरसरकारी कार्यालयहरु, विद्यालयहरु, वित्तीय संस्थाहरुको सूची बनाउन,<br>-गाउँ कार्यापालिकाको गठन विधि प्रक्रिया बताउन, | -बागमती प्रदेशको नक्सा बनाउन लगाई सूर्यगढी गाउँपालिकालाई छुट्याउन लगाउने,<br>-सूर्यगढी गाउँपालिकाको भौगोलिक र राजनैतिक नक्सा तयार बनाउन लगाउने,<br>-सूर्यगढी गाउँपालिकाको नक्साभित्र मुख्य व्यापारिक क्षेत्र, धार्मिक स्थल , सूर्यगढी डाँडा आदि छुट्याउन लगाउने,<br>-सूर्यगढीको नक्सा देखाइ यस भित्रका मुख्य सडक बाटोघाटोहरु औल्याइदिने,<br>-सूर्यगढी गाउँपालिकाभित्रका सरकारी तथा गैरसरकारी कार्यालय, विद्यालय र बैँङ्क वित्तीय संस्थाहरुको सूचि पार्न लगाउने र शिक्षकले सहजीकरण गर्ने,<br>-गाउँ कार्यापालिकाको गठन विधि र प्रक्रिया सम्बन्धमा बताइदिने, | -बागमती प्रदेशको नक्सा , सूर्यगढी गाउँपालिकाको नक्सा , भिडियो र बस्तु प्रदर्शन, | -बागमती प्रदेशको नक्सा बनाई सूर्यगढी गाउँपालिकालाई देखाउनुहोस् ।<br>-सूर्यगढी गाउँपालिकाको नक्सा बनाउन लगाउने र बागेश्वरी मन्दिर, सूर्यगढी डाडा देखाउन लगाउने,<br>-सूर्यगढी गाउँपालिकाभित्र पर्ने सरकारी र गैरसरकारी कार्यालयहरु, विद्यालयहरु र बैंक तथा वित्तीय संस्थाहरु देखाउनुहोस् । |
| स्थानीय पेशा व्यवसाय | -स्थानीय कृषि उत्पादन ( बाली प्रशोधन उद्योग, मसला खेती, कृषि उपकरण) विधि जान्न र व्यवहारमा देखाउन,<br>-तरकारीमा लाग्ने रोग तथा किराहरु सामान्य नियन्त्रण गर्न,<br>-पशुपन्छीपालन (भैंसी, गाई, बाखा, भेडा, बङ्गुर, कुखुरा, हाँस) माछापालन, मौरीपालनका बारेमा उल्लेख गर्न, | -खाद्यबाली र नगदेबालीबिचका भिन्नताहरु बताउन लगाउने,<br>- कृषि उत्पादनका बारेमा व्याख्या गर्ने,<br>-बाली प्रशोधन उद्योगको परिचय, महत्व र आवश्यकता बताइदिने,<br>-मसला खेतीको परिचय, महत्व र आवश्यक्ता बताइदिने,<br>-टिमुर, अदुवा, बेसार,मेथीको परिचय र उत्पादन प्रक्रिया बताइदिने,<br>-विद्यालय वा विद्यालयबाहिर टिमुर, अदुवा , ज्वानो,मेथी | -प्रत्यक्ष वस्तु ,चित्र, भिडियो, तालिका आदि | -बाली प्रशोधन उद्योग भन्नाले केलाई बुझिन्छ?<br>-मसला खेतिको आवश्यकता बताउनुहोस् ।<br>-तरकारी बालीमा लाग्ने कुनै पाँच किराहरुको नाम भन्नुहोस् ।<br>-जैविक विधिको उपयोग गरी कसरी किरा नियन्त्रण गर्न सकिन्छ?<br>-भैसी, गाई, बाखा, बङ्गुर, कुखुरापालनबाट हुने कुनै तीन फाइदाहरु बताउनुहोस्।<br>-मौरीपालन र माछापालन |

| क्षेत्र | सिकाइ उपलब्धि | सिकाइ सहजिकरण | शिक्षण सामग्री | मुल्याङ्कन प्रक्रिया |
|---|---|---|---|---|
| | | खेतीको अभ्यास गराउने,<br>-तरकारीमा लाग्ने किराहरुबाट जोगाउने तरीकाहरू बताउने,<br>-जैविक खेतीबाट तरकारीमा लाग्ने किरा नियन्त्रण गर्न विधिका बारेमा बताउने,<br>-भैंसी, गाई, बाख्रा, बङ्गुर, कुखुरा हाँस पालनका फाइदाहरु बताउन,<br>-दुधबाट बन्ने परिकारहरु भन्न लगाउनेहरु, यी परिकारहरु बनाउने तरिकाका बारेमा भन्ने,<br>-माछापालन र  मौरीपालनको परिचय दिने,<br>- माछापालन र मौरीपालनको परिचय दिँदै यसका फाइदाहरुका बारेमा ब्याख्या गराउने, | | किन गरिन्छ? |
| पर्यटन विकास | -आन्तरिक पर्यटनका सम्भावना र चुनौतीहरुप्रति सचेत रहन,<br>-बागेश्वरी मन्दिर, सूर्यगढी डाँडाको परिचय दिन,<br>-सूर्यगढी डाँडाको ऐतिहाँसिक महत्व बताउन,<br>-पर्यटक विकासका सम्भावनाहरु पहिचान गर्न, | -पर्यटनको परिचय दिने,<br>-आन्तरिक र बाह्य पर्यटनबिचको भिन्नता भनिदिने,<br>-आन्तरिक पर्यटन विकासका सम्भावना र यसका चुनौतीहरुका बारेमा सामुहिक छलफल गराउने,<br>-सूर्यगढी डाँडा र बागेश्वरी मन्दिरको ऐतिहाँसिकताको सम्बन्धमा बताइदिने,<br>-सूर्यगढी गाउँपालिकाको नामकरण सम्बन्धमा बताइदिने,<br>-सूर्यगढी गाउँपालिकाका पर्यटन विकासका सम्भावनाहरुको खोजी गर्न लगाउने, | -क्षेत्र भ्रमण, तालिका, पोस्टर, भिडियो, | -आन्तरिक र बाह्य पर्यटनबिचका कुनै पाँच भिन्नता बताउनुहोस् ।<br>-आन्तरिक पर्यटन विकास कसरी गर्न सकिन्छ?<br>-सूर्यगढि गाउँपालिकाको नामाकरण हुनुका कारण बताउनुहोस् । |
| नागरीक चेतना | -स्थानीयस्तरमा हुने विपद् जोखिम न्यूनिकरणका उपायहरु भन्न, | -स्थानीयस्तरमा हुनसक्ने सम्भाव्य विपद् तथा जोखिमहरु सङ्कलन गर्न लगाउने, | क्षेत्रभ्रमण, ट्राफिक संकेत, भिडियो, स्रोत व्यक्ति | -स्थानीयस्तरमा हुनसक्ने विपद् तथा जोखिमहरुको नाम भन्नुहोस ।<br>-प्राकृतिक र मानव सिर्जित |

| क्षेत्र | सिकाइ उपलब्धि | सिकाइ सहजिकरण | शिक्षण सामग्री | मुल्याङ्कन प्रक्रिया |
|---|---|---|---|---|
| | -ट्राफिक सङ्केतहरुको सूची बनाई तीनिहरुको परिचय दिन,<br>-गाउँ सभाको काम कर्तव्य र अधिकारका बारेमा परिचय दिन,<br>-सामाजिक समस्याका रुपमा देखिएका प्रथाहरुप्रती सचेत रही यसको उन्मुलनमा सहयोगी भूमिका खेल्न,<br>-सूर्यगढीको सामान्य ऐतिहाँसिकता बताउन, | -सम्भाव्य विपद् तथा जोखिमलाई न्यूनिकरण गर्न उपायहरु खोजी गर्न लगाउने,<br>-प्राकृतिक र मानव सिर्जित प्रकोपबिच भिन्नता छुट्याउने,<br>-भुकुम्प, बाढी पहिरो, चटयाङ, आगजनीबाट हुने क्षेति न्यूनिकरणका लागि अबलम्बन गर्नुपर्ने उपायाहरु बारे छलफल गराई निष्कर्षमा पुग्न प्रेरित गर्ने,<br>-स्थानीय ट्राफिक प्रहरीको सहयोगमा ट्राफिक संकेतहरुको सूचि तयार गरी तिनिहरुको अर्थ पहिल्याउने,<br>-गाउँ सभाको परिचय दिने,<br>-गाउँ सभाको गठन प्रक्रियाबारे  बताइदिने,<br>-सामाजिक समस्याकारुपमा देखिएका कुप्रथाहरूको सूची तयार पार्न लगाउने र यी निराकरणका उपायहरुको खोजी गर्न लगाउने,<br>-सूर्यगढीको सामान्य ऐतिहाँसिक पक्षको व्याख्या गरिदिने, | | प्रकोपबिचका कुनै पाँच भिन्नता बताउनुहोस् ।<br>-भूकम्प, बाढी , पहिरो, चटयाङ, आगजनीबाट हुने क्षति न्यूनिकरणका लागि अवलम्बन गर्नुपर्ने कुनै पाँच उपायहरु बताउनुहोस।<br>-स्थानीय ट्राफिक नियमको पालना कसरी गर्न सकिन्छ?<br>-गाउँ सभाको गठन कसरी गर्न सकिन्छ?<br>-गाउँ सभाका काम कर्तव्य के के हुन? |
| हाम्रो वातावरण | -घर र विद्यालयमा करेसाबारी र पुष्प बगैचाको निर्माण तथा उत्पादन गर्न,<br>-फोहरमैला निस्कने स्रोतहरु पहिचान गरी त्यसलाई व्यवस्थापन गर्ने सीप प्रदशन गर्न,<br>-आफ्नो वडाभित्रका प्रमुख जलस्रोत तथा बनजङ्गल , जीवजन्तु संरक्षणमा भूमिका खेल्न, | -करेसाबारीको परिचय र यसको उपयोगतिता बारे बताउने,<br>-करेसाबारीमा उत्पादन हुने बालीहरुको नाम भन्न लगाउने,<br>-समुह बिभाजन गरी विद्यालयमा करेसाबारी तयार गर्न लगाउने,<br>-विद्यालयको करेसाबारीमा तरकारी र फुलका बिरुबा रोप्न लगाउने,<br>-करेसाबारीको संरक्षण र उपयोगसम्बन्धि कुनै भिडियो प्रदर्शन गराउने र सोही | -प्रत्यक्ष वस्तु ,भिडियो, फोहरमैला सरसफाई गर्ने सामग्रीहरु , पोस्टर | -करेसाबारी भनेको के हो?<br>-करेसाबरीकमा के के उत्पादन गर्न सकिन्छ?<br>-करेसाबारीको संरक्षण कसरी गर्न सकिन्छ?<br>-फोहरमैला व्यवस्थापनका उपायहरु के के हुन?<br>-विद्यालयको फोहरमैला व्यवस्थापन गरेर देखाउनुहोस् ।<br>-तपाइँको गाउँमा रहेका मुख्य मुख्य बनजङ्गल र जलस्रोतहरुको नाम भन्नुहोस् । |

| क्षेत्र | सिकाइ उपलब्धि | सिकाइ सहजिकरण | शिक्षण सामग्री | मुल्याङ्कन प्रक्रिया |
|---|---|---|---|---|
| | | बमोजिम व्यवहार प्रदर्शन गर्न निर्देशन दिने,<br>-फोहरमैला निस्कने क्षेत्रहरु भन्न लगाउने,<br>-फोहरमैलालाई कुहिने, नकुहिने र धातुजन्यरुपमा वर्गीकरण गर्न लगाउने र व्यवस्थापन गर्ने तरीका बताउने,<br>-फोहरमैला व्यवस्थापनमा प्रत्यक्ष सहभागी बनाउने,<br>-हावा, पानी, दूषित हुनाले सर्ने रोगहरुको नाम, लक्षण र बच्ने उपायाहरु बारे बताउने,<br>-आफ्नो वडाभित्रका प्रमुख जलस्रोत तथा वनजङ्गलहरुको नाम टिपोट गर्न लगाउने,<br>-जलस्रोत र बनजङ्गल संरक्षणका उपायाहरुका सम्बन्धमा लघुनाटक देखाउन लगाउने,<br>-वन्यजन्तु संरक्षणमा मानवीय भूमिका सम्बन्धमा बताइदिने, | | -दूषित हावा र पानीबाट सर्ने कुनै तीन रोगहरुको नाम भन्नुहोस् । |
| व्यक्तित्व विकास | -घर विद्यालयमा हुने सामान्य विवाद र झगडामा मध्यस्थता गर्ने सीपको बिकास गर्ने,<br>-समाजमा नैतिक मुल्य तथा मान्यताहरुको विकास तथा प्रयोगको अवस्था पहिचान गर्ने,<br>-योग तथा प्राणायमको परिचय, महत्व बताउँदै यिनको अभ्यास गर्ने, | -विवाद र झगडा सम्बन्धमा छलफल गराउने र यसका नकारात्मक पक्षहरु टिप्न लगाउने,<br>-विवाद र झगडाको मध्यस्थतता गर्दा ध्यान दिनुपर्ने कुराहरुबारे बुझाइदिने,<br>-समुह विभाजन गरी मध्यस्थतासम्बन्धमा भूमिका प्रदशन गर्न लगाउने,<br>-नैतिक मुल्य र मान्यताको परिचय दिने,<br>-सामाजिक नैतिक मुल्य र मान्यता कायम गर्ने उपायहरुक बारेमा छलफल गराउने, | -नाटक प्रदशन, पोस्टर, भिडियो | -विवाद र झगडाले निम्त्याउने कुनै पाँच नकारात्मक पक्षहरु भन्नुहोस्।<br>-विवाद र झगडामा मध्यस्थता गर्दा ध्यान पुर्याउनुपर्ने कुराहरु बताउनुहोस<br>-नैतिक मुल्य र मान्यता भन्नाले केलाई बुझिन्छ?<br>-तपाई बसेको ठाउँमा विद्यमान नैतिक मुल्य र मान्यताहरु भन्नुहोस् ।<br>-योग र प्राणामयक परिचय र यसको महत्व बताउनुहोस् । |

| क्षेत्र | सिकाइ उपलब्धि | सिकाइ सहजिकरण | शिक्षण सामग्री | मुल्याङ्कन प्रक्रिया |
|---|---|---|---|---|
| | | -विद्यार्थी बसेको समाजमा विद्यमान मुल्य र मान्यताका सन्दर्भमा छलफल गर्न लगाउने,<br>-विद्यालय भित्र र बिद्यालय बाहिर विद्यार्थीहरुले देखाउनुपर्ने असल आचरणका सन्दर्भमा व्याख्या गरिदिने,<br>-योग र प्रणायमको परिचय र महत्व बताइदिने,<br>-कुनै योग गुरुको सहयोगमा बिभिन्न योगाशानको अभ्यास गराउने, | | |
| मौलिक प्रविधि | -स्थानीय परम्परागत हस्तकलाका सामग्री निर्माण गर्न,<br>- गाउँपालिकामा घरेलु उद्योगको सम्भावना खोजी गर्न,<br>-दही, मोही, नौनी, घिउ तयार गर्ने विधिहरु भन्न, | -स्थानीय परम्परागत हस्तकलाको परिचय दिने,<br>-सम्पूर्ण विद्यार्थीहरुलाई चार समुहमा बिभाजन गरी प्रत्येक समुहलाई चकटी , मान्द्रो , गुन्द्री , नाङ्लो बनाउन आवश्यक सामग्रीहरुको नाम बताउन लगाउने,<br>-समुह बिभाजन गरी चकटी, मान्द्रो, गुन्द्री, नाङ्लो निर्माण गर्न लगाउने,<br>-घरेलु उद्योगको परिचय र आवश्यकताबारे छलफल गराउने र शिक्षकले सहजिकरण गर्ने,<br>-सूर्यगढी गाउँपालिकामा घरेलु उद्योगबाट निर्मित सामग्रीहरुको नाम भन्न लगाउने,<br>-वडाअध्यक्ष वा कुनै वडा सदस्यहरुको सहयोग लिई सूर्यगढी गाउँपालिकामा घरेलु उद्योग प्रवद्र्धनका सम्भावनाहरु खोज्न लगाउने,<br>-दहि, मोहि,नौनी, घिउ तयार गर्ने विधि तथा प्रक्रियाहरु भन्न लगाउने, | प्रत्यक्ष घरेलु उद्योगका वस्तुहरु, घरेलु उद्योगका कच्चा पदार्थहरु, भिडियोहरु, | -परम्परगत हस्तकला भनेको के हो?<br>-चकटी, मान्द्रो, गुन्द्री, नाङ्लो बनाउन आवश्यक सामग्रीहरुको नाम भन्नुहोस ।<br>-घरेलु उद्योग भन्नाले के बुझिन्छ?<br>-सूर्यगढी गाउँपालिकामा घरेलु उद्योग प्रवर्धनका कुनै पाँच सम्भावनाहरु बताउनुहोस् ।<br>-दहि, मोहि,नौनी, घिउ तयार गर्ने विधि तथा प्रक्रियाहरु भन्नुहोस् । |

| क्षेत्र | सिकाइ उपलब्धि | सिकाइ सहजिकरण | शिक्षण सामग्री | मुल्याङ्कन प्रक्रिया |
|---|---|---|---|---|
| हाम्रो संस्कृती | -परम्परादेखि चलिआएका सामाजिक तथा साँस्कृतिक मूल्य मान्यतासँग परिचित हुन,<br>-गाउँपालिकाभित्र जातजातीगत संस्कृतीहरु प्रति परिचित हुन,<br>-गाउँपालिकाभित्रका स्थानीय मेला तथा उत्सवहरुमा देखापर्ने खराव प्रवृतिहरुलाई न्यूनिकरण गर्न सहयोगी बन्न,<br>-सूर्यगढी गाउँपालिकाभित्र प्रचलित लोकगीत , लोक नृत्य र लोकबाजाहरुको खोजी गरी संरक्षणमा सहयोग गर्न, | -परम्परा देखि चलिआएका सामाजिक तथा साँस्कृतिक मूल्य र मान्यताहरु बताइदिने,<br>-शिक्षकले सहजिकरणमा सूर्यगढी गाउँपालिकाभित्र बसोबास गर्ने जातजातीहरुको सूची तयार पार्न लगाउने,<br>-सूर्यगढी गाउँपालिकाभित्र लाग्ने महत्वपूर्ण मेला तथा उत्सवहरुको बारेमा छलफल गराउने,<br>-मेला तथा उत्सवहरुमा देखापर्ने असल र खराव प्रवृतिलाई न्यूनिकरण गर्न अवलम्बन गर्न सकिने उपायहरुको खोजी गर्न लगाउने, शिक्षकले सहजीकरण गर्ने,<br>-सूर्यगढी गाउँपालिका भित्र प्रचलित लोक गीत, लोक नृत्य र लोकबाजाहरुको नाम भन्न र यीनीहरुको संरक्षणका उपायाहरु बताउन लगाउने, | -लोकबाजाहरु, चित्रहरु, भिडियोहरु र तालिकाहरु | -सूर्यगढी गाउँपालिकामा परम्परा देखी चलिआएका कुनै पाँचवटा सामाजिक तथा सांस्कृतिक मूल्य र मान्यताहरु भन्नुहोस् ।<br>-सूर्यगढी गाउँपालिका भित्र बसोबास गर्ने जातजातीहरुको सूची तयार पार्नुहोस् ।<br>-स्थानीय मेला र उत्सवहरुमा देखापर्ने खराव प्रवृतिहरुलाई न्यूनिकरण कसरी गर्न सकिन्छ?<br>-सूर्यगढी गाउँपालिकाभित्र प्रचलित कुनै पाँच लोकगीत र लोकनृत्यहरुको नाम बताउनुहोस्। |

कक्षाः ८

| क्षेत्र | सिकाई उपलब्धि | सिकाइ सहजिकरण प्रक्रिया | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया |
|---|---|---|---|---|
| सूर्यगढीको परिचय | -सूर्यगढी गाउँपालिकाको विगत र वर्तमान अवस्थाको जानकारी राख्न,<br>-सूर्यगढी गाउँपालिकाको आर्थिक स्रोतहरुको सम्भावना र चुनौतीहरु बताउन,<br>-सूर्यगढी गाउँपालिकाका ऐन, नियमावलीहरु बनाउन,<br>-गाउँकार्यपालिका, व्यवस्थापिका तथा न्यायिक समितिको काम कर्तव्य र अधिकारको जानकारी लिन,<br>-गाउँसभाको बैठक बस्ने तरिका र काम कर्तव्य र अधिकार भन्न, | -सूर्यगढी गाउँपलिकाको भौगोलिक अवस्थाका बारेमा जानकारी लिने,<br>-सूर्यगढी गाउँपलिकाको विगत अवस्था बताइदिने,<br>-सूर्यगढी गाउँपलिकाका आर्थिक स्रोतहरुका बारेमा छलफल गराउने,<br>-सूर्यगढी गाउँपलिकाको आर्थिक विकासका सम्भावनाहरु र चुनौतीहरु बताइदिने,<br>-सूर्यगढी गाउँपालिकाबाट पारित ऐन , नियमावलीहरुको सूची प्रस्तुत गर्ने,<br>-शिक्षा ऐन तथा नियमावली बारे व्यापक छलफल गरी यसको महत्वकाबारेमा छलफल गर्न,<br>-आफ्नो वडाअध्यक्षको सहयोगमा गाउँकार्यपालिका, व्यवस्थापिका तथा न्यायिक समितिको काम कर्तव्य र अधिकारबारे छलफल गर्न लगाउने,<br>-गाउँ सभाको बैठक बस्ने तरीका र गाउँ सभाको काम कर्तव्य र अधिकार बारे छलफल गराउने, | तालिका चित्र क्षेत्र भ्रमण | -सूर्यगढी गाउँपालिकाको वर्तमान अवस्था बताउनुहोस् ।<br>-सूर्यगढी गाउँपालिकाका मुख्य पाँच आर्थिक स्रोतहरु बताउनुहोस्।<br>-सूर्यगढी गाउँपालिकाबाट पारित कुनै पाँच ऐन, नियमावलीहरुको नाम भन्नुहोस्।<br>-गाउँ सभाको गठन प्रक्रिया, बैठक कार्यविधि बारे उल्लेख गर्नुहोस् । |
| स्थानीय पेशा व्यवसाय | -स्थानीय कृषि उत्पादन विधि जान्न र व्यवहारमा देखाउन,<br>-जडिबुटिहरुको खेती गरी उत्पादन प्रक्रिया शुरुवात गर्न,<br>-स्थानिय बजारमा हुने मुल्य निर्धारण प्रक्रियाको बारेमा जान्न, | -खाद्यबाली र नगदेबालीबिचका भिन्नताहरुका बारेमा छलफल गराउने, शिक्षकले सहजिकरण गर्ने,<br>-स्थानीय कृषि उत्पादनको परिचय र महत्वका बारेमा व्याख्या गर्ने,<br>-बाली प्रशोधन उद्योगको परिचय महत्व र आवश्यक्ता | -तालिका, चित्र, पोस्टर, भिडियो, प्रत्यक्ष वस्तु | -खाद्यबाली र नगदेबालीका बिच कुनै पाँच भिन्नताहरु देखाउनुहोस्।<br>-बाली प्रशोधन उद्योग केलाई भनिन्छ? यसको किन आवश्यकता पर्दछ?<br>-तरकारीमा लाग्ने कुनै पाँच किराहरुको नाम भन्नुहोस्।<br>-जैविक विधिबाट कसरी |

| क्षेत्र | सिकाई उपलब्धि | सिकाइ सहजिकरण प्रक्रिया | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया |
|---|---|---|---|---|
| | -सूर्यगढी गाउँपालिका कृषि आधुनिकीकरणका सम्भावनाहरुको खोजी गर्न,<br>-पशुपन्छी, माछापालनका बारेमा उल्लेख गर्न, | बताइदिने,<br>-मसला खेतीको परिचय , महत्व र आवश्यक्ता बताइदिने,<br>-विद्यालय वा विद्यालय बाहिर अदुवा, मेथी, धनिया आदि खेतिको अभ्यास गराउने,<br>-तरकारीमा लाग्ने किराबाट बचाउने तरीकाबारे बताउने,<br>-जैविक विधिबाट तरकारीमा लाग्ने किरा नियत्रण गर्ने विधिका बारेमा बताउने,<br>-भैसी, गाई, बाखा, बङ्गुर, कुखुरा, हाँस पालनका फाइदाहरु बताउन लगाउने,<br>-दूधबाट बन्ने परिकारहरु भन्न लगाउने , यी परिकारहरु बनाउने तरिकारहरु बारेमा भन्न,<br>-माछापालन र मौरीपालनको परिचय दिने,<br>-माछापालन र मौरीपालनको परिचय दिदै यसका फाइदाहरुका बारेमा छलफल गराउने, | | तरकारीमा लाग्ने किराहरुको नियन्त्रण गर्न सकिन्छ?<br>-भैसी, गाई, बाखा, बङ्गुर, कुखुरा हाँस पालनका फाइदाहरु के के हुन ? |
| पर्यटन विकास | -पर्यटन व्यवसायका सम्भावना र चुनौतिहरुप्रती सचेत रहन,<br>-सूर्यगढी डाँडाको परिचय दिन,<br>-सूर्यगढी गाउँपालिकाभित्रका महत्वपूर्ण पर्यटकिय स्थलहरुको नाम भन्न, | -पर्यटनको परिचय र महत्व बताइदिने,<br>-जिल्ला पर्यटन कार्यालयको भ्रमण गरी सूर्यगढी गाउँपालिकामा आन्तरिक र बाह्य पर्यटनको अवस्थाबारे टिपोट गर्न लगाउने,<br>-आन्तरिक पर्यटन विकासका बारेमा सामुहिक छलफल गराउने,<br>-सूर्यगढीको ऐतिहाँसिकता बारे बताइदिने,<br>-सूर्यगढी गाउँपालिकामा पर्यटन विकासका सम्भावनाहरुको खोजी गर्न | -तालिका चित्र पोस्टर, प्रत्यक्ष वस्तु | -पर्यटनका कुनै पाँच महत्व बताउनुहोस् ।<br>-आन्तरीक पर्यटन र बाह्य पर्यटनबिच भिन्नता देखाउनुहोस् ।<br>-सूर्यगढीको ऐतिहाँसिकताबारे भन्नुहोस्। |

| क्षेत्र | सिकाई उपलब्धि | सिकाइ सहजिकरण प्रक्रिया | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया |
|---|---|---|---|---|
| | | लगाउने, | | |
| नागरीक चेतना | -स्थानीय विपद जोखिम व्यवस्थापन गर्न भूमिका प्रदर्शन गर्न,<br>-प्राकृतिक प्रकोप र मानब निर्मित प्रकोप न्यूनिकरणका उपायहरु बताउन,<br>-बिभिन्न प्रकारका ट्राफिक नियमहरुको व्याख्या गर्न,<br>-गाउँ सभा र गाउँ परिषदबिच भिन्नता छुट्याउन,<br>-लैङ्गिक हिंसाले निम्त्याएका समस्या र समाधानका लागि स्थानीय तहले गरेका गतिविधिहरूबारे जानकारी लिन,<br>-सूर्यगढीको समान्य ऐतिहाँसिकता बताउन, | -समूह गठन गरी समुहगतरुपमा स्थानीय स्तरमा हुन सक्ने सम्भाव्य विपद् तथा जोखिमहरु सङ्कलन गर्न लगाउने,<br>-सम्भाव्य विपद् तथा जोखिमलाई न्यूनिकरण गर्ने उपायहरु खोजी गर्न लगाउने,<br>-प्राकृतिक र मानव निर्मित प्रकोपबिच भिन्नता छुट्याउन लगाउने,<br>-भूकम्प, बाढी, पहिरो, चटयाङ, आगजनीबाट हुने क्षति न्यूनिकरणका लागि अबलम्बन गर्नुपर्ने उपायहरु बारे छलफल गराई निष्कर्षमा पुग्न प्रेरित गर्ने,<br>-स्थानीय ट्राफिक प्रहरीको सहयोगमा ट्राफिक संकेतहरुको सूची तयार गरी तिनीहरुको अर्थ पहिल्याउन लगाउने,<br>-ट्राफिक नियमको पालना सम्बन्धि कविता प्रतियोगिता गराउने,<br>- गाउँ सभा र गाउँ परिषद बिच भिन्नता देखाइदिने,<br>-गाउँ सभाको काम कर्तव्य र अधिकारका बारेमा बताइदिने,<br>-गाउँ सभाको महत्व र आवश्यक्ता बताइदिने,<br>-लैङ्गिक हिंसाको परिचय दिने,<br>-लैङ्गिक हिंसाले निम्त्याएका समस्या र समाधानको लागि वडा कार्यालयले गरेका पहलहरुका बारेमा छलफल गराउने,<br>-सूर्यगढीको सामान्य | तालिका, चित्र, पोस्टर, भिडियो, प्रत्यक्ष वस्तु | -सूर्यगढी गाउँपालिकाभित्र घट्न सक्ने सम्भाव्य विपद तथा जोखिमहरु भन्नुहोस् ।<br>-प्राकृतिक र मानव सिर्जित प्रकोपबिच के भिन्नता रहेको छ? बताउनुहोस्।<br>-भूकम्प, बाढी, पहिरो, चटयाङ, आगजनीबाट हुने क्षति न्यूनिकरणका लागि अवलम्बन गर्नुपर्ने कुनै चार उपायहरु भन्नुहोस् ।<br>-गाउँ सभा र गाउँ परिषदबिच भिन्नता देखाउनुहोस् ।<br>-लैङ्गिक हिंसा कसरी न्यूनिकरण गर्न सकिन्छ? |

| क्षेत्र | सिकाई उपलब्धि | सिकाइ सहजिकरण प्रक्रिया | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया |
|---|---|---|---|---|
| | | ऐतिहाँसिकता बताइदिने, | | |
| हाम्रो वातावरण | -हरित विद्यालय निर्माण कार्यमा सहयोग गर्न,<br>-खाली जग्गा ,वन क्षेत्र, घर र विद्यालयमा वृक्षारोपन गर्न,<br>-गाउँपालिका क्षेत्रमा वातावरण प्रदूषणको न्यूनिकरण र फोहरमैला व्यवस्थापनमा स्थानीय समुदाय, सङ्घसंस्थाहरु र गाउँपालिकाको भूमिका बताउन, | -हरित विद्यालयको परिचय र यसको उपयोगिता बारे बताउन,<br>-हरित विद्यालय निर्माणका लागि अपनाउने उपायहरु बारे छलफल गराउने,<br>-समूह बिभाजन गरी हरित विद्यालय निर्माण कार्यमा सहभागी गराउने,<br>-विद्यालयको खाली जग्गा, वन क्षेत्रमा वृक्षारोपण गर्न लगाउने,<br>-वनजङ्गलको संरक्षण र उपयोगसम्बन्धी कुनै भिडियो प्रदर्शन गराउने र सोही बमोजिम व्यवहार प्रदर्शन गर्न निर्देशन दिने,<br>-फोहरमैला निस्कने क्षेत्रहरु भन्न लगाउने,<br>-फोहरमैलालाई कुहिने , नकुहिने र धातुजन्य रुपमा वर्गीकरण गर्न लगाउने र व्यवस्थापन गर्न लगाउने र व्यवस्थापन गर्ने तरीका बताउन लगाउने,<br>-हावा र पानी दूषित हुनाले सर्ने रोगहरुको नाम , लक्षण र बच्ने उपायहरु बारे बताउने,<br>-आफ्नो वडा भित्रको प्रमुख जलस्रोत तथा वनजङ्गलहरुको नाम टिपोट गर्न लगाउने,<br>-जलस्रोत र वनजङ्गल संरक्षणका उपायहरु सम्बन्धमा लघुनाटक देखाउने,<br>-वातावरण प्रदूषणको न्यूनिकरण र फोहर व्यवस्थापनमा स्थानीय | -प्रत्यक्ष वस्तु, चित्र, तालिका, भिडियो | -हरित विद्यालयको परिचय दिनुहोस्।<br>-उपयुक्त तरिकाले विरूवा रोपेर देखाउनुहोस् ।<br>-फोहरमैला निस्कने क्षेत्रहरु बताउनुहोस्।<br>-फोहर व्यवस्थापन कसरी गर्न सकिन्छ? |

| क्षेत्र | सिकाई उपलब्धि | सिकाइ सहजिकरण प्रक्रिया | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया |
|---|---|---|---|---|
| | | समुदाय, सङ्घसंस्थाहरु तथा गाउँपालिकाको भूमिकाका सन्दर्भमा टिपोट गर्न लगाउने, | | |
| व्यक्तित्व विकास | - जीवनमा असल र सफल बन्ने उपायको खोजी गर्न ,<br>-आत्मविश्वास र निर्णय लिनसक्ने क्षमताको विकास गर्न,<br>-असल स्वभावको प्रयोग गर्दै खुसी र सुखी हुने बानीको अभ्यास गर्न,<br>-योग , ध्यान र व्यायालाई सहज तरीकाले दैनिक जीवनमा प्रयोग गर्न, | -भिडियो प्रदशन गराई जीवनमा असल र सफल बन्ने उपायहरु टिप्न लगाउने,<br>-आत्मविश्वासको महत्व र आवश्यक्ता बताइदिने,<br>-समुह विभाजन गरी समुहगतरुपमा समस्याहरु दिने र पालैपालो नेतृत्व गर्न निर्देशन गर्ने,<br>-नैतिक मुल्य र मान्यता कायम गर्ने उपायहरुको बारेमा छलफल गराउने,<br>-विद्यार्थी बसेको समाजमा विद्यमान मुल्य र मान्यताका सन्दर्भमा छलफल गर्न लगाउने,<br>-सुखी र खुसी जीवन निर्माण गर्ने तरिकाका सन्दर्भमा छलफल गराउने,<br>-विद्यालयभित्र र विद्यालयबाहिर विद्यार्थीले देखाउनुपर्ने असल आचरणका बारेमा व्याख्या गरिदिने,<br>-योग र प्रणायामको परिचय र महत्व बताइदिने,<br>-कुनै योग गुरूको सहयोगमा विभिन्न योगासानहरु नियमपूर्वक गर्न लगाउने, | -पोस्टर, चित्र, तालिका, भिडियो, प्रत्यक्ष वस्तु | -जीवनमा असल र सफल हुने कुनै पाँच उपायहरु भन्नुहोस ।<br>-नेतृत्व कसरी गर्नुपर्छ?<br>-नियमपूर्वक विभिन्न योगासान गरेर देखाउ । |
| मौलिक प्रविधि | -स्थानीय परम्परागत हस्तकलाका सामग्री निर्माण गर्न,<br>-आरन र कलको परिचय दिन,<br>-घरेलु उद्योगका फाइदाहरु र उपयोगिताहरु बताउन,<br>-ठेकी, भुड्को, मदानी, | -स्थानीय परम्परागत हस्तकलाको परिचय दिने,<br>-सम्पूर्ण विद्यार्थीहरुलाई चार समूहमा विभाजन गरी प्रत्येक समूहलाई गमला, घैंटो र मादल बनाउन आवश्यक सामग्रीहरुको नाम बताउन लगाउने,<br>-गमला बनाउन अभ्यास | तालिका, चित्र, पोस्टर, भिडियो, प्रत्यक्ष वस्तु | -स्थानीय परम्परागत हस्तकलाबाट निर्माण हुने कुनै पाँच वस्तुहरुको नाम भन्नुहोस् ।<br>-गमला, घैंटो र मादल बनाउँदा उपयोग हुने सामग्रीहरुको नाम बताउनुहोस ।<br>-आरन र कलको उपयोग |

| क्षेत्र | सिकाई उपलब्धि | सिकाइ सहजिकरण प्रक्रिया | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया |
|---|---|---|---|---|
| | र नेतीबिचमको सम्बन्ध देखाउन , | गराउने,<br>-आरन र कलको परिचय, कार्य र महत्व बताइदिने,<br>-घरेलु उद्योगको परिचय र आवश्यक्ताबारे छलफल गराउने र शिक्षकले सहजीकरण गर्ने,<br>-सूर्यगढी गाउँपालिकामा घरेलु उद्योगबाट निर्मित सामग्रीहरूको नाम भन्न लगाउने,<br>-वडा अध्यक्ष तथा कुनै वडा सदस्यको सहयोग लिई सूर्यगढी गाउँपालिकामा निर्मित घरेलु उद्योग प्रवर्द्धनका सम्भावनाहरु खोज्न लगाउने,<br>-दहि, मोहि, नौनी, घिउ तयार गर्ने विधि तथा प्रक्रियाहरु भन्न लगाउने,<br>-आवश्यक सामग्रीहरु जुटाई दूधबाट दहि, मोहि, नौनी र घिऊ बनाउने अभ्यास गराउने,<br>-ठेकी, मदानी र नेतीबिचको सम्वन्ध बताउन लगाउने, | | के का लागि गरीन्छ? यिनिहरुको संरक्षण कसरी गर्न सकिन्छ?<br>-ठेकी,भुर्को, मदानी, खिरे र नेतीबिच के कस्तो सम्बन्ध रहेको छ? |
| हाम्रो संस्कृति | -हाम्रा सामाजिक समस्या र सामधानका उपायाहरु भन्न र यसको सुधारको आवश्यक्ता देखाउन,<br>-गाउँपालिकाभित्रका जातजाती र तिनका सामाजिक संस्कारप्रति परिचित भई कुसंस्कारहर न्यूनिकरणमा सहयोगी भुमिका खेल्न,<br>-सूर्यगढी गाउँपालिकाभित्र प्रचलित लोकगीत ,लोक नृत्य र लोकबाजाहरुको खोजी गरी संरक्षणमा सहयोग गर्न, | -परम्परादेखि चलिआएका सामाजिक समस्या र समाधानका उपायाहरु बताउने,<br>-शिक्षकको सहजिकरणमा सूर्यगढी गाउँपालिकाभित्र बसोवास गर्ने जातजातीहरु र तिनका संस्कारहरुको सूची तयार पार्न लगाउने,<br>-सूर्यगढी गाउँपालिकाभित्र लाग्ने महत्वपूर्ण मेला तथा उत्सवहरुका बारेमा छलफल गराउने,<br>-शिक्षकको सहजीकरणमा समाजमा प्रचलित कुसंस्कारहरुका बारेमा बताउने, | -तालिका, चित्र, पोस्टर, भिडियो, प्रत्यक्ष वस्तु | -सामाजिक समस्या केलाई भनिन्छ? यसको समाधानका लागि अवलम्वन गर्नपर्ने उपायहरु बताउनुहोस् ।<br>-तपाईको समाजमा बसोबास गर्ने जातजातीहरुका संस्कारहरु बताउनुहोस् ।<br>-सूर्यगढी गाउँपालिकाभित्र प्रचलित लोक बाजाहरु , लोक गीतहरु र लोक नृत्यहरु के कस्ता छन ?<br>-मादल, डम्फू, झुर्मा, मुरली, बाँसुरी बजाउनुहोस् । |

| क्षेत्र | सिकाई उपलब्धि | सिकाइ सहजिकरण प्रक्रिया | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया |
|---|---|---|---|---|
| | | -सूर्यगढी गाउँपालिकाभित्र प्रचलित लोकगीत , लोक नृत्य र लोकबाजाहरुको नाम भन्न र यीनिहरुको संरक्षणका उपायहरु बताउन लगाउने,<br>-स्थानीय अभिभावक र स्रोत व्यक्तिको सहयोग लिई स्थानीय गीत र नाचको अभ्यास गराउने,<br>-मादल , डम्फू, झुर्मा, मुरली, बाँसुरी बजाउन अभ्यास गराउने, | | |

९.सिकाई सहजिकरण प्रक्रिया:

पाठ्यक्रममा निर्धारित विषयवस्तुलाई प्रभावकारी तथा समयानुकूल तवरले शिक्षण गर्नको लागि कक्षा शिक्षकले व्यवहारीक जीवन्त गराउने खालका क्रियाकलापहरु बनाउनु पर्ने हुन्छ।विद्यार्थीहरुलाई बढी भन्दा बढी क्रियासिल बनाई शिक्षकले सहजकर्ताको भूमिका निर्वाह गर्नुपर्ने हुन्छ।सकारात्मक चिन्तन गराउने खालका क्रियाकलापहरु आवश्यक्ता अनुसार बनाउनुपर्ने हुन्छ।प्रश्नोत्तर, छलफल, अवलोकन, खेल विधि, क्षेत्र भ्रमण, अवलोकन विधि, परियोजना कार्य लगायतका शिक्षण विधिको प्रयोगबाट शिक्षण सिकाई क्रियाकलापले शिक्षामा व्यावहारीकपन तथा जीवनउपयोगी सीप आर्जन गर्न मद्दत पुग्नका साथै बालबालिकाको प्रतिभा प्रस्फुटनमा सहयोग मिल्दछ। शिक्षण सिकाइलाई दिगो र प्रभावकारी बनाउनको लागि शैक्षिक सामग्रीको प्रयोग निरन्तर भइरहनुपर्ने कुरामा शिक्षक सजग हुनुपर्दछ ।पाठ्क्रमले निर्दिष्ट गरिएका परम्परागत बाजाहरू प्रत्यक्ष अवलोकन गराउनुका साथै बजाउन लगाउनु पर्ने छ। स्थानीय लोपोन्मुख लोकनृत्य तथा लोकगीतहरू शिक्षकले अधिकतम रुपमा प्रयोगात्मक अभ्यास गराउनु पर्ने छ। यसका लागि स्रोतव्यक्तिहरूको पनि सहयोग लिन सकिने छ। यस पाठ्यक्रमको सफल कार्यान्वयनका लागि विद्यार्थीहरूको उमेर, क्षमता र आवश्यक्तालाई मध्यनजर गरी बाल केन्द्रित शिक्षण विधिको अधिकतम उपयोग गर्नुपर्दछ। शिक्षकले सैद्धान्तिक ज्ञानलाई व्यावहारिक तथा जीवनोपयोगी बनाउने खालले क्रियाकलाप गराउनु पर्दछ।

शिक्षणलाई जीवनोपयोगी र व्यावहारिक बनाउने उद्देश्यले निर्माण गरिएको यस स्थानीय पाठ्यक्रम विभिन्न आठवटा क्षेत्रलाई समेटेर एकीकृत रूपमा तयार गरिएको छ । यसमा उल्लेख गरिएका विषयवस्तुको क्रियाकलाप गराउँदा सबै क्षेत्रलाई उत्तिकै महत्त्व दिनुपर्ने हुन्छ । बालमैत्री तथा अपाङ्गमैत्री कक्षाकोठा व्यवस्थापनका पक्षहरूलाई समेत दृष्टिगत गरी कक्षा शिक्षणलाई प्रभावकारी बनाउने प्रयास गर्नुपर्ने हुन्छ ।विषयवस्तुको अध्ययन गराउँदा ज्ञान, सीप र धारणाको विकास गराउनुपर्नेछ। विषयबस्तुको व्यवहारीक ज्ञान दिनको लागि कक्षा भित्र वा बाहिर आ-आफ्नो स्थान विशेषलाई समान महत्व दिएर सिकाउनु रहेको छ ।स्थानीय पाठ्यक्रमले जस्ताको त्यस्तै कण्ठ गराउने शिक्षण पद्वतिलाई निरूत्साहित गरी सिकारूलाई आ-आफ्नो समुदायमा खोज गरी सिकेका कुराहरुलाई सिर्जनात्मक विश्लेषण गर्ने प्रतिभाको विकास गर्न प्रोत्साहन गरिनु पर्ने हुन्छ ।विद्यार्थीलाई गर र सिक भन्ने धारणाको अभिवृद्धि गराउनु नै यसको मूल लक्ष्य हो। यो विषय अध्यापन गर्दा प्रयोग गर्न सकिने केहि सम्भावित विधिहरु यस प्रकार रहेका छनः

**क) परियोजना विधिः**

तोकिएको काम, तोकिएको समयभित्र, तोकिएका व्यक्तिहरूले कसरी सहजै सम्पन्न गर्न सक्दछन् भन्ने कुरालाई उच्च प्राथमिकता दिएर विद्यार्थीहरूलाई गर्न लगाएर सिकाइन्छ । यसमा मुख्य गरेर काम, समय र व्यक्तिको सङ्ख्यालाई ध्यान दिनु पर्ने छ । परियोजना कार्य विधि अवलम्बन गर्दा विषयवस्तुको प्रकृति, विद्यार्थीको उमेर र सिकाइ स्तर, स्थानीय परिवेश आदिलाई ख्याल गरी परियोजना कार्य दिनु पर्ने छ ।

**(ख) क्षेत्र भ्रमण :** विद्यार्थीहरूले आफ्नो पाठ्यवस्तुसँग सम्बन्धित रहेर कुनै निश्चित क्षेत्रको भ्रमण गरी प्रत्यक्ष रूपमा विषयको अनुसन्धान गर्न लगाउने विधि क्षेत्र भ्रमण हो । यसका निम्नानुसारका हुन्छन् :

पहिलो चरण : गन्तव्यको परिचय

दोस्रो चरण : अवलोकन तथा अन्तरक्रिया

तेस्रो चरण : छलफल

**(ग) अवलोकन विधिः** विद्यार्थीलाई दिएको कार्य , सहभागिता , व्यवहार परिवर्तन आदिको अवलोकन गरी तत्काल सुधारको लागि पृष्ठपोषण समेत दिई अवलोकनका माध्यमबाट सिकाउने गरिन्छ।

**(घ) प्रदर्शन विधिः** शिक्षकले कुनै शैक्षिक सामग्री प्रदर्शन गरेर त्यसको माध्यमबाट विषयवस्तुको केन्द्रमा रहेर विद्यार्थीलाई ज्ञान, सीप र धारणा बनाउन सहयोग गर्ने गरी प्रदर्शन बिधिको प्रयोगबाट सिकाई प्रक्रिया अगाडी बढाइन्छ ।

**ङ) प्रश्नोत्तर विधिः** विषयवस्तुको परिधिभित्र रहेर शिक्षक-विद्यार्थी, विद्यार्थी-शिक्षक, विद्यार्थी-विद्यार्थी, समूहमा प्रश्न गर्ने र उत्तर दिने गरेर सिकाउने गरिन्छ ।

**च) स्वःअध्ययन तथा छलफल विधिः** विभिन्न किसिमका सामग्रीको अध्ययनको माध्यमबाट सिकाइ गर्दा सामग्री छनोट अध्ययन र धारणा वा विचार निर्माण गरिन्छ र विषयवस्तुको प्रकृति र स्थान, स्रोत साधन आदिको आधारमा समुहमा वा व्यक्तिका बिच परस्पर छलफल गर्न लगाई वास्तविक तथ्य सङ्कलन गर्न छलफल विधिको उपयोग गरेर सिकाइन्छ ।

**छ) खोज विधिः** क्रियाकलापलाई प्रभावकारी र दिगो बनाउन विद्यार्थीमा नयाँ नयाँ कुरा खोजी गर्ने,त्यसको व्यक्ति तथा समाजमा परेको वा पार्ने प्रभाव पहिचान गराउने खोज विधि उपयुक्त मानिन्छ ।

**ज) भूमिका निर्वाह वा अभिनय विधिः** चरित्र चित्रण तथा व्यक्तित्वसँग सम्बन्धित सामग्रीलाई तिनीहरूको नक्कल गर्न लगाई विद्यार्थीमा ज्ञान सीप धारणा हासीँल गर्ने गरी अभिनय विधिबाट सिकाइन्छ ।

**(झ) समस्या समाधान विधिः** विद्यार्थीलाई दिइएको कार्य, सहभागिता, व्यवहार परिवर्तन आदिको अवलोकन गरी तत्काल सुधारका लागि पृष्ठपोषण समेत दिई अवलोकनका माध्यमबाट सिकाउने गरिन्छ ।

**(ञ) घटना अध्ययन विधिः** समाजमा घट्ने गरेका घटना र त्यसले व्यक्ति वा समाजलाई पार्ने प्रभावका बारेमा खोजी गर्ने, अध्ययन र निचोडमा पुग्न प्रेरित गर्ने र सोही आधारमा घटनाको व्यवस्थापन गर्न सिकाउनु नै घटना अध्ययन विधि हो ।

**(ट) कथाकथन/वाचन विधिः** कुनै पनि विषयवस्तु वा घटनालाई कथात्मक तरिकाले प्रस्तुत गर्न सिकाउने कला वा विधि नै कथाकथन/वाचन विधि हो । घटनाहरूको तारतम्यता वा कलात्मक प्रस्तुति गराउन वा गर्न लगाउन यो विधि अनिवार्य मानिन्छ ।

**(ठ) प्रविधियुक्त सिकाइ विधि :** मोबाइल, कम्प्युटर, प्रोजेक्टर आदिको उपयोग गरी धारणाहरूको दृश्याङ्कन गर्न यो विधि उपयोगी मानिन्छ ।

**(ड) सिर्जनात्मक कार्यविधि :** यसमा चित्र निर्माण, रङ भर्ने, कागज काट्ने र पट्याउने सम्बन्ध स्थापना जस्ता कार्यहरूद्वारा सिकाइ गर्न सकिन्छ ।

**(ढ) आगमन विधिः** यसमा सूचनाहरूको सङ्कलन, अवलोकन, विश्लेषण, अनुमान पुष्टि तथा प्रक्रियाको प्रयोग गरिन्छ। माथि उल्लेख गरिएका विधिबाहेक केही फरक चिन्तनपरक विधिहरू पनि वर्तमान अवस्थामा व्यवहार र प्रयोगमा आएका छन् । केही त्यस्ता विधिहरू निम्न छन् :

**समालोचनात्मक चिन्तन विधिहरू**

समालोचनात्मक चिन्तन सिप विधि पछिल्लो समयमा विकास गरिएको नवीनतम विधि हो । यस अन्तर्गत विशेष गरेर निम्नलिखित विधिहरू पर्दछन् :

(क) मस्तिष्क मन्थन (Brain storming)

महत्वपूर्ण नयाँ विचार निकाल्न विद्यार्थीहरुलाई सबै किसिमले सबै कुरा सोच्न प्रेरित गर्ने विधि मस्तिष्क मन्थन विधि हो। यो विधि एक्लै, समुहमा, सानो समुहमा सञ्चालन गर्न सकिन्छ। यसका विविध चरणहरु रहेका छन्।

पहिलो चरण : मस्तिष्क मन्थनका वियषमा कक्षामा अवगत गराउने,
दोस्रो चरण : पाठ वा समस्या बुझिने गरी बताउने
तेस्रो चरण : निश्चित समय अवधिभित्र विद्यार्थीहरूलाई सो धारणा बनाउन भन्ने,
चौथो चरण : समस्या समाधानको आफ्नो धारणा अभिव्यक्त गर्न विद्याथालाई अभिप्ररित गर्ने, विचारलाई सम्मान गर्न भन्ने, विचारमा थप कुरा राख्न लगाउने,
पाँचौं चरण : विद्यार्थीका धारणा टिपोट गर्ने,
छैटौं चरण : एकल, जोडी वा समूहमा विचार मन्थन गराउने ।

## १०. विद्यार्थी मूल्याङ्कन प्रक्रिया

(क) सुधारात्मक मूल्याङ्कन पद्धतिको आधारमा सिकाइ उपलब्धि प्राप्त गर्न बालबालिकाहरूलाई पटक पटक सिकाइ अवसर प्रदान गरिने छ।

(ख) कक्षा १-३ को मुल्याङ्ककनमा यसमा व्यवस्था भए बाहेक पाठ्यक्रम विकास केन्द्रद्वारा जारी गरिएको आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रममा आधारित भई गर्नुपर्ने छ।

(ग) कक्षा ४-८ मा ५० प्रतिशत निरन्तर मूल्याङ्कन पद्धतिको आधारमा र ५० प्रतिशत बार्षिक परीक्षा प्रणालीको आधारमा जाँच लिने व्यवस्था मिलाइने छ । विशेष सिकाइ आवश्यक्ता भएका बालबालिकाको लागि उपयुक्त हुने मूल्याङ्कन पद्धतिको छनोट गरी मुल्याङ्कन प्रक्रिया अपनाउनु पर्ने छ ।

(घ) निरन्तर विद्यार्थी मुल्याङ्कन अन्तर्गत प्रयोगात्मक कार्य, कक्षामा विद्यार्थीको सहभागिता, सिकाइ व्यवहारमा आएको परिवर्तन तथा सिर्जनात्मक कार्यहरूलाई आधार बनाइनु पर्दछ ।

### १०.१ कक्षा १-३ विद्यार्थी मूल्याङ्कन प्रक्रिया

कक्षा १-३ मा निश्चित समयावधिमा विद्यार्थीको सिकाइको लेखाजोखा गर्ने नभई निरन्तर, नियमित तथा कक्षा क्रियाकलापको अङ्गका रूपमा प्रयोग गर्नुपर्दछ। कक्षाकोठामा सिकाइ क्रियाकलापको योजना तथा सञ्चालन निर्धारित सिकाइ उपलब्धि तथा तीनको विस्तृतीकरणका आधारमा ती सिकाइ उपलब्धि प्राप्त गर्न सक्ने किसिमले गर्नुपर्दछ। विद्यार्थी मूल्याङ्कनमा पनि ती सिकाइ उपलब्धि विद्यार्थीले के कति गर्न सके भने लेखाजोखा गर्न सकिने प्रक्रिया र साधन प्रयोग गर्नुपर्छ ।यस्तो मुल्याङ्कन सिकाई क्रियाकलाप अभिन्न अङ्गका रूपमा नियमित सञ्चालन गरी विद्यार्थीको सिकाई सुधारको लागि निरन्तर पृष्ठपोषण प्रदान गर्नुपर्छ ।कक्षा १-३ का प्रत्येक विद्यार्थीको कार्यसञ्चियता(portfolio) व्यवस्थित गरी राख्नुपर्दछ ।कार्यसञ्चयिका फाइललाई विद्यार्थीको कक्षा कार्य, परियोजना कार्य उपलब्धि परीक्षा , विद्यार्थीमा आएको व्यावहारीक परिवर्तनको अवलोकन, हाजिरी आदिका माध्यमले अध्यावधिक गर्नुपर्छ । विद्यालयमा पठनपाठन भएका विषयवस्तु र विद्यार्थीको उपलब्धिका बारेमा प्रत्येक महिना वा निश्चित विषयवस्तु वा विषयक्षतेत्रको अध्ययन पुरा गरेपछी अभिभावकलाई जानकारी गराउने व्यवस्था गरी कार्य सञ्चयिकामा त्यसको अभिलेख उल्लेख गर्नुपर्ने छ ।यस तहमा गृहकार्यलाई अनिवार्य नगरी कक्षा कार्यमै बढी जोड दिने भए पनि आवश्यक भए केहि गृहकार्य पनि दिन सकिने छ तर दैनिक र एकै दिन विभिन्न विषय क्षेत्रमा गृहकार्य दिनु भने उपयुक्त हुदैन । विद्यार्थीको मूल्याङ्कनमा यथाशक्य वास्तविक कार्य( Aunthentic Task) समावेश गर्नु उपयुक्त हुने छ। कक्षा १-३ मा विद्यार्थी मूल्याङ्कनको प्रक्रिया सामान्यतः निम्नअनुसार हुने छ।

१. मूल्याङ्कनलाई सिकाई  क्रियाकलापको अभिन्न अङ्गको रुपमा कक्षा क्रियाकलाप सँगै एकिकृत गरी सिकाई सुधारमा निरन्तर प्रयोग गर्नुपर्छ ।
२. सिकाई उपलब्धि र तीनको विस्तृतीकरण तयार गरी सोही अनुसार सम्भाव्य मूल्याङ्कन विधि, प्रक्रिया र साधनको  तयारी गर्नुपर्छ ।
३. दैनिक कक्षा क्रियाकलाप सँगै विद्यार्थीको सिकाईको लेखाजोखा गरी सिकाईमा पछि परेका विद्यार्थीहरुलाई सुधारात्मक सिकाई प्रक्रियाद्वारा निर्धारीत न्यूनतम सिकाई सुनिश्चित गरी सबै विद्यार्थीलाई थप सिकाईका लागि अवसर दिने,
४. विद्यार्थीको सिकाई स्तरको मुल्याङ्कन गर्दा मूलतः विद्यार्थीले विभिन्न सिकाई क्षेत्रमा अपेक्षित सिकाई उपलब्धि हासिल गरे वा नगरेको परीक्षण गर्नुपर्छ ।
५. विद्यार्थीको सिकाईको मूल्याङ्कनमा विषयगत सिकाई क्षेत्रमा अपेक्षित ज्ञान, बुझाई, प्रयोग तथा आवश्यकता अनुसार विश्लेशण, मूल्याङ्कन र सिर्जना लगायतका उच्च क्षमता परीक्षण गर्नका लागी उपयुक्त साधन तथा प्रक्रिया प्रयोग गर्नुपर्छ ।
६. मुल्याङ्कनका क्रममा आवश्यक व्यवहार कुशल सीपमा प्राप्तीमा विद्यार्थीको  हाँसिल गरेका क्षमताको पनि लेखाजोखा गरी आवश्यकता अनुसार सिकाई क्रियाकलापमा सुधार गर्नुपर्छ ।
७. मुल्याङ्कन पश्चात कुनै विद्यार्थीले अपेक्षित नतिजा प्राप्त गर्न नसकेमा सुधारात्मक शिक्षण सिकाईको प्रक्रिया अनुरूप विद्यार्थीको सिकाई सुधार गरी अपेक्षित सिकाई सुनिश्चित गर्नुपर्छ ।पटक पटकको सुधारात्मक शिक्षण सिकाई प्रक्रियाबाट पनि न्यूनतम सिकाई उपलब्धि हाँसिल गर्न नसक्ने विद्यार्थीका उपचारात्मक शिक्षणको प्रवन्ध गर्नुपर्छ ।
८. मुल्याङ्कनको नतिजालाई विषयक्षेत्र तथा सिकाई उपलब्धि अनुसार अभिलेखिकरण गर्नुपर्छ । विद्यार्थीको व्यक्तिगत फाइल खडा गरी मूल्याङ्कनको नतिजाका साथै अन्य सान्दर्भिक विवरण सहितको कार्यसञ्चयिका (Portfilio) व्यवस्थित गरेर राख्नुपर्छ ।
९. मूल्याङ्कन नतिजाको अभिलेखलाई विद्यार्थीको सिकाई अबस्था पहिचान गर्न , भावी सिकाईको योजना निर्माण गर्न र सिकाई उपलब्धिको प्रगतिको अभिलेखका रुपमा विद्यालय, शिक्षक, विद्यार्थी तथा अभिभावकले आवश्यक्ता अनुसार प्रयोग गर्नुपर्छ ।
१०. विद्यार्थीलाई स्वःमूल्याङ्कन तथा प्रतिविम्बन गर्न र सिकाई सुधारको आवश्यक्ता तथा उपाय पहिचान गर्न शिक्षक तथा अभिभावकले प्रेरित गर्नुपर्छ।

१०.२मूल्याङ्कनका तरिका र साधन

परीक्षण गरिने सिकाइ उपलब्धि तथा विषयवस्तुको स्वरूप, विद्यार्थीको उमेर तथा रुचि, उपलब्ध स्रोत तथा साधन, कक्षामा भएका विद्यार्थी सङ्ख्या, शिक्षकको क्षमता तथा रुचि जस्ता पक्ष विचार गरेर मूल्याङ्कनका तरिका र साधनको छनोट तथा विकास गर्नुपर्छ । मूल्याङ्कनका साधनहरूले सिकाइ उपलब्धि अनुसारको सूचक अर्थात् विद्यार्थीको अपेक्षित क्षमता मापन गर्न सक्नुपर्ने भएकाले साधनहरू वैध हुनुपर्छ । मूल्याङ्कनका साधनहरूको अर्को गुण भनेको फरकफरक स्थान तथा व्यक्तिले परीक्षण गर्दा नतिजामा एकरूपता आउनुपर्दछ अर्थात् साधनहरू विश्वसनीय हुनुपर्छ । मूल्याङ्कन साधनहरूको अर्को महत्त्वपूर्ण गुण भनेको विविधताको सम्बोधन गर्न सक्नु हो । यहाँ विविधतालाई मूलतः दुई रूपमा लिन सकिन्छ । पहिलो, विद्यार्थीका विविध क्षमता मापन गर्नसक्ने गरी साधनमा विविधता कायम गर्नु हो भने अर्को एकभन्दा बढी साधन प्रयोग गर्नु वा एकभन्दा बढी साधन विकास गरी विद्यार्थीको रुचि तथा प्राथमिकता अनुरुपको साधन छनोट गरी प्रयोग गर्नु पनि विविधताको सम्बोधन हो ।

मूल्याङ्कनका विभिन्न तरिका तथा साधनहरू हुन्छन्। के कस्ता तरिका तथा साधनहरू प्रभावकारी हुन्छन् भन्ने कुरामा विभिन्न पक्षले प्रभाव पारेका हुन्छन् भन्ने कुरा अघिल्लो अनुच्छेदमा उल्लेख गरिसकिएको छ । त्यसैले यस्तै तरिका तथा साधन मात्र प्रयोग गर्नुपर्छ भन्ने कुरा उपयुक्त नहुने भएकाले मूल्याङ्कनका सम्भाव्य तरिका तथा साधनहरू मात्र यहाँ उल्लेख गरिएको छ। यसको थप विस्तृतीकरण विषयक्षेत्रगत रूपमा अनुसूचीमा समावेश गरिएको छ। शिक्षकले आवश्यकता अनुसारका तरिका तथा साधन छनोट गरी विद्यार्थीको मूल्याङ्कन गर्नुपर्ने हुन्छ । शिक्षण सिकाइका क्रममा विद्यार्थीको नियमित मूल्याङ्कनका लागि प्रयोग गर्न सकिने कार्य तथा साधनहरू निम्नअनुसार छन् :

१. कक्षा सहभागिता : नियमित रूपमा कक्षामा नआउँदा शिक्षण सिकाइ कार्य कमजोर हुने भएकाले नियमित रूपमा हाजिरी र कक्षामा सहभगितामा पनि ध्यान दिनुपर्छ। विद्यार्थीको कक्षा कार्यमा सहभागिताको परीक्षण गर्ने विभिन्न साधनहरू तयार गरी विद्यार्थीको उपलब्धि र सक्षमताको मूल्याङ्कन गर्न सकिन्छ ।
२. लिखित तथा मौखिक कार्य : अध्ययन अध्यापनका क्रममा कुराकानी तथा छलफल लगायत लिखित तथा मौखिक प्रश्नहरू गरेर पनि सिकाइ अवस्थाका बारेमा जानकारी लिन सकिन्छ । कक्षा १– ३ मा छोटा छोटा कक्षा परीक्षा सञ्चालन गरी विद्यार्थीको मूल्याङ्कन गर्न सकिन्छ । यस्ता परीक्षाहरू औपचारिक किसिमका र लामा नभई अनौपचारिक स्वरूपका छोटा हुनु उपयुक्त हुन्छ । विषयवस्तुको स्वरूप तथा परीक्षण गरिने सिकाइ उपलब्धिलाई विचार गरेर लिखित वा मौखिक प्रतिक्रिया प्राप्त हुने परीक्षाहरू सञ्चालन गर्न सकिन्छ । त्यस्तै, कक्षामा गर्न दिएका कार्य नियमित रूपमा सक्रियतापूर्वक गरे नगरेका, यदि गरेको भए सही रूपमा गरे वा नगरेको हेरी विद्यार्थीको मूल्याङ्कन गर्नुपर्छ । विद्यार्थीले सही रूपमा कक्षा कार्य नगरेको भए आवश्यक पृष्ठपोषण दिनुपर्दछ । कक्षामा गर्न नसकिएका कार्यहरू र थप अभ्यास गर्न केही गृहकार्य पनि दिन सकिन्छ । गृहकार्य गराइको मूल्याङ्कन गरी थप पृष्ठपोषण दिन सकिन्छ । तर कक्षा १-३ का विद्यार्थीलाई सामान्यत गृहकार्यको बोझ दिनुहुन्न । विद्यार्थीलाई गृहकार्य कुनै विशिष्ट अवस्थामा न्यून मात्रामा मात्र दिनुपर्छ अर्थात् दैनिक र नियमित गृहकार्य दिनु आवश्यक हुन्न ।
३. परियोजना तथा प्रयोगात्मक कार्य : विद्यार्थीको क्षमता, स्तर र पाठ्यवस्तुसँग मिल्दा परियोजना कार्य गर्न दिनुपर्छ । जस्तै : आफ्नो समुदायमा बोलिने भाषाभाषीको विवरण ल्याउने, समुदायमा बोलिने भाषाको अवस्था पहिचान गर्नुपर्छ । यसमा चरणबद्ध र व्यवस्थित रूपमा पूरा कार्य गरे वा नगरेको अवलोकन तथा अध्ययन गरी आवश्यक भए थप सुझाव दिनुपर्दछ ।
४. अवलोकन : सिकेका कुरा व्यवहारमा प्रयोग गरे वा नगरेको, कार्यसम्पादन गर्न सके वा नसकेको अवलोकन गरी पृष्ठपोषण दिन सकिन्छ ।
५. विद्यार्थीका कार्यको प्रदर्शन : विद्यार्थीले गरेका कार्यहरूको प्रदर्शन गराई उनीहरूको कार्यको मूल्याङ्कन गर्न सकिन्छ । यसमा सिर्जनात्मक कार्य कविता निबन्ध, कथा लेखन, चित्र बनाउने आदिको प्रदर्शन पनि गराउन सकिन्छ ।
६. घटनावृत्त अभिलेख : विद्यार्थीले कुनै घटनामा प्रदर्शन गरेका व्यवहार तथा कार्यको विवरण सङ्कलन तथा व्याख्या गरी विद्यार्थीको मूल्याङ्कन गर्न सकिन्छ ।
७. छोटा परीक्षा : कुनै विषयवस्तुको सिकाइपश्चात् विषयवस्तुको प्रकृतिअनुसार लिखित तथा मौखिक परीक्षाहरू सञ्चालन गर्न सकिन्छ । यस्ता परीक्षाहरू अनौपचारिक रूपमा सञ्चालन गर्नुपर्छ । यस्तो अनौपचारिक रूपमा सञ्चालन गरिने परीक्षाले विद्यार्थीहरूलाई परीक्षाको त्रासबाट मुक्त गर्न सहयोग पुग्नाका साथै सहज ढङ्गबाट सिकाइ मूल्याङ्कन गर्न सकिन्छ ।

८. स्व र सहपाठी मूल्याङ्कन : विद्यार्थीले आफूले केकति सिक्न सकें भनी सिकाइसँग सम्बन्धित विभिन्न कार्य सम्पादन लगायत अन्य माध्यमबाट सिकाइ अवस्थाको मूल्याङ्कन गरी स्वःपृष्ठपोषण प्राप्त गरी सिकाइ सुधारको अवसर सिर्जना गर्न सकिन्छ । विद्यार्थीले आफ्नो सिकाइ तथा कार्यबाट अनुभव तथा सिकाइको प्रत्यावर्तन (reflection) गर्ने विभिन्न नमुनाहरूमा विद्यार्थीलाई प्रत्यावर्तन लेख्न लगाई त्यसका आधारमा विद्यार्थीको मूल्याङ्कन गर्न सकिन्छ । त्यसै गरी कक्षामा सहपाठीहरूले एक अर्काका कार्यको मूल्याङ्कन गर्ने, सँगै बसेर गरिएका कार्यको मूल्याङ्कन गर्ने गरी पृष्ठपोषण प्राप्त गर्ने अवसर प्रदान गर्न सकिन्छ ।

९. अभिभावकको प्रतिक्रिया : विद्यार्थीले कार्यसम्पादन, व्यवहारमा भएको परिवर्तन र विशिष्ट तथा समग्र सिकाइका बारेमा अभिभावकको राय तथा प्रतिक्रियाबाट पनि विद्यार्थीको मूल्याङ्कन गर्न सकिन्छ । यसमा शिक्षक र अभिभावक छलफल गर्ने वा शिक्षक, अभिभावक र विद्यार्थीबिच छलफल गरेर विद्यार्थीलाई आवश्यक पृष्ठपोषण दिन सकिन्छ भने शिक्षकले पनि यसबाट शिक्षण सिकाइ प्रक्रियामा सुधारका लागि आधार पनि प्राप्त हुन सक्छ । विद्यार्थी मूल्याङ्कनका लागि प्रयोग गर्न सकिने उल्लिखित कार्य तथा साधनहरूबाट प्राप्त सूचनाहरूलाई निश्चित स्वरूपमा अभिलेखीकरण गरिनुपर्दछ । कक्षा कार्य, व्यवहार परिवर्तन, सिर्जनात्मक कार्य, कक्षा सहभागिता तथा विद्यार्थीका कार्यको प्रदर्शनको परीक्षणको अभिलेखीकरण शिक्षकको अवलोकनको माध्यमबाट गर्न सकिने भएकाले यसका लागि उपयुक्त अवलोकन फाराम तयार गर्नुपर्दछ । यसका लागि विभिन्न प्रकारका रुजु सूची तयार गरी विद्यार्थी परीक्षण तथा मूल्याङ्कन गरिन्छ । विद्यार्थीका कार्य तथा उपलब्धि सहित उनीहरूका विभिन्न विवरण व्यवस्थित तरिकाले राख्ने गरी कार्यसञ्चयिका (Portfolio) तयार गरी विद्यार्थीको प्रगति के कति मात्रामा र के कसरी भइरहेको छ, के कस्ता सिकाइ कमी कमजोरी रहेका छन् र ती कमीकमजोरीहरू हटाई सिकाइमा सुधार के कसरी गर्ने भन्ने कार्यका लागि यसबाट सहयोग पुग्दछ ।

कक्षा १-३ का विद्यार्थीको मूल्यांकनका लागि प्रयोग गर्न सकिने तरिका तथा साधनहरू निम्नानुसार हुन सक्दछन्

| क.स. | मूल्यांकन तरिका | मूल्यांकन साधन | कैफियत |
|---|---|---|---|
| १ | अवलोकन | रुजु सूची, रुब्रिक्स र श्रेणी मापन, मौखिक प्रश्न, फाराम, घटना वर्णन | |
| २ | मौखिक कार्य | प्रश्न, चित्र, पठन सामग्री, सन्दर्भ, घटना, श्रव्य तथा दृश्य सामग्री | |
| ३ | लिखित कार्य | प्रश्न, चित्र, सन्दर्भ, पठन सामग्री, श्रव्य तथा दृश्य सामग्री | |
| ४ | परियोजना तथा प्रयोगात्मक कार्य | रुजु सूची, रुब्रिक्स र श्रेणी मापन, मौखिक प्रश्न | |
| ५ | कार्य सम्पादन तथा प्रदर्शन | रुजु सूची, रुब्रिक्स र श्रेणी मापन, मौखिक प्रश्न | |
| ६ | सहपाठी मुल्यांकन | रुजु सूची, श्रेणी मापन, फाराम | |
| ७ | स्व मुल्यांकन | रुजु सूची, श्रेणी मापन, फाराम | |
| ८ | अभिभावकको प्रतिक्रिया | रुजु सूची, श्रेणी मापन, फाराम | |
| ९ | कुराकानी, छलफल | रुजु सूची, श्रेणी मापन, फाराम | |

मूल्यांकन गर्ने तरिका

१. प्रत्येक विद्यार्थीले प्रत्येक विषयक्षेत्रका सिकाइ उपलब्धिमा के कति उपलब्धि हासिल गरे भनि मूल्यांकनका उपयुक्त साधन प्रयोग गरी परीक्षण गरेर यकिन गर्नुपर्छ
२. विद्यार्थीको उपलब्धि स्तरलाई तलको तालिकाअनुसार १ देखि ४ स्तरमा रेटिङ गरी विषयक्षेत्र अनुसारको विद्यार्थीकसिकाइ उपलब्धिमा अभिलिखित गर्नुपर्छ।

विद्यार्थी उपलब्धिस्तर र त्यसको सामान्य व्याख्या

| उपलब्धि स्तर | मापन | उपलब्धि स्तर |
|---|---|---|
| कमजोर(below basic) | १ | मुख्य सिकाइ उपलब्धि हासिल गर्न नसकेको, सबैजसो सिकाइ उपलब्धिका लागि सुधारात्मक सिकाइ आवश्यक भएको |
| सामान्य(basic) | २ | मुख्य सिकाइ उपलब्धि आंशिक रुपमा हासिल गरको तर सुधारात्मक सिकाइ आवश्यक भएको |
| राम्रो(proficient) | ३ | मुख्य सिकाइ उपलब्धि हासिल गरेको |
| उच्च( advanced) | ४ | माथिल्लो स्तरको उपलब्धि हासिल गरेको |

विद्यार्थी मुल्यांकनको अभिलेख तथा कार्यसञ्चयिका व्यवस्थापन तथा मुल्यांकन प्रतिशत हिसाब गर्नका लागि शिक्षकले पाठ्यक्रम विकास केन्द्रद्वारा जारी गरिएको आधारभूत तह कक्षा(१-३) को पाठ्यक्रम २०७६ हेरी सोको आधारमा गर्नु पर्दछ।शिक्षकले उल्लेखित सिकाइ उपलब्धिको मापनको लागि उपयुक्त साधन छनौट गर्नु पर्दछ। विद्यार्थीको उपलब्धिस्तर यकिन गरी १, २, ३, वा ४ अंकन गरी निम्न निम्नानुसारको अभिलेखीकरण फाराम बनाइ भर्नुपर्दछ।

अभिलेखीकरण फाराम (शिक्षकले यसको आधारमा सबै सिकाइ उपलब्धिको फाराम बनाइ अभिलेख राखु पर्नेछ।

कक्षा-१ विषयः हाम्रो सूर्यगढ़ी

विद्यार्थीको नाम ........................

| विषयवस्तुको क्षेत्र | मुख्य सिकाइ उपलब्धि | नियमित पढाइ पछिको मूल्यांकन | | | थप सहायता पछिको मूल्यांकन | | | मूल्यांकन गरेको साधन |
|---|---|---|---|---|---|---|---|---|
| | | सके/नसकेको | मिति | अंकन | सके/नसकेको | मिति | अंकन | |
| सूर्यगढीको परिचय | आफ्नो परिवार तथा आफु बसेको गाउँटोलको नाम भन्न | | | | | | | प्रश्नोत्तर |

## १०.२ कक्षा ४-५ विद्यार्थी मूल्याङ्कन प्रक्रिया

विद्यालय तहमा विद्यार्थी उपलब्धि मूल्याङ्कनका लागि निर्माणात्मक मूल्याङ्कन प्रक्रिया अबलम्बन गरी सिकाइ सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गरिनुका साथै मुल्याङ्कन प्रक्रियालाई अबलम्बनगरी विद्यार्थीको सिकाइस्तर निर्धारण गर्नुपर्छ ।

(क) **निर्माणात्मक मूल्याङ्कन**: निर्मानात्मक मूल्याङ्कनको मुख्य उदेश्य विद्यार्थीको सिकाई स्तरमा सुधार गर्नु हो । यसका शिक्षकले विद्यार्थीको व्यक्तिगत सिकाई उपलब्धिका आधारमा पटक पटक सिकाई अवसर प्रदान गर्नुपर्ने हुन्छ । विद्यालय तहको निर्माणात्मक मूल्याङ्कनमा कक्षागत सिकाई सहजीकरणको अभिन्न अङ्गका रुपमा कक्षाकार्य, प्रयोगात्मक तथा परियोजना कार्य ,सामुदायिक कार्य , अतिरिक्त क्रियाकलाप,सिर्जनात्मक कार्य, गृहकार्य, एकाई परीक्षा,मासिक तथा त्रैमासीक परीक्षा जस्ता मूल्याङ्कनका साधनहरुको प्रयोग गर्न सकिने छ ।यस्तो मूल्याङ्कनमा विद्यार्थीको अभिलेख राखी सिकाई अवस्था यकिन गरी सुधारात्मक तथा उपचारात्मक सिकाईबाट सुधार गर्ने पक्षमा जोड दिइने छ । विशेष सिकाई आवश्यक्ता भएका विद्यार्थीका लागि विषय शिक्षकले नै उपयुक्त प्रक्रिया अपनाई मूल्याङ्कन गर्नुपर्ने छ । निर्माणात्मक मूल्याङ्कनका क्रममा प्रामाणिक मूल्याङ्कन र विषयगत रेकर्डलाई उपयोग गर्नुपर्ने हुन्छ ।प्रामाणिक मूल्याङ्कन ( Authentic Assessment) एक औपचारीक मूल्याङ्कन प्रक्रिया भएकाले यसको अबलोकन, रुजुसूचि र कार्यसञ्चयिकालाई समावेश गर्नुपर्ने छ ।विषयगत रेकर्ड ( Anecdotal Record) विद्यार्थीको प्रगतिको बारेमा लिखित तथा रेकर्डमा प्रस्तुत गरिने पृष्ठपोषणमा आधारित हुन्छ ।आमने सामने विधिबाट कक्षा र मूल्याङ्कन सञ्चालन हुन नसक्ने अवस्थामा यस विधिलाई उपयोग गर्नुपर्ने छ । निर्माणात्मक मूल्याङ्कनको नतिजालाई विषयगत पाठ्यक्रममा तोकिएअनुसारको अभिलेखिकरण गर्नुपर्छ ।आन्तरीक मूल्याङ्कनको आधार निम्नअनुसार हुनेछः

| सि.नं. | मूल्याङ्कनका आधार | भार |
|---|---|---|
| १ | सहभागिताः कक्षा सहभागिता र सिकाईमा सक्रियता | ४ |
| २ | प्रयोगात्मक कार्य, परियोजना कार्य वा अन्य कार्यकलाप | ३६ |
| ३ | त्रैमासीक परीक्षा | १० |
| जम्मा | | ५० |

ख) **निर्णयात्मक मूल्याङ्कनः**

निर्माणात्मक मूल्याङ्कनबाट प्राप्त नतिजामा आधारीत आन्तरीक मूल्याङ्कन ५० प्रतिशत भार तथा अन्तिम परीक्षाको नजिजाका आधारमा ५० प्रतिशत भार निर्धारण गरी निर्णयात्मक मूल्याङ्कन गर्नुपर्ने छ ।

**१०.३ कक्षा ६-८ मूल्याङ्कन प्रक्रिया**

**क) आन्तरिक मूल्याङ्कनः**

आन्तरिक मूल्याङ्कनको मुख्य उदेश्य विद्यार्थीहरुको सिकाई स्तरमा सुधार गर्नु हो । यसको लागि शिक्षकले विद्यार्थीको व्यक्तिगत सिकाई उपलब्धिका आधारमा पटक पटक सिकाई अवसर प्रदान गर्नुपर्ने हुन्छ । विद्यालय तहको आन्तरिक मूल्याङ्कनमा कक्षागत सिकाई सहजीकरणको अभिन्न अङ्गका रुपमा गृहकार्य, कक्षा कार्य, प्रयोगात्मक कार्य तथा परियोजना कार्य , सामुदायिक कार्य, अतिरीक्त क्रियाकलाप, एकाई परीक्षा, मासिक तथा त्रैमासिक परीक्षा जस्ता मूल्याङ्कनका साधनहरुको प्रयोग गर्न सकिने छ । यस्तो मूल्याङ्कनमा विद्यार्थीको अभिलेख राखी सिकाई अवस्था यकिन गरी सुधारात्मक तथा उपचारात्मक सिकाईबाट सुधार गर्ने पक्षमा जोड दिइने छ ।विशेष सिकाई अवस्था भएका विद्यार्थीकालागि विषय शिक्षकले नै उपयुक्त प्रक्रिया अपनाई मूल्याङ्कन गर्नुपर्ने छ । आन्तरिक मूल्याङ्कनको नतिजालाई विषयगत पाठ्यक्रममा तोकिएअनुसार अभिलेखिकरण गर्नुपर्ने छ ।यस मूल्यांकनको आधार पनि कक्षा ४-५ कै हुने छ।

**ख) निर्णयात्मक मूल्याङ्कनः** आधारभूत तह ( ६-८) मा निम्नानुसार निर्णयात्मक मूल्याङ्कन गर्नुपर्ने छ ।

अ) आन्तरिक मूल्याङ्कनबाट प्राप्त नतिजामा आधारित आन्तरिक मूल्याङ्कन ५० प्रतिशत भार तथा अन्तिम परीक्षाको नतिजाका आधारमा ५० प्रतिशत भार निर्धारण गरी निर्णयात्मक मूल्याङ्कन गर्नुपर्ने छ ।

आ) निर्णयात्मक मूल्याङ्कनका अन्य आधार विषयगत पाठ्यक्रममा तोकिएअनुसार हुने छन् ।

इ) परीक्षामा अपाङ्गता भएका तथा विशेष सिकाई आवश्यक्ता भएका विद्यार्थीहरुलाई केही खास खास विषयहरुमा अरु साधारण विद्यार्थीहरुलाई दिइने प्रश्नभन्दा अलग प्रश्न बनाई मूल्याङ्कन गर्नुपर्ने छ ।विशेष आवश्यक्ता भएका विद्यार्थीका लागि परीक्षाको समय थप गर्न सकिने छ । विद्यार्थी मूल्याङ्कन गर्दा शिक्षकले अपाङ्गता भएका र विशेष सिकाई आवश्यकता भएका विद्यार्थीहरुका लागि उपयुक्त हुने मूल्याङ्कन प्रक्रिया अपनाउनुपर्ने छ ।

## विशिष्टीकरण तालिका

कक्षाः ४-८ विषयः हाम्रो सूर्यगढी पूर्णाङ्कः ५० समयः १ घण्टा ३० मिनेट

| प्रश्न योजना तथा अङ्कभार वितरण | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| एकाई | क्षेत्र | पाठ्य घण्टा | पूर्णाङ्क | ज्ञान | | | बोध | | | प्रयोग | | | उच्च दक्षता | | | जम्मा प्रश्न संख्या | | | जम्मा अंक भार | | | जम्मा अंक |
| | | | | अति छोटो | छोटो | लामो | अति छोटो | छोटो | लामो | अति छोटो | छोटो | लामो | अति छोटो | छोटो | लामो | अति छोटो | छोटो | लामो | अति छोटो | छोटो | लामो | |
| १ | सूर्यगढीको परिचय | 16 | 4 | 1 | | | 1 | | | | 1 | | | | | 2 | 1 | | 2 | 2 | | 4 |
| २ | स्थानीय व्यवसाय | 27 | 7 | | | | 1 | | 1 | | 1 | | | | | 1 | 1 | 1 | 1 | 2 | 4 | 7 |
| ३ | पर्यटन विकास | 11 | 3 | 1 | 1 | | | | | | | | | | | 1 | 1 | | 1 | 2 | | 3 |
| ४ | नागरीक चेतना | 17 | 7 | 1 | | | | 1 | | | | | | | 1 | 1 | 1 | | 1 | 2 | 4 | 7 |
| ५ | हाम्रो वातावरण | 10 | 7 | | | | 1 | 1 | 1 | | | | | | | 1 | 1 | 1 | 1 | 2 | 4 | 7 |
| ६ | व्यक्तित्व विकास | 14 | 7 | 1 | | | | 1 | | | | १ | | | | 1 | 1 | 1 | 1 | 2 | 4 | 7 |
| ७ | मौलिक प्रविधि | 13 | 5 | 1 | | | | | | | | | | | 1 | 1 | | 1 | 1 | | 4 | 5 |
| ८ | हाम्रो संस्कृति | 20 | 10 | 1 | | | 1 | | 1 | | 1 | | | 1 | | 2 | 2 | 1 | 2 | 4 | 4 | 10 |
| जम्मा | | 128 | 50 | 6 | 1 | | 4 | 3 | 3 | | 3 | 1 | | 1 | 2 | 10 | 8 | 6 | 10 | 16 | 24 | 50 |

- प्रश्न निर्माण गर्दा निम्न तहका प्रश्न ( ज्ञान, बोध र प्रयोग) तथा उच्च तहका प्रश्न ( विश्लेषण, मूल्याङ्कन र सिर्जना) सबै तहका प्रश्नहरु र सबै एकाईको पाठ्यघण्टालाई ध्यानमा राखेर प्रश्न बनाउनुपर्ने छ ।
- अतिछोटो प्रश्न १ अङ्क, छोटो प्रश्न २ अङ्क र लामो प्रश्न ४ अङ्कका दरले सोध्नुपर्ने छ ।

## सन्दर्भ सूची

नेपाल सरकार, कानुन , न्याय तथा संसदीय मन्त्रालय(२०७२) , नेपालको संबिधान ।

नेपाल सरकार , शिक्षा मन्त्रालय, पाठ्यक्र विकास केन्द्र (२०६७). स्थानीय पाठ्यक्रम स्रोत तथा प्रशिक्षण सामग्री ।

नेपाल सरकार, शिक्षा मन्त्रालय, शैक्षिक जनशक्ति विकास केन्द्र(२०७०).स्थानीय पाठ्यक्रम विकास, तालिम मोड्युल ।

नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र (२०७६). आधारभूत तह( कक्षा १-३) को पाठ्यक्रम ।

नेपाल सरकार ,शिक्षा , विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र(२०७८). आधारभूत शिक्षा पाठ्यक्रम( कक्षा ६-८)

नेपाल सरकार ,शिक्षा , विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र(२०७८). आधारभूत शिक्षा पाठ्यक्रम( कक्षा ४-५)

नेपाल सरकार ,शिक्षा , विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र(२०७६). विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप ।

नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालाय( २०७४) . स्थानीय सरकार ऐन ।